साप्ताहिक



मध्यपृष्ठमा
हङकङकी एजिला



# कठिन चुनौतीका उपलब्धिहरू

● राजु घिसिङ

अधिकांश खेलाडीले डाइट त के राम्रो खान र बस्नसम्म पाएनन्। इन्डोर गेम पनि दिउँसोको रापिलो घाममा (टुँडिखेलमा) खेल्नुपऱ्यो। आफ्ना लागि छुट्याइएका विभिन्न सुविधा खेलाडीले मुस्किलले समापनसम्म हात पारे। यस्तै समस्याले खेलाडीलाई पिरोले पनि छोटो तयारी र कमजोर व्यवस्थापनमा दस वर्षपछि सञ्चालित पाचौं राष्ट्रिय खेलकुद सम्पन्न भएको छ। कसले हाऱ्यो, कसले जित्यो भन्दा पनि लामो समयपछिको आयोजनाले नेपाली खेलकुदको महाकुम्भलाई उपलब्धिपूर्ण मान्नुपर्छ। 'सेना-माओवादी' विवादले एक साता लामो प्रतियोगितामा राष्ट्रिय खेलकुद परिषद्ले चर्को आलोचना झेलेर पनि आयोजनालाई सफल तुल्यायो।

विस्तृत जानकारी पृष्ठ २२ र २३ मा

उद्घाटन र समापन समारोहलाई भव्य रूप दिइएको राष्ट्रिय खेलकदको छैटौं संस्करण २०६७ को फागुन महिनामा सञ्चालन गर्ने युवा तथा खेलकुद मन्त्रीको घोषणाले नेपाली खेलकर्मीमा आशाको किरण छरेको छ। यसअघि २०३८ सालमा प्रारम्भ भएर पनि प्रत्येक दुई वर्षमा गर्ने भनिएको राष्ट्रिय खेलकुद चारपल्ट मात्रै सम्भव भएको थियो। आर्थिक समस्या एवं राजनैतिक खिचातानीले २७ वर्षको अवधिमा यसले निरन्तरता पाउन सकेको थिएन। जिल्ला, क्षेत्र हुँदै केन्द्रीय स्तरमा सञ्चालित राष्ट्रिय खेलकुदले फागुन र चैतमा देशभरि खेल महोत्सवकै रूप लिएको थियो। दसौं हजार खेलाडीको सहभागिताले दुर्गम गाउँदेखि आधुनिक सहरसम्मलाई खेलकुदमय बनायो। देशको पुनर्संरचनाको महत्त्वपूर्ण घडीमा नेपाली राजनीति पनि खेलकुदमै केन्द्रित रह्यो, तर यो खेल-राजनीतिले घरेलु खेलकुदको इतिहासमा राजनैतिक हस्तक्षेपको कहिल्यै नमेटिने चोट पुऱ्याएको छ। टाई-सिट तय भैसकेको स्थितिमा माओवादी सेनाको सहभागिताले सम्पूर्ण प्रतियोगितालाई नै अस्तव्यस्त पारेको थियो। यद्यपि खुशीको कुरा के हो भने जनयुद्धमा बन्दुक पड्काएका कठोर हातहरू यसपालि पदक जित्ने अभियानमा जुटे। परिवर्तित खेलतालिका अस्वीकार गरेर ६ खेल वहिष्कार गरेको नेपाली सेनालाई माओवादी लडाकुले चुनौती दिने अवसर पाएनन्। कुनै बेला युद्धभूमिमा दुस्मन रहेका पुलिस र सशस्त्र प्रहरीका खेलाडीसँग भने माओवादी मैदानमा फेरि भिडे, तर आफैं पराजित भए। खेलकुदमा कमजोर देखिएको माओवादीले कुनै पनि स्पर्धामा स्वर्ण पदक जित्न सकेन। उसले १ रजत र ४ कांस्यमै चित्त बुझायो। सुरक्षाकर्मी र माओवादीबीचको खेलले दर्शकलाई थप रोमाञ्चित तुल्याएको थियो।

नयाँ प्रतिभा उत्पादनको स्रोत नै राष्ट्रिय खेलकुद हो। पाँचौं राष्ट्रिय खेलकुदले पनि केही उदीयमान खेल प्रतिभा प्रस्फुटन गरेको छ। सुविधायुक्त क्षेत्रका खेलाडीसामु कठिन प्रतिस्पर्धीका रूपमा जुम्लाकी १४

पृष्ठ २२ मा जारी



# कला : थोरै नवीनता धेरै परम्परागत

नेपालमा केही समययता कलाले प्रगति गर्न सकेको छैन । वर्ष २०६५ मा पनि कलाकारहरूले परम्परा निर्वाह गर्ने काम मात्र गरे । सरकारले प्रज्ञा-प्रतिष्ठानलाई तीन भागमा विभाजन गर्नु गत वर्षको महत्त्वपूर्ण घटना थियो । सरकारले प्रज्ञा-प्रतिष्ठानलाई ललितकला, नाट्य संगीत तथा भाषा-साहित्य गरी तीन भागमा विभाजन गऱ्यो । यसले ललित कलाको विकासमा महत्त्वपूर्ण योगदान गर्ने विश्वास गरिएको छ । यस अर्थमा २०६५ कलाकारिताको दृष्टिले शुभ सङ्केतका रूपमा देखिएको छ । चित्रकला प्रदर्शनी बाक्लो हुनु तथा स्थापित कलाकारहरूले नै कलाकारिता धान्नु वर्ष २०६५ को विशेषता हो । 'देशले आर्थिक रूपमा प्रगति नगरी कलाकारिताको विस्तार हुन नसक्ने रहेछ ।' कलाकार तथा कलाविश्लेषक मुकेश मल्लले साप्ताहिकसँग भने, 'गएको वर्ष पनि कलामा आहा भन्न सक्ने अवस्था रहेन ।'

वर्ष २०६५ मा पुराना कलाकार नै सक्रिय रहे । तीमध्ये शशी शाह, किरण मानन्धर, वत्सगोपाल वैद्य, कृष्ण मानन्धर, शंकरराज सिंह सुवाल, विजय थापा, रागिनी उपाध्याय, दिलबहादुर चित्रकार, सम्झना राजभण्डारी, प्रमिला बज्राचार्य, सुनिल सिग्देल, सागर मानन्धर, एरिना ताम्राकार, प्रदीपकुमार बज्राचार्य, मदन चित्रकार सक्रिय रहे । ललितकला संस्था नाफा, नक्साल आर्ट काउन्सिल बबरमहल, आर्ट सप दरबारमार्ग तथा सिद्धार्थ आर्ट ग्यालेरी बबरमहल वर्षका सबैभन्दा बढी चित्रकला प्रदर्शनी गर्ने संस्था बने । यी सबैले महिनाको एउटा कला प्रदर्शनी गरेको देखिन्छ ।

गएको वर्ष सबैभन्दा बढी चर्चा किरण मानन्धरले बटुले । उनले २ सय ३ फिट अग्लो धरहराको टुप्पोमा बसेर १ सय १० मिटरको क्यान्भासमा चित्र कोरेर नयाँ काम गरे । यसले कलाक्षेत्रमा तरंग ल्यायो । वैशाख १३ गते बिहान सूर्योदयसँगै प्रारम्भ भएको उनको चित्र-यात्रा सूर्यास्तसम्ममा पूरा भयो । त्यसको शीर्षक थियो- नयाँ नेपाल । यसलाई गिनिज बुक अफ वर्ल्ड रेकर्डमा पठाउने निर्णय गरिएपछि यसले राम्रै चर्चा पायो ।

जङ्गल चहारेर चराहरूको खोजी गर्ने र तिनै चरालाई कलामा उतार्ने हेम पौडेलको चरा कलाप्रदर्शनीले पनि राम्रै चर्चा बटुल्यो । चरा संरक्षणमै जीवन बिताउने निधो गरेका पौडेलले यसअघि पनि छवटा यस्तै प्रदर्शनी गरेका थिए । चरासम्बन्धी जनचेतना जगाउने उद्देश्यले कला प्रदर्शनी गरेका हेमले वन तथा चरासँग सरोकार राख्ने सबैलाई प्रदर्शनीमा बोलाएका थिए ।

कोसीपीडितको सहयोगार्थ दर्जनौं कलाकारले गरेको संयुक्त कला प्रदर्शनी पनि गत वर्षको चर्चित कला प्रदर्शनी रह्यो । नेपालमा नाम चलेका धेरैजसो कलाकारले कोरेका उक्त चित्रकला प्रदर्शनीमा विविधता थियो भने त्यसको बिक्रीबाट जम्मा गरिएको पैसा कोसीपीडितलाई पठाइएको थियो । यो चित्रकला प्रदर्शनीको थप विशेषता नाटकको मञ्चन पनि थियो । चित्रकला प्रदर्शन हेरेपछि केही युवा नाटककारहरूले त्यसलाई रंगमञ्चमा ढालेका थिए ।

जया शर्माको डिजिटल आर्ट गत वर्ष बढी चर्चा पाएको कला हो । कलाकार शर्माले पहिलो पटक डिजिटल आर्टलाई नेपाल भित्राएको दावी गरेकी छिन् ।

# साहित्य : चर्चाको साँघुरो घेरा

गएको वर्ष नेपाली आख्यानले कुनै ठोस प्रगति गर्न सकेन । २०६४ को अन्त्यमा छापिएको जगदीश घिमिरेको चर्चित उपन्यास 'अन्तर्मनको यात्रा' नै २०६५ को सबैभन्दा बढी बिक्री हुने पुस्तकमा दरियो । यो कृतिले गत वर्षको मदन पुरस्कार मात्र प्राप्त गरेन, पत्रपत्रिकामा सबैभन्दा बढी स्थान पनि पायो । यद्यपि २०६५ मा छापिएका उपन्यासमध्ये युवराज संग्रौलाको 'शिशिरमा फूलेको गुराँस' ले राम्रै चर्चा पायो । यसै वर्षको अन्त्यमा प्रकाशित आख्यान कृतिमध्ये कृष्ण अविरलको 'जल्लादको मन' बढी विवादपूर्ण रह्यो । एक जना माओवादी कमिसारले आफूले विगतमा गरेका विभिन्न हत्याकै कारण माओवादी सरकारमा पुगेको स्मरण गर्नु यो उपन्यासको विशेषता हो ।

यस वर्ष गैरआख्यान विषयका केही महत्त्वपूर्ण पुस्तक पनि देखा परे । त्यसमध्ये 'मधेस विद्रोहको विश्लेषण' प्रमुख थियो । भास्कर गौतमद्वारा लिखित उक्त पुस्तकमा मधेस विद्रोहको पृष्ठभूमि, निर्वाचनमा मधेसी जनअधिकार फोरमले सफलता पाउनुका कारण तथा मूलधारका राजनैतिक दललाई दिइएको सुझाव निकै महत्त्वपूर्ण थियो । साहित्यिक विश्लेषणका पुस्तकमध्ये गत वर्ष 'उत्तरआधुनिक विश्लेषण' तथा 'उत्तरआधुनिक जिज्ञासा' पुस्तकले बौद्धिक वर्गमा चर्चा पाए । यी दुवै पुस्तक नेपाली भाषाका चर्चित विद्वान् गोविन्दराज भट्टराई तथा कृष्ण गौतमले लेखेका हुन् । यी दुई कृतिले नेपालमा रहेका उत्तरआधुनिकतासम्बन्धी कौतूहल एवं विवादलाई समाधान गर्ने प्रयास गरेका छन् ।

### वर्षका चर्चित दश पुस्तक

| | |
|---|---|
| शिशिरमा फूलेको गुँरास | (उपन्यास) |
| माइक्रोसफ्टदेखि बाहुनडाँडासम्म | (संस्मरण) |
| प्रचण्ड : एक अज्ञात विद्रोही | (जीवनी) |
| मधेस विद्रोहको विश्लेषण | (विश्लेषण) |
| खोज | (संस्मरण ) |
| जल्लादको मन | (उपन्यास) |
| उत्तरआधुनिक जिज्ञासा | (विश्लेषण) |
| जासुसीको जालो | (विश्लेषण) |
| प्रोफेसर शर्माको डायरी | (कविता) |
| गुडबाई छोडिजानेलाई | (संस्मरण) |

गत वर्षको अनुवाद पुस्तकमध्ये जोन उडद्वारा लिखित 'माइक्रोसफ्टदेखि बाहुनडाँडासम्म' बढी चर्चित रह्यो । खगेन्द्र संग्रौलाद्वारा अनुदित उक्त पुस्तकमा सुविधासम्पन्न जागिर खाइरहेको एउटा युवक नेपाल भ्रमणपछि कसरी परिवर्तन हुन्छ भन्ने कुरा विश्लेषण गरिएको छ । नेपालको गरिबी देखेर पग्लिएका जोन उडले अन्ततः नेपालमा पुस्तकालय एवं विद्यालय बनाउन थालेको कथा निकै रोमाञ्चक छ । पत्रकारिता शैलीमा लेखिएको 'जासुसीको जालो' अर्को उल्लेख्य पुस्तक हो । सरोजराज अधिकारीद्वारा लिखित जासुसीको जालो पुस्तकले नेपाल लामो समयदेखि कसरी जासुसहरूको खेल मैदान बनेको छ भन्ने कुरा रमाइलो ढंगले प्रस्तुत गरिएको छ ।

गत वर्ष चर्चा पाएको पुस्तक प्रचण्ड : एक अज्ञात विद्रोही पनि हो । भारतीय पत्रकार अनिर्वन रोयद्वारा लिखित तथा नेपालीमा अनुदित उक्त पुस्तकले राम्रो चर्चा पाएको थियो । पर्यटन व्यवसायी कर्ण शाक्यको दोस्रो नेपाली पुस्तक 'खोज' ले पनि यस वर्ष चर्चा पायो । 'सोच' उनको पहिलो नेपाली पुस्तक हो । खोजले केही गर्ने चाहना बोकेका युवालाई नयाँ मार्गदर्शन गरेको छ ।

# रङ्गमञ्च :परम्परा पछ्याउने काम मात्रै

**घिमिरे युवराज**

वर्ष २०६५ भरि नेपाली रङ्गमञ्चमा प्रशस्त काम भए । देशकै बेथितिका बारेमा धेरै नाटक बने । गत वर्ष नेपाली रङ्गमञ्चमा तीन किसिमले गौरव गर्न लायक काम भए । पहिलो, नेपालमा तीनवटा नाटक महोत्सव सम्पन्न भए । दोस्रो, नेपाली नाटकहरू विभिन्न देशमा आयोजित अन्तर्राष्ट्रिय महोत्सवमा भाग लिन गए र तेस्रो, राजनैतिक एवं सामाजिक मुद्दाहरूमा गाउँगाउँमा नाटक मञ्चन भए ।

आरोहण गुरुकुलले राजधानीमा आयोजना गरेको काठमाडौं अन्तराष्ट्रिय नाटक महोत्सव २०६५ वर्षको प्रमुख महत्त्वपूर्ण गतिविधि थियो । महोत्सव कात्तिकको अन्तिम सातादेखि मंसिरको दोस्रो सातासम्म १७ दिन चल्यो । भारतका ५, नेपालका ४, अमेरिकाका ३ का साथै बंगलादेश, बेलायत, नर्वे, डेनमार्क र थाइल्यान्डका एक-एकवटा नाटक मञ्चन भए । आठवटा देशका नाटक एउटै थलोमा मञ्चन हुनु विभिन्न पृष्ठभूमिका रङ्गकर्मीहरूबीच अनुभव साटासाट गर्ने सुवर्ण अवसर साबित भयो । आयोजकका तर्फबाट सुनील पोखरेलको निर्देशन रहेका दुईवटा नाटक 'कर्णाली दखिन् बग्दो छ' (आँसु रचनामा आधारित) र 'आरुका फूलका सपना' (लेखक अभि सुवेदी) मञ्चन भए । २०५७ सालमा सिर्जना गरिएको नाटक आरुका फूलका सपना देश-विदेशमा धेरै पटक मञ्चन भैसकेको छ । 'कर्णाली दखिन् बग्दो छ' चाहिँ आरोहण र कर्णाली थिएटरको २०६५ सालकै सिर्जना हो । खगेन्द्र लामिछानेको एकल प्रस्तुति 'हजुरबाको कथा' महोत्सवमा पहिलो पटक प्रस्तुत गरिएको थियो । मिथिला नाट्यकला परिषद्को प्रस्तुति 'ओ खाली मुह देखे छि' पनि पुरानो नाटक थियो । बंगलादेशको भेलुवा सुन्दरी, भारतको नट विनोदिनी, डेनमार्कको हंग्री टाइगर्स र अमेरिकको मिस जुली प्रस्तुतिका कारण निकै चर्चामा रहे ।

गत पुसमा संज्ञा र शिल्पी थिएटरले नाचघरमा तीनदिने नाटक महोत्सव सम्पन्न गरे । डा. शिव रिजाल र घिमिरे युवराजको निर्देशनमा नाटक 'चिरिएका साँझहरू'(अभि सुवेदी) महोत्सवकै लागि तयार पारिएको प्रस्तुति थियो । पहिले पनि मञ्चन भैसकेका वीरेन्द्र हमालद्वारा निर्देशित नाटकहरू 'खुसीको मृत्यु' (इब्सनका कविताका आधारित) र 'समय शरीर यात्रा' (अभि सुवेदी) उक्त महोत्सवमा पनि मञ्चन गरिए । भारतको एउटा मात्र प्रस्तुति 'मिसिङ पेजेज' सामान्य थियो । मुख्य आकर्षण थियो नाट्य गोष्ठी । नेपाल र भारतका विद्वान्हरूले नाटक र संस्कृतिसँग सम्बन्धित कार्यपत्र प्रस्तुत गरेका थिए ।

नाचघरले माघमा आयोजना गरेको मध्यमाञ्चल नाटक महोत्सवमा १२ वटा नाटक मञ्चन भए । प्रभाकर शर्माको निर्देशनमा आहाल (नाचघर), प्रशान्त शर्माको प्रेतका पिताहरू, जेबी रुवालीको भोलिको लागि, पारस अग्रजको अब त जाग, दयाहाङ राईको दुवाली, पुष्प आचार्यको अन्तिम लास, किशोर अनुरागको जंग पिल्लर, प्रभाकर न्यौपानेको शैलु, शिव रिजाल र घिमिरे युवराजको चिरिएका साँझ, वीरेन्द्र हमालको माया, श्रीराम दाहालको प्रयोग शालामा मान्छे आदि नाटक मञ्चन भए । यो महोत्सवमा पनि केही पुराना र केही नयाँ नाटक मञ्चन भए ।

स्कुल र कलेजमा पनि विभिन्न नाटक प्रतियोगिता भए । सेन्टजेभियर्स जाउलाखेलले आफ्नै विद्यालय परिसरमा विद्यालय स्तरीय नाटक प्रतियोगिता गऱ्यो जसमा काठमाडौंबाहिर र भित्रका २६ वटा विद्यालयले भाग लिएका थिए ।

पृष्ठ १८ मा जारी



# तपाईंको यो साता



## यो साताको पञ्चाङ्ग

वैशाख ४ गते : भक्तपुर छुमा गणेश जात्रा, ५ गते : भक्तपुर भैरव भद्रकाली जात्रा, ८ गते : एकादशी, ९ गते : पृथ्वीदिवस, ९ गते : विश्व पुस्तक तथा प्रतिलिपि अधिकार दिवस

### मेष

ग्रहगोचर राम्रा छन् । मन प्रसन्न रहला । धार्मिक कार्यमा रुचि बढ्नेछ । भाग्यले पनि साथ दिनेछ । पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ । यात्रा फलदायी हुनेछ । धन आर्जन पनि हुनसक्ला । खर्च, विवाद एवं चिन्ता बढ्ने योग छ । घरेलु समस्याले सताउन सक्छ ।

### मिथुन

मन चिन्तित रहने तथा काममा अवरोध आउने योग छ । कुरा काट्नेहरू सक्रिय रहनेछन् भने घरेलु समस्या बढ्नेछ । विवादको सामना गर्नुपर्ला । बुधबार र बिहीबार मानसम्मान तथा काममा सफलता मिल्ने देखिन्छ भने धन आर्जन हुने योग पनि छ । अध्ययनमा सफलता हात लाग्नेछ ।

### सिंह

कार्य सफल हुनेछ । आय आर्जन गर्ने अवसर जुट्नेछ । व्यवसायबाट लाभ हासिलका साथै यात्रा पनि हुनसक्छ । धार्मिक कार्यमा रुचि बढ्नेछ भने भाग्यले साथ दिनेछ । बुधबार र बिहीबार स्वास्थ्य गडबड रहने, काममा अवरोध आउने तथा चिन्ता बढ्ने योग छ । शत्रु पनि बढ्न सक्छन् ।

### तुला

पराक्रम बढ्नेछ भने अधुरा काम पूरा हुने तथा नयाँ काम पाइने योग छ । शनिबारदेखि मंगलबारसम्म घरेलु समस्याले सताउने, गलत विचार एवं शत्रु बढ्ने तथा काममा अवरोध आउने योग छ । बुधबार र बिहीबार काम बन्ने एवं धन आर्जन गर्ने अवसर जुट्नेछ । अध्ययनमा सफलता मिल्नेछ ।

### धनु

बोल्दा विचार पुऱ्याउनुहोला । आफन्तहरूको भरोसा गर्नु उचित हुँदैन । काममा बाधा-अवरोध खडा हुनसक्छ । कुरा काट्नेहरू सक्रिय रहनेछन् । सोमबार र मंगलबार पराक्रम बढ्ने, अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ । व्यवसाय एवं अध्ययनमा सफलता प्राप्त हुनेछ । धन आर्जन गर्ने अवसर जुट्नेछ ।

### कुम्भ

मन चिन्तित रहनुका साथै काममा अवरोध आउनेछ । खर्च एवं विवाद बढ्ने योग छ । झूटा आरोप पनि लाग्न सक्छ । घरेलु समस्याले सताउनेछ भने विश्वास गरेकाहरूले धोका दिन सक्छन् । सोमबार र मंगलबार मान-सम्मान एवं व्यवसायमा सफलता मिल्नेछ । पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने देखिन्छ ।

### वृष

सुरुमा आलस्यता बढ्नेछ भने काम गर्ने उत्साह देखिनेछैन । मनमा दुविधाले डेरा जमाउनेछ । घरेलु समस्याले सताउन सक्छ । सोमबारदेखि मानसम्मान तथा काममा सफलता मिल्नुका साथै धन आर्जन हुने योग छ । अरूको विश्वास जित्न सकिनेछ । प्रशंसा गर्नेहरू धेरै नै होलान् ।

### कर्कट

यात्रा गर्ने अवसर मिल्नुका साथै भेटघाटमा रमाउन पाइनेछ । पहिलो भेटमै अरूको मन जित्न सफल भइएला । भाग्यले साथ दिनेछ भने धार्मिक कार्यमा रुचि बढ्नेछ । सोमबारदेखि स्वास्थ्य गडबड रहने, काममा अवरोध आउने एवं चिन्ता बढ्ने योग छ । धनमाल हराउन सक्छ ।

### कन्या

सोच्ने शक्तिको कमीले काम गर्ने उत्साह घट्नेछ भने दुविधा बढ्न सक्छ । समयमा निर्णय नहुँदा आफ्नो काममा अरूले अधिकार जमाउन सक्छन् । खर्च पनि बढ्न सक्छ । सोमबारदेखि काममा सफलता मिल्ने तथा धन आर्जन गर्ने अवसर जुट्नेछ । व्यवसाय लाभप्रद रहनेछ । यात्रा पनि हुनसक्छ ।

### वृश्चिक

पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ । व्यवसाय एवं अध्ययनमा सफलता हात लाग्नेछ भने बोलीको प्रभाव बढ्नेछ । सोमबारदेखि घरेलु समस्याले सताउने, काममा अवरोध आउने तथा चिन्ता एवं गलत विचार बढ्ने देखिन्छ ।

### मकर

समष्टिमा समय राम्रो छ । मन प्रसन्न रहनेछ भने भोजभतेरमा सामेल हुने अवसर जुट्नेछ । सजिलै अरूको विश्वास जित्न सकिनेछ । पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ । अध्ययन एवं व्यवसायमा सफलता हात लाग्नेछ । विवादतिर अग्रि नबढ्नुहोला ।

### मीन

आँटेको काममा सफलता मिल्नेछ । धन आर्जन पनि होला । मान-सम्मान पाइनेछ भने अध्ययन एवं व्यवसायमा सफलता प्राप्त हुनेछ । आफन्तहरूको सहयोग मिल्ने तथा भोज-भतेरमा सामेल हुने अवसर जुट्नेछ । सोमबार र मंगलबार खर्च, विवाद एवं चिन्ता बढ्ने योग छ ।

# वर्षका प्रमुख राजनैतिक घटना

• **अश्विनी कोइराला**

गएको वर्ष नेपालको राजनीति उथलपुथलपूर्ण रह्यो। संविधानसभाको निर्वाचनमा नेकपा (माओवादी) ले प्रत्यक्ष निर्वाचनतर्फ बहुमत हासिल गर्नु गएको वर्षको महत्त्वपूर्ण घटना थियो। देशभित्र र बाहिरका विभिन्न विश्लेषकले उक्त दलले तेस्रो स्थानमा चित्त बुझाउनुपर्ने प्रक्षेपण गरिरहेका बेला त्यस्तो परिणाम चर्चाको विषय बन्यो। समानुपातिक निर्वाचनको गणनापछि उक्त दल संसद्‌को सबैभन्दा ठूलो दल मात्र भएन, सरकारको नेतृत्वसमेत गर्न पुग्यो। लोकतन्त्र प्राप्तिपछि बनेको संयुक्त सरकारलाई संविधानसभामा तेस्रो ठूलो दल नेकपा (एमाले) ले साथ दिएपछि सरकारमा कम्युनिस्टहरूको वर्चस्व रह्यो। अर्कातर्फ मधेस आन्दोलनले स्थापित गरेको मधेसी जनअधिकार फोरम पनि सरकारमा सामेल भयो भने यसअघि कहिल्यै नदेखिएका अनुहारहरूले सरकारको महत्त्वपूर्ण पद सम्हाले।

संविधानसभाको निर्वाचनले संसद्‌मा ७५ प्रतिशत नयाँ अनुहार पुर्‍यायो। यसअघि कहिल्यै नपुगेका जनजातिहरू समेत संसद्‌मा पुगे। महिला सांसदको संख्या कुल संख्याको ३३ प्रतिशत पुग्यो। संसद्‌मा यूवाहरूको वर्चस्व रह्यो। माधव नेपाल, बामदेव गौतम, कृष्णप्रसाद सिटौला, सुशील कोइराला, चक्र बाँस्तोला, केपी शर्मा ओली, महेश आचार्य, अर्जुननरसिंह केसी, खुमबहादुर खड्का, सुजाता कोइरालाजस्ता चर्चित व्यक्तिले चुनाव हारे। यसले राष्ट्रिय राजनीतिमा ठूलो तरंग ल्यायो।

**राजतन्त्रको अन्त्य**

संविधानसभाको दोस्रो बैठकले गणतन्त्रको कार्यान्वयन गर्ने निर्णय लिएपछि २ सय ४० वर्ष लामो शाहवंशीय राजतन्त्रको अवशान भयो। गणतन्त्र घोषणाको एक महिनासम्म नारायणहिणीमा चुपचाप बसिरहेका अन्तिम राजा ज्ञानेन्द्रका विषयमा विभिन्न अड्कलबाजी प्रारम्भ भए। यद्यपि लामो मौनता तोड्दै उनले जेठ २९ गते राति साढे आठ बजे आफ्नी श्रीमती कोमलसहित सबैसँग बिदा माग्दै नारायणहिणी दरबार त्याग गरे।

**राष्ट्रपतिको राजनीति**

देशमा गणतन्त्र आएपछि राष्ट्रपतिको निर्वाचन हुनु आवश्यक थियो। संविधानसभाको निर्वाचनले नेकपा (माओवादी) लाई ठूलो दलका रूपमा स्थापित गरेपछि उक्त दलका अध्यक्ष प्रचण्डले आफूलाई नै राष्ट्रपतिका रूपमा उभ्याए भने आफू राष्ट्रपति नभए गिरिजाप्रसाद कोइरालालाई पनि राष्ट्रपति हुन नदिने नीति सार्वजनिक गरे। त्यसलगत्तै माओवादीले मधेसी सभासद्‌को भोट तान्न गणतन्त्रवादी नेता रामराजाप्रसाद सिंहलाई अगाडि सार्‍यो। नेकपा (एमाले) ले नेपाली कांग्रेसलाई साथ दिने निर्णय गर्‍यो भने नेपाली कांग्रेसले राष्ट्रिय एकताका पक्षपाती डा. रामवरण यादवलाई राष्ट्रपतिको उम्मेदवार बनायो। यसरी सोच्दै नसोचेको अवस्थामा डा. रामवरण यादव गणतन्त्र नेपालका प्रथम राष्ट्रपति बन्न पुगे।

**माओवादीभित्रको राजनीति**

माओवादीको नेतृत्वमा सरकार बनेपछि उक्त दलमा ध्रुवीकरण देखियो। माओवादी अध्यक्ष प्रचण्ड तथा अर्का नेता डा. बाबुराम भट्टराईले एउटा नीतिको वकालत गर्न थाले भने अर्को नीतिको वकालत शक्तिशाली नेता मोहन वैद्य 'किरण' ले गरे। यो विवादको मुख्य चुरो लोकतान्त्रिक गणतन्त्रको कार्यदिशालाई निरन्तरता दिने कि परिवर्तन गर्ने भन्ने थियो। अध्यक्ष 'प्रचण्ड' को नेतृत्वमा सरकार गठन हुनेबित्तिकै चुलिएको यो विवाद करिब पाँच महिना चल्यो। यस्तो अवस्थालाई लामो समय राखे पार्टी टुक्रने सम्भावनालाई विचार गर्दै कार्यकर्ता डाकेरै यसको छिनोफानो गर्ने निर्णय गरियो। फलस्वरूप भक्तपुरको खरिपाटीमा बृहत् कार्यकर्ता भेला गरियो। भेलाले प्रचण्डको मतलाई ठीक ठहर्‍याए पनि 'किरण' पक्षको मतले पनि राम्रै स्थान पायो। अन्त्यमा दुवै जनाको विचारलाई लिएर नयाँ प्रस्ताव पेस गरेपछि तत्कालका लागि यो मुद्दा किनारा लागेको छ।

**प्रधानमन्त्रीको विदेश भ्रमण र कूटनैतिक तरंग**

नेपालमा प्रधानमन्त्री भएपछि सामन्यतया भारत जाने चलन छ, तर प्रधानमन्त्री हुनेबित्तिकै ओलम्पिकलाई निहुँ बनाएर पुष्पकमल दाहाल 'प्रचण्ड' चीन पुगे। भारतले औपचारिक प्रतिक्रिया नदिए पनि भारतीय बुद्धिजीवीहरूले यो भ्रमणलाई माओवादीको चिनियाँ झुकावका रूपमा व्याख्या गरे। यो प्रतिक्रिया कतिसम्म तीखो थियो भने चीनबाट फर्किएपछि प्रधानमन्त्रीले चीनको भ्रमणलाई अनौपचारिक भ्रमणको संज्ञा दिँदै औपचारिक भ्रमण भारतकै हुने बताए। फलस्वरूप प्रधानमन्त्री दाहाललाई असोजको पहिलो साता नै दिल्ली भ्रमणको निम्ता आयो। भारतमा दाहालले पत्रकारहरूसँग आफू चीन पक्षधर नभएको पुष्टि गर्न 'जनयुद्ध' कालमा आफू भारतमै रहेको बताए। भारतीय संस्थापन पक्षसँग उनले भारतसँग नेपालको विशेष सम्बन्ध रहेको कुरा दोहोर्‍याए। त्यसैगरी भारतीय जनता पार्टीका नेताहरूसँग आफू हिन्दू धर्मविरोधी नभएको र नहुने वाचा गरे।

**फोरमको राजनीति**

गत वर्ष फोरमको राजनीति पनि चर्चामा रह्यो। पार्टी अध्यक्ष उपेन्द्र यादव कुनै बेला एमाले र त्यसपछि माओवादीसँग नजिक थिए भने अर्का नेता जयप्रकाशप्रसाद गुप्ता नेपाली

पृष्ठ २० मा जारी






● सम्पादकीय ●

# सिकौं पाठ

अन्ततः पाँचौं राष्ट्रिय खेलकुद सम्पन्न भएको छ। हुने-नहुने दुविधा, माओवादी सेनाको प्रवेश र नेपाली सेनाको वहिर्गमनको विवादका बीच सम्पन्न राष्ट्रिय खेलकुदले नेपाली खेलकुदवृत्तलाई नयाँ ऊर्जा दिएको महसुस गरिएको छ। राष्ट्रिय खेलकुद कुनै पनि मुलुकको खेलकुद विकासका लागि अपरिहार्य मानिन्छ। नयाँ प्रतिभाको उदय र स्थापित खेलाडीहरूको विदाइका कारणले पनि राष्ट्रिय खेलकुदको आफ्नै महत्त्व हुन्छ। त्यसबाहेक राष्ट्रिय खेलकुद आयोजना गर्दा सक्रिय हुने खेल पदाधिकारीहरू, प्रशिक्षक तथा व्यवस्थापकहरूले समेत अनुभवबाट खारिने अवसर पाउँछन्। यस्ता अनुभवले मुलुकको खेल क्षेत्रमा व्यवस्थापकीय दक्षता अभिवृद्धि गराउँछ। यी र यस्तै कारणहरूले पाँचौं राष्ट्रिय खेलकुद निश्चित रूपमा नेपाली खेलजगतका लागि एउटा कोशे ढुंगा प्रमाणित भएको छ। कसले जित्यो वा कसले हार्‍यो ? भन्ने भन्दा प्रतिस्पर्धामा खेलाडीहरूबीच एक-अर्काप्रति सम्मान, सद्भाव र मित्रताको जुन भावना पाँचौं राष्ट्रिय खेलकुदमा देखापर्‍यो त्यसले विगत एक दशकदेखि देखापरेको माओवादी जनयुद्ध, जातीय तथा क्षेत्रीय राजनीतिको उत्थानका कारण नेपाली जनतामा रहेको विभाजनका तत्त्वहरूलाई जरैदेखि उखेल्न ठूलो योगदान दिनेछ भन्ने आशा गरिएको छ।

राष्ट्रिय खेलकुद प्रयोगिताको आयोजना आफैमा एउटा ठूलो चुनौती पनि हो। अहिले पाँचौं राष्ट्रिय खेलकुद सम्पन्न भैसकेको परिप्रेक्ष्यमा हामीले त्यस्तो चुनौतीलाई सफलतापूर्वक व्यवस्थापन गरेका छौं, सँगसँगै आगामी दिनहरूमा मुलुकको खेलकुद क्षेत्रलाई कसरी व्यवस्थापन गर्ने, खेलकुदको सर्वा□ीण विकासका लागि के-के गर्न सकिन्छ ? भन्ने संकेतहरू पनि पाँचौं राष्ट्रिय खेलकुदले दिएको छ। विश्व खेलजगतसँग नेपालको तुलना गर्ने हो भने हामी अझ धेरै पछाडि छौं। विश्व खेलजगतसँग सामानान्तर रूपमा प्रतिस्पर्धा गर्न नेपाली खेलजगतले थुप्रै खुड्किला उक्लिन बाँकी रहेको संकेत पनि पाँचौं राष्ट्रिय खेलकुदले गरेको छ। यो परिस्थितिमा हामीले अगामी दिनहरूमा राष्ट्रिय खेलकुदलाई एउटा नयाँ गोरेटोमा हिंडाउनका लागि समेत पाँचौ राष्ट्रिय खेलकुदका डोबहरू पछ्याउनै पर्ने हुन्छ। कुनै पनि लक्ष्यमा पुग्न हामीले प्रारम्भ गर्नैपर्छ। विगत एक दशकदेखि राष्ट्रिय खेलकुदमा देखापरेको सुस्तता, राष्ट्रको मूलधारमा अटाउन नसकेका खेलाडी तथा प्रशिक्षकहरूको गुनासो आदि सबैलाई पाँचौं राष्ट्रिय खेलकुदले केही हदसम्म संवोधन गरेको छ। उपरोक्त तथ्यहरूबाट पाठ सिकेर हामीले निकट तथा सुदूरभविष्यका लागि खेलकुदसम्बन्धी बृहत् कार्ययोजना सार्वजनिक गर्न र त्यसलाई व्यवहारमा लागू गर्न अब थप ढिलाइ गर्नु हुँदैन।

अँध्यारोबाट उज्यालोतिर बढ्न, नछुटाऊँ साप्ताहिक पढ्न।
*सौजन्य : साप्ताहिक-पाक्षिक पत्रिका राष्ट्रिय सञ्जाल*

## विवाह र फजुल खर्च

सामान्यतया मानिसले जीवनमा एकपटक मात्र विवाह गर्छ, त्यसैले पनि विवाह भव्यताका साथ सबै इष्टमित्र र छरछिमेकलाई बोलाएर गर्नुपर्छ भन्ने हाम्रो मान्यता छ। विवाहको साक्षीका रूपमा जन्ती बोलाइन्छ। त्यसैले मानिसहरू आफ्नो महत्त्वपूर्ण कामलाई थाँती राखेरै भए पनि जन्ती जान्छन्। कसैले आफ्नो विवाहमा नजिकका साथी वा आफन्तलाई बोलाएन भने त्यो साथी वा आफन्तले सधैंभरि त्यही गुनासो गरिरहन्छ। त्यसैले निम्तो दिने बेलामा होसियारी पनि अपनाइन्छ।

विवाहका बेला केटापक्षले आफ्ना आमा, दिदी-बहिनी आदिलाई लत्ताकपडा तथा अन्य उपहार दिने चलन हाम्रो समाजमा छ। त्यसैगरी केटी पक्षले छोरीसँगै दाइजोका रूपमा सरसमान तथा नगद केटापक्षलाई दिइन्छ। साथमा केटा पक्षबाट आएका जन्तीलाई भोज ख्वाउने चलन छ।

अहिले केही जोडी छुट्टै किसिमबाट विवाह-बन्धनमा बाँधिएको पाइन्छ। कसैले अदालतमा गएर कोट म्यारिज गरेका छन् त कसैले मञ्चमा गएर सिंदूर लगाई प्रगतिशील विवाह गरेका छन्। यी विवाहमा खर्चको मात्रा धेरै कम हुन्छ।

आजभोलि सहर-बजारका विवाहका लागि जग्गा बेच्ने चलन पनि छ। उनीहरू आफ्ना पुर्वजले दुःख गरेर जोडेको जग्गा सजिलैसँग बेचेर विवाह, व्रतबन्ध तथा अन्य कार्य गर्दै आएका छन्। कमसेकम आफूले जग्गा जोड्न नसके पनि आफ्ना पूर्वजले जोडेर राखेको जग्गा बचाएर राख्न सके पनि धेरै ठूलो उपलब्धि हुन्छ।

● चिठीपत्र ●



यस्तो परिप्रेक्ष्यमा प्रतिस्पर्धा गरेर खर्च गर्नु राम्रो कुरा हो त ? एक दिनको विवाह खर्च गर्ने निहुँमा सारा जिन्दगीभरि ऋणको भारी बोक्नु जायज हो ? हामी खर्च गरेर समाजलाई देखाउनुपर्छ भन्छौं, थोरै खर्च गरें भने समाजले के भन्ला भनेर आशंका गर्छौं। वास्तवमा समाज भनेकै व्यक्ति-व्यक्ति मिलेर बनेको हुन्छ। हामी आफूले आफ्नो सोचमा परिवर्तन ल्याउनुपर्छ। यदि यसो गर्न सकियो भने विवाहमा हुने फजुल खर्च कम हुनसक्छ।

**– अनिल शर्मा सुवेदी**

## अरूलाई दोष दिएर पन्छिन मिल्दैन

गणतान्त्रिक सरकारका शक्तिशाली प्रधानमन्त्रीले सरकार चलाएको दस महिनामा दसवटै ठूला निर्णय फिर्ता लिनुभएको छ। मुलुकमा बन्द-हड्ताल, मानवअधिकार हनन, पत्रकारलगायत आफ्नै शुभचिन्तकको हत्या-हिंसा रोकिएको छैन। राजमार्ग बन्द नभएको कुनै दिन, कुनै ठाउँ छैन। सत्ताभित्रै र सत्ताबाहिर, सदनभित्रै र सदनबाहिर राजनैतिक एवं गैरराजनैतिक दबाब, घुर्की, धम्की, चेतावनीको साध्य छैन। लोडसेडिङ र अस्वस्थ्य राजनैतिक परिवृत्तिले अब हाम्रा भोट फिर्ता लेऊ भन्न मात्र बाँकी छ। देशको आमूल परिवर्तनका लागि इतिहासमा कहिल्यै नभएको चमत्कार गर्छु भन्ने माओवादी अध्यक्ष तथा उहाँको सिंगो पार्टी किन, कसरी, कुन भूमरीमा फसिरहेको छ ? यो अर्को विषय होला तर सरकार प्रमुखको निर्णय अडिग रहेन, कार्यान्वयन पक्ष सबल देखिएन, दृष्टिकोण पतला सावित भए। यही अपरिपक्वता र अस्थिरताले गरिमामय व्यक्तित्वको जुंगाको साख र कपालको सान खस्कँदै गएको चाहिं पक्कै हो।

व्यवहारतः इतिहास नै दोहोरिइरहेको छ, पुराना जोगी जाने र नयाँ जोगी आउनेझैं परम्परा यथावत् छ। यसरी बोली, व्यवहार र कार्यन्वयनमा आकाश-जमिनको भिन्नता हुँदा जनता र शासकको बीचमा बस्नेहरूले भिलेन पो खेलिरहेका छन् कि अथवा प्रधानमन्त्रीका अघिपछि, दायाँ-बाँया बसेर राय-सल्लाह दिनेहरू, उनका निर्देशहरू सर्कुलर गर्ने गराउने अन्य कार्यकारीहरू पो गलत छन् कि, यतातर्फ प्रधानमन्त्री आफैंले सोच्न नभ्याउनुभएको हो कि ?

प्रधानमन्त्री आफैं र मन्त्रीहरूले सामन्तवादी मानसिकता भएका कर्मचारी र त्यसलाई चलाउने संयन्त्र गलत भएकाले अपेक्षा गरेजति काम गर्न नसकेको र विदेशी तत्त्वहरूले चलखेल गर्दा असफल भइएको स्वीकार गरिसक्नुभएको छ। जहाज हाँक्छु अथवा घोडा दौडाउँछु भनेर जिम्मा लिएपछि कसरी हाँक्ने, कसरी दौडाउने उसले राम्रैसँग जानेको हुनुपर्छ। कुन पाट्पुर्जा चलाउने, कुन अदलबदल गर्ने दायित्व जहाजचालककै हो। पक्ष-प्रतिपक्ष वा स्वदेशी-विदेशी वा तत्त्व-कुतत्त्वलाई पन्छाउँदै र तह लगाउँदै दह्रो लगामसहित घोडा कुदाउने शक्ति घोडाचढीमै हुनुपर्छ। घोडाबाट पछारिए जनताले 'जाहै लडेर मरेछ' मात्र भन्ने हुन्, स्वास भरिदिन सक्दैनन्। त्यसका लागि प्रधानमन्त्री एक्लै सबल भएर पनि हुँदैन, उनका आसेपासे, शिरदेखि पुच्छरसम्म, धोतीदेखि टोपीसम्म मिलाउने-सम्याउनेहरू पनि दूरदर्शी अनि परिपक्व हुनुपर्छ।

**–सरोजदिलु विश्वकर्मा**

● तीतो सत्य ●

प्रेम गर, कल्पना नगर।

**रामु रानामगर, वीरगन्ज**

बाहिरी आवरणको चमकभन्दा भित्री गुणको चमकले व्यक्तित्व झल्काउँछ।

महँगो सुन पनि सुनै हो, कमसल नुन पनि नुनै हो। कमसल भए पनि नुनको आवश्यकता दिनहुँ पर्छ भने महँगो भए पनि सुनको आवश्यकता दिनहुँ पर्दैन।

**विन्दु लामा, खोपासी**

विज्ञान आधार हो तर अध्यात्म माध्यम हो।

छोटो समयको खुसीले लामो समयको दुःखलाई बिर्साउँछ।

धन-सम्पत्ति बैंक, दराज, झोला आदिमा राखिएला तर विद्या मस्तिष्कमा राखिन्छ।

**शिविश भण्डारी, महोत्तरी**

जो एक्लै हिंड्छ, ऊ टाढासम्म पुग्छ।

भोकले व्याकुल भएको मान्छे निर्दयी हुन्छ।

गरिब मानिस पलपल, क्षणक्षणमा मरिरहेको हुन्छ।

अरूलाई उपदेश दिने बेलामा सबै सज्जन हुन्छन्।

**मुक्ति अधिकारी, करादी,**

*'तीतो सत्य' स्तम्भका लागि आफूले देखेका, भोगेका कटु सत्य पठाउन हार्दिक अनुरोध छ।*

*–सम्पादक*

● सहर चर्चा ●



## चर्चा वैशालीको

धरानका स्टेज कार्यक्रमहरूमा नृत्यङ्गनाका रूपमा देखिने वैशाली लिम्बू (सम्बाहाङ्फे) अहिले म्युजिक भिडियोकी मोडलका रूपमा चर्चित छिन्। नृत्यकै माध्यमबाट पहिलो पटक मुकेश देवले गाएको तथा लेखु विवशले संगीत गरेको गीत 'ए निर्मला...' मा उत्कृष्ट अभिनय गरेर चर्चा कमाएकी वैशालीलाई त्यसपछि म्युजिक भिडियाको लाइनै लाग्यो। वैशाली भन्छिन्- 'यो मेरो रुचिको क्षेत्र हो, यही क्षेत्रमा लागेर केही गर्न सोच छ।'

वैशालीलाई यस क्षेत्रमा स्थापित गराउन घर-परिवारको ठूलो सहयोग छ। कतिपय बाबुआमाले आफ्ना छोरा-छोरीलाई कलाक्षेत्रमा भविष्य छैन भन्दै नलाग्न दबाब दिन्छन्, तर बैसालीको परिवारले अझ हौसला दिन्छ। वैशाली भन्छिन्- 'मैले नृत्य सिक्न जान्नँ भने पनि ममीले जा-जा भनेर पठाउनुहुन्थ्यो। उहाँहरूको सपोर्ट नभएको भए म यहाँसम्म आउन सक्दिनथें' वैशालीकी आमा कोमल सुब्बा भन्छिन्- मलाई कलाक्षेत्र मन पर्छ। छोरीलाई पनि अघि बढ्न सक्दो सहयोग गर्छु।

**प्रस्तुति : गोपाल दाहाल**

● साइबर गर्ल ●

## सब्रिनाको मोडलिङ मोह

हङकङमै बसेर मोडलिङमा राम्रो इमेज बनाएकी सब्रिना श्रेष्ठ अहिले बेलायत पुगेकी छिन्। उनले हङकङमा निर्माण भएको खोज र द प्लान शीर्षकका नेपाली चलचित्रमा नायिकाको भूमिकामा अभिनय गरिसकेकी छिन्। उनले मिस ट्यालेन्ट हन्ट हङकङ-२००६ मा सहभागिता जनाएर फस्ट रनरअप तथा फोटोजेनिक उपाधि जितेकी छिन्।

१९ वर्षीया सब्रिनाले बिजनेस कमर्समा पल्स टु सकेकी छिन्। ५ फिट ६ इन्च अग्ली सब्रिनाको लक्ष्य भने सफल मोडल र एयर होस्टेज बनेर आकाशमा उड्नेछ। नृत्यमा समेत अब्बल श्रेष्ठ पत्रपत्रिका पढ्न, नयाँ ठाउँको भ्रमण गर्न तथा समाजसेवामा रुचि राख्छिन्। लेखनाथ कास्की उनको पुर्ख्यौली थलो भए पनि रोजगारीको सिलसिलामा उनको परिवार उतै भएकाले सब्रिना यतिबेला बेलायतमा रमाइरहेकी छिन्। सब्रिनाले बेलायतबाट पोखरा आउने क्रममा फोटोग्राफर जितेश प्रधानसँग फोटोसेसन गरेकी थिइन्। उनका आकर्षक तस्बिरहरू इन्टर नेपाल डटकममा हेर्न सकिन्छ।



● बेलाको बोली ●

नेपाललाई संघीय गणतान्त्रिक व्यवस्थाको यो विन्दुसम्म ल्याइपुर्‍याउने काम दलहरूबीचको सहकार्यबाट मात्र सम्भव भएको हो।

**–पुष्पकमल दाहाल प्रधानमन्त्री**

एक-अर्काको अस्तित्वको सम्मान गर, अहंकार परित्याग गर, आपसमा सहकार्य गर र देशलाई उन्नतिको बाटोमा लैजाऊ भन्ने जनादेशलाई सबैले व्यवहारमा उतारौं।

**–झलनाथ खनाल**

सेनापति वा कुनै सेनाले थर्काउँदैमा रक्षा मन्त्रालय, सदन वा सरकार, थर्कंदैन।

**–रामबहादुर थापा, रक्षामन्त्री**

दूरी रहे पनि यो सरकारलाई सेनाबाट कुनै खतरा छैन।

**–गणेश साह, विज्ञान मन्त्री**

सम्बन्ध विच्छेद गर्नु, पुनर्विवाह गर्नु समान्य कुरा हो।

**–मोहन विक्रम सिंह**

माओवादीले अर्काको खुट्टा काटेर अग्लो हुने विधि अपनाइरहेको छ।

**–विष्णु रिमाल, अध्यक्ष, जिफन्ट**

संविधान निर्माण तथा शान्ति प्रक्रियाप्रति जनताको आशा टुट्न थालेको छ।

**–शंकर पोखरेल, सचिव, एमाले**

एमालेलाई सरकार निल्नु न ओकल्नु भएको छ।

**–लक्ष्मण घिमिरे, नेपाली कांग्रेस**

प्रचण्ड सरकारको नेतृत्व गर्न अक्षम भैसके।

**–केपी ओली, नेता, एमाले**

# अन्तर्राष्ट्रिय प्रतिवेदनमा नेपालको तस्बिर

**नीति निर्माण गर्ने तहमा महिला**

दक्षिण एसियाली मुलुकको नीति-निर्माण गर्ने तहमा पुग्ने महिलाको संख्यामा नेपाल सबैभन्दा अग्रस्थानमा पुगेको छ। संविधानसभामा ६ सय १ जना सदस्यको प्रावधान छ। तीमध्ये महिलाको संख्या १ सय ९६ छ, जुन समग्र संख्याको ३२ दशमलव ५ प्रतिशत हो। नेपालपछि अफगानिस्तानमा २७ दशमलव ३१ प्रतिशत र पाकिस्तानमा २१ दशमलव ३५ प्रतिशत महिला सभासद् छन्।

**खाद्यान्न अभावको वर्ष**

विश्व खाद्य कार्यक्रमले नेपाल उद्योग वाणिज्य महासंघको सहयोगमा यही वर्ष नेपालको खाद्यान्न सहयोगसम्बन्धी प्रतिवेदन प्रस्तुत गर्‍यो। प्रतिवेदनले नेपालमा २५ लाखभन्दा बढी ग्रामीण बासिन्दालाई तत्काल खाद्यान्न सहयोग आवश्यक भएको निष्कर्ष निकाल्यो। नेपालमा बढ्दो मूल्य वृद्धि र अपर्याप्त आपूर्तिका कारण यो अवस्था आएको प्रतिवेदनमा बताइएको छ। यसको प्रभावस्वरूप नेपालमा थप ३९ लाख व्यक्तिले खाद्यान्नको जोखिमको सामना गर्नुपर्नेछ।

इन्धनको मूल्यवृद्धिका कारण खाद्यान्नमा समेत ३० प्रतिशतसम्म मूल्यवृद्धि भयो। यसले चालू शान्ति-प्रक्रियालाई समेत असर पुग्न सक्ने आशंका प्रतिवेदनमा व्यक्त गरिएको छ। कृषि मन्त्रालयले यो वर्ष नै अछाम, बाजुरा, दैलेख, डोल्पा, हुम्ला, जाजरकोट, कालिकोट, मुगु र रुकुम गरी नौ जिल्लालाई अभावग्रस्त जिल्ला घोषित गर्‍यो। यी जिल्लाहरूमा २० देखि ७० प्रतिशतले कृषि उत्पादन घटेको जानकारी प्रतिवेदनमा दिइएको छ।

**मौसमको अध्ययन**

प्राक्टिकल एक्सन र जल तथा मौसमविद् समाजले सन् १९७५ देखि २००५ सम्म देशभरका ४ सय ४२ स्टेसनमध्ये १ सय ६६ केन्द्रबाट प्राप्त तथ्यांक अध्ययन गरी दिएको प्रतिवेदनलाई यो वर्ष सार्वजनिक गर्‍यो। प्रतिवेदनका अनुसार बर्सेनि ४ दशमलव १३ मिलिलिटर बढी पानी परिरहेको र शून्य दशमलव ४१ डिग्री तापक्रम बढिरहेको छ। नेपालमा सबैभन्दा बढी पानी पर्ने स्थानका रूपमा कास्कीको लुम्लेलाई मानिँदै आएकोमा त्यति नै पानी संखुवासभाको टासी गाउँमा पनि पर्ने तथ्य पत्ता लागेको छ। समग्रमा हेर्दा कास्कीपछि सबैभन्दा बढी पानी संखुवासभामा पर्छ। कास्की, मकवानपुर, संखुवासभा र सिन्धुपाल्चोक जिल्लामा पानी पर्ने क्रम बढेको छ भने दोलखा, कपिलवस्तु, दाङ, सोलुखुम्बु, नुवाकोट र डोटी जिल्लामा घट्दो क्रममा छ। त्यसैगरी धनकुटा र लमजुङ जिल्लामा तापक्रम बढिरहेको पाइएको छ भने संखुवासभा, डोटी र नुवाकोटको उत्तरी भागमा तापक्रम घट्दो क्रममा छ।

**विश्व विकास प्रतिवेदन**

विश्व बैंकले वर्षको अन्त्यमा सन् २००९ का लागि विश्व विकास प्रतिवेदन सार्वजनिक गर्‍यो। प्रतिवेदनले नेपालको स्थिति समग्रमा कमजोर देखाएको छ। नेपालको प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन शून्य दशमलव ८ प्रतिशत मात्र बढेको छ। त्यसैगरी नेपालको प्रतिव्यक्ति आय ३ सय ४० डलर छ। प्रतिव्यक्ति आयका हिसाबले नेपाल विश्वको १४ औं गरिब मुलुक बनेको छ। नेपालको भन्दा कम प्रतिव्यक्ति आय भएका सबै मुलुक अफ्रिका महादेशका छन्। त्यसैगरी नेपालको जनसंख्या वृद्धिदर २ प्रतिशत छ भने कुल गार्हस्थ्य उत्पादनमा कृषिक्षेत्रको अंश ३५ प्रतिशत छ। यसमा उद्योगक्षेत्रको अंश १६ प्रतिशत मात्र छ।

**मानवविकास प्रतिवेदन**

यूएनडीपीले प्रत्येक वर्ष मानवविकास प्रतिवेदन सार्वजनिक गर्छ। यसमा प्रत्येक देशका जनताको आय, आयु र साक्षरताका आधारमा मानवविकास सूचकांक निकालिन्छ। यो वर्ष प्रकाशित सूचीमा नेपालको स्थान १ सय ४२ औं सूचीमा पर्‍यो। अघिल्लो वर्ष नेपाल सूचीको १ सय ३८ औं लहरमा थियो। यो वर्ष नेपालको स्तर चार स्थान खस्केर १ सय ४२ औं स्थानमा पुगेको हो। नेपाल दक्षिण एसियामै सबैभन्दा तल्लो स्थानमा छ।

**भ्रष्टाचारसम्बन्धी प्रतिवेदन**

ट्रान्सपरेन्सी इन्टरनेसनलले गत असोज महिनामा भ्रष्टाचार अवधारणा सूचकांक सार्वजनिक गर्‍यो। प्रतिवेदनअनुसार नेपाल गत वर्षको तुलनामा १० वटा मुलुकलाई पछाडि पार्दै १ सय २१ औं स्थानमा उक्लिएको छ। सर्वेक्षणमा कुल १ सय ८० मुलुकलाई सहभागी गराइएको थियो।

**हराएका बालबालिका**

केन्द्रीय बालकल्याण समितिको प्रतिवेदनअनुसार २०६३ मंसिर २२ यता हराएका बालबालिकाको संख्या ४ हजार ९८ पुगेको छ। तीमध्ये २ हजार ३ सय ३८ बालक र १ हजार ७ सय ६० बालिका छन्। ७ देखि १६ वर्ष उमेर समूहका बालबालिकाहरूलाई यो प्रतिवेदनमा समावेश गरिएको हो। नेपालजस्तो विकासोन्मुख राष्ट्रका लागि यो प्रतिवेदनले बालबालिकाका क्षेत्रमा भएको गम्भीर अवस्थालाई चित्रण गर्छ।

**एसियाली विकास बैंकको प्रतिवेदन**

वर्षको अन्त्यतिर एसियाली विकास बैंकले सरकारी लक्ष्यको तुलनामा आधाभन्दा कम दरले मात्र आर्थिक वृद्धि हुने प्रक्षेपण गर्‍यो। बैंकले सार्वजनिक गरेको एसियाली विकास परिदृश्यले नेपालको आर्थिक वृद्धिदर ३ प्रतिशतमा सीमित रहने जनाएको छ। सरकारले आर्थिक वृद्धि ७ प्रतिशत हुने लक्ष्य निर्धारण गरेको छ। विश्व आर्थिक मन्दीको प्रत्यक्ष प्रभाव नपरे पनि आन्तरिक कारणले वृद्धिदर खुम्चने प्रतिवेदनले औंल्याएको छ। लोडसेडिङ, शान्ति-सुरक्षा, श्रम विवादजस्ता कारणले वृद्धि प्रभावित भएको हो। आन्तरिक समस्या सुल्झिए वृद्धिदर केही माथि जान सक्ने कुरा पनि बैंकले बताएको छ। बैंकले भनेको छ– ऊर्जालगायतका क्षेत्रमा सुधार भए यो वृद्धिदर अझ बढ्न सक्छ।

त्यसैगरी मौसम अनुकूल भए कृषिक्षेत्रको वृद्धिदर ३ प्रतिशत रहने अनुमान बैंकले गरेको छ। योबाहेक सेवाक्षेत्र ४ प्रतिशत र उद्योग क्षेत्र १ प्रतिशतले मात्र बढ्ने अनुमान पनि बैंकले गरेको छ। त्यसैगरी बैंकका अनुसार यो वर्ष १० प्रतिशतको मूल्यवृद्धिको मार खेप्नुपर्ने भएको छ। यो राष्ट्रबैंकले हालै सार्वजनिक गरेको भन्दा १ प्रतिशतले कम हो।

मन्दीको प्रभाव अहिले नपरे पनि भविष्यमा पर्न सक्नेतर्फ बैंकले सरकारलाई सचेत गराएको छ। त्यसबाहेक पर्यटन र रेमिटान्समा भने मन्दीको प्रभाव पर्न सक्ने संकेत प्रतिवेदनले दिएको छ।


**होटेल तालिम मोडर्नमा**
Switzerland & UK बाट अनुभव प्राप्त गरी आउनुभएका प्रशिक्षक द्वारा पनि प्रशिक्षण दिइन्छ
Cook, Waiter, Waitress, Bakery, Barman, Captain, Front Office, House keeping (Room Boy), Supervisor, Care Giver, (इजरायल) Domestic Helper तथा सम्पूर्ण Hotel Management सम्बन्धि तालिम दिइन्छ।
www.modernhoteltraining.com.np
Modern Management Modern Technology
MODERN HOTEL Training Center
महाराजगञ्ज बसुन्धरा पुल- Ktm
Ph:- 4363215, 2315801

**तु-आवश्यकता**
SLC दिएर बसेकालाई विशेष सहायता
Emami Company(UK) को सहयोगमा सञ्चालित यस International Organization लाई थप कर्मचारी आवश्यकता
योग्यताः Test/ SLC/ PCL
संख्याः 5 ladies & Gents
तलबः 8500 Fixed + अन्य सुविधा
Contact होस्टल सहित
01-6637290
9803143940, 9841574773
लोकेशनः नयाँ ठिमी संखधर चोक भक्तपुर
Note: बुझ्न आउँदा Document अनिवार्य छ।

**होटल तालिम विशेष छुटमा**
नेपाल सरकारबाट स्वीकृत प्राप्त, पाँचतारेको प्रशिक्षक
२००३ मा स्थापित Worldwide valid Certificate
Japan, UK, Australia, Canada, Europen देशमा Working Visa, Student Visa मा जानेलाई
Part time & Full time job को लागि SPECIAL CLASS भैरहेछ
COOK (1, 2, 3, 6 month), WAITER (1, 2, 3 month) Barman, Bakery, Tandoori, Salesman, Receptionst, House Keeping, Diploma in Hotel Mgmt., F & B Mgmt., Coffee, Juice maker, Roomboy, Bellboy, House Wiring, Plumber etc.
- ३ महिने कुकमा FREE ENGLISH LANGUAGE
- थप Industrial Training लाई Star Hotel मा पठाइने
- आफ्नै FIVE STAR STANDARD RESTAURANT भएको
- जागिरको व्यवस्था स्वदेश र विदेशमा सहयोग गरिने।
- Student Visa, Work Permit, PR, DV lottery मा जानेलाई विशेष तालिम

Student Visa मा जानेलाई Special Discount

रयाडीसन होटल ट्रेनिङ्ग सेन्टर
बागबजार, पि.के.क्याम्पसपछिको दोस्रो घर रत्नपार्क तर्फ
4247165, 2200889, 9841-891131

साहारा होटल तालिम सेन्टर
(Sahara School of Hospitality Mangement and Toursim Nepal)
नयाँ बानेश्वर, शिवदर्शन हल अगाडि, ओखरबोट मार्ग
2040782, 016200757, 98510-93629

रयाडीसन होटल तालिम सेन्टर
नयाँ बानेश्वर, BICC पानी ट्याङ्किको ठीक अगाडि
4464720, 9841-891131, 98510-93629

**प्राइभेट**
Test / S.L.C
विगत बर्षहरुमा
100% पास
गराउन सफल।
२०६६ को लागि private Test / S.L.C. भर्ना खुल्यो
कक्षा समयः बिहान र दिउँसो
माध्यमः अंग्रेजी र नेपाली
साथै Computer, Language / Tuition Classes सञ्चालन भइरहेको छ।
Kathmandu Multiple Institute PLtd.
Bhotahity, Kathmandu
Ph: 4-232203
www.kmi.edu.np

**प्राइभेट TEST/SLC - 2066**
११ वर्षको गहिरो अनुभवका साथ यस पटक पनि पुन भर्ना खुल्यो
SLC पास गर्ने सुवर्ण अवसर आजै सम्पर्क राख्नुहोस्।
प्राइभेट TEST/SLC कसका लागि ?
कक्षा ८ वा ९ पास गरी स्कुल जान नपाएका र कक्षा ९, Test वा SLC फेल भै निरास भएकाहरुका लागि।
सम्झना एकेडेमी नै किन ?
अत्यन्त अनुभवि शिक्षक/शिक्षीकाद्वारा अध्यापन, गरिब जेहेन्दार दलित पिछडिएकाहरुका लागि छात्रबृत्तिको व्यवस्था, कमजोरका लागि विशेष कक्षा संचालन, होस्टेलको राम्रो व्यवस्था भएको। बिहान, दिउसो र बेलुका कक्षा संचालन हुने, अंग्रेजी/नेपाली छुट्टा छुट्टै कक्षा को व्यवस्था।
TEST/SLC ग्यारेन्टीका साथ पास हुने गरी पढ्नलाई सम्झनुहोस्
SAMJHANA ACADEMY
पुरानो बसपार्क, नेपाल पुलिस क्लब ठिक पछाडि
सम्पर्क 014246397

# २०६५ मा नेपाली अर्थतन्त्रको गति

गोकर्ण अवस्थी

वर्ष २०६५ मा गणतन्त्रको घोषणामार्फत ठूलो राजनैतिक परिवर्तन भए पनि आर्थिक समुन्नतितर्फको पाइला भने दरिलोसँग अघि बढ्न सकेन।

इन्धनको चर्को मूल्य र खाद्यान्न संकटबाट पिल्सिएका सर्वसाधारणले देशको अभूतपूर्व, सकारात्मक र बहुप्रतीक्षित परिवर्तनको अनुभूति गर्न सकेनन्। अन्तर्राष्ट्रिय बजारमा असार २७ गते कच्चा तेलको मूल्य प्रतिब्यारेल १ सय ४७ डलर पुग्यो। नेपालमा मूल्य समायोजन गर्न नसकेको आयल निगमलाई करिब १५ अर्बको दायित्व थपियो।

सधैं असारको अन्त्यमा जारी भएर साउनदेखि लागू हुनुपर्ने नयाँ आर्थिक वर्षको बजेट तीन महिना पर सर्‍यो। अन्तरिम व्यवस्थाका लागि पेस्की बजेटमार्फत खर्चको चाँजोपाँजो मात्रै मिलाउने काम भयो।

गणतान्त्रिक नेपालका पहिलो अर्थमन्त्री डा. बाबुराम भट्टराईले भदौ ६ गते पदभार ग्रहण गरे। डा. भट्टराईले करिब एक महिनाको प्रयत्नपछि असोज ३ गते आर्थिक वर्ष २०६५/६६ को बजेट सार्वजनिक गरे। २ खर्ब ३६ अर्ब रुपैयाँको उक्त बजेट चर्चाको विषय बन्यो। विस्तारकारी बजेटले आर्थिक अस्तव्यस्तता निम्त्याउने अर्थविद्हरूको धारणालाई चुनौती दिँदै ल्याइएको बजेटको कार्यान्वयनको अनुभूति जनताले पाउन नसके पनि राजस्व भने सोचेभन्दा बढी उठेको छ। पछिल्लो तथ्याङ्कअनुसार गत वर्षको यसै अवधिको तुलनामा यस वर्षको सात महिनामा ३८ प्रतिशत बढी राजस्व उठेको छ। यो अर्थमन्त्रालयको सोचभन्दा ७ प्रतिशतले बढी हो।

राजस्व वृद्धिको सकारात्मक पक्षलाई सराहना गर्दै यो प्रसंगलाई छोड्ने हो भने अन्य आर्थिक परिसूचक भने आशालाग्दा देखिँदैनन्। सरकारको आर्थिक सल्लाहकार नेपाल राष्ट्र बैंकले समेत सरकारी लक्ष्यअनुसार आर्थिक वृद्धिदर र मूल्यवृद्धिदर नरहने बताइसकेको छ। केन्द्रीय बैंकका अनुसार आर्थिक वृद्धिदर यस वर्षको लक्ष्य ७ प्रतिशतभन्दा कम रहनेछ। नेपालको विकास प्रयासको साझेदार संस्था एसियाली विकास बैङ्कले विकासदर ३ प्रतिशत मात्र रहने प्रक्षेपण गरिसकेको छ।

सरकारले राजस्व उठाए पनि खर्च गर्न नसक्नु र सरकारी नीतिकै कारण निजी क्षेत्रको लगानी संकुचित बन्दै जानु आर्थिक वृद्धिलाई धक्का दिने कारण हुन्। अहिले करिब २५ अर्ब रुपैयाँ सरकारी ढुकुटीमा थन्किएको छ।

न्यून वृद्धिदर तर उच्च मूल्यवृद्धिले सर्वसाधारणलाई भने निकै पिरोलेको छ। पछिल्ला पाँच महिनामा बजारभाउ औसतमा १४ प्रतिशतले बढिरहेको छ। चामल, चिनी, खाने तेलजस्ता वस्तुको मूल्य अन्तर्राष्ट्रिय बजारमा निरन्तर घटिरहँदा पनि नेपालमा मूल्य उकालो लाग्ने क्रम जारी छ। सरकारले आफैं चामल, चिनी, पीठो आदि वस्तु बिक्री गर्ने निर्णय गरे पनि बजारमा त्यसको कुनै असर देखिएको छैन।

आर्थिक मन्दीको त्रास, लोडसेडिङ र भीडीआईएस कार्यक्रमका कारण नेपालको निजी क्षेत्रले आशंका र निराशाका बीच २०६५ लाई बिदाइ गरे। केन्द्रीय बैंककै तथ्याङ्कलाई हेर्ने हो भने पनि यस वर्ष औद्योगिक क्षेत्रको वृद्धिदर नकारात्मक रहने सम्भावना छ। १६ घण्टाको लोडसेडिङले करिब ५० प्रतिशत कल-कारखाना बन्द भएका र बाँकी पनि न्यून क्षमतामा चलिरहेको निजी क्षेत्रले बताउँदै आएको छ। देशको पूर्वी भागमा भैरहने निरन्तरको बन्दले निजी क्षेत्रलाई थप हतोत्साहित गर्‍यो। बन्द, लोडसेडिङ तथा असुरक्षाका कारण व्यवसायीहरूले पनि आन्दोलन सुरु गरेपछि केही राहत दिइने भनिए पनि त्यसको कार्यान्वयन भएको छैन।

प्रधानमन्त्री पुष्पकमल दाहालले आफ्नो पार्टीको विजयपछि वैशाख ४ गते निजी क्षेत्रलाई बढावा दिने आश्वासन दिए। त्यसपछि अर्थमन्त्री र प्रधानमन्त्रीबाट बारम्बार आश्वासन आए पनि निजी क्षेत्रले राहत अनुभव गर्न सकेन।

संसारभर नै वैदेशिक लगानी आकर्षणका लागि होडबाजी चलिरहँदा नेपालमा भने बढ्दो श्रम विवादजस्ता कुराले अमेरिकी कम्पनी कोल्गेट पाल्मोलिभ यसै वर्ष नेपालबाट बाहिरियो, तर स्वदेशी र विदेशी लगानी बढाउने विषयमा सरकारले पनि केही प्रयत्न गरेको छ। सार्वजनिक निजी साझेदारीलाई बढावा दिइने र लगानी बोर्ड गठन गरिने भए पनि हिउँदे अधिवेशन नसकिई यसको टुङ्गो लाग्नेछैन। नयाँ औद्योगिक, वाणिज्य, पर्यटन, वैदेशिक लगानी नीति र विशेष आर्थिक क्षेत्रसम्बन्धी कानुन सैद्धान्तिक सहमति भए पनि पारित भैसकेको छैन।

यस वर्ष आर्थिक परिदृश्यमा सबैभन्दा चर्चामा रहेको विषय आयको स्वयं घोषणा (भीडीआईएस) हो। बजेटमार्फत करको दायरामा नआएको सम्पत्ति स्वयं घोषणा गरी १० प्रतिशत कर तिर्न सरकारले गरेको आग्रह विभिन्न विवादका बीच पनि सफल रह्यो। पहिले माघ मसान्तसम्मको म्यादमा एक अर्ब राजस्व उठाएको सरकारले थपिएको एक महिनामा ५० करोड थप राजस्व असुल गर्‍यो। यसले लगानीको वातावरण बिगारेको निजी क्षेत्रको आरोप छ। ५ सय र १ हजार दरका नोटको बजारमा कमी रहनुमा पनि कारबाहीको डरले घर वा लकरमा पैसा जम्मा गर्ने प्रवृत्ति बढेको आशंका बैंकहरूको छ। घरजग्गा करको दर १० प्रतिशतमा झारेर दिइएको सहुलियत उपयोग गर्दै एक व्यक्तिले ३६ वर्षको ४१ लाख रुपैयाँ कर तिरे।

सेयर बजार अहिलेसम्मकै उचाइमा पुगेर ६ महिनामै निकै तल झरेको छ। भदौ १५ गते १ हजार १ सय ६५ अंक पुगेको परिसूचक अहिले ६ सय ६० को हाराहारीमा छ। ६ खर्ब १२ अर्ब पुगेको बजार पूजीकरण ४ खर्बको हाराहारीमा छ। पर्यटक आगमनमा भने केही सुधार देखिए पनि पछिल्लो समयमा यो पनि घटेको छ। निजगढमा अन्तर्राष्ट्रिय विमानस्थल तथा हेटौंडा काठमाडौं फास्टट्र्याक निर्माण गर्ने योजनाहरू पनि प्रारम्भ भएका छैनन्।

यस वर्ष धानको उत्पादन ५ प्रतिशतले वृद्धि भए पनि हिउँदे बालीको उत्पादनमा कमी आउने संकेतले तीन प्रतिशतकै हाराहारीमा कृषिक्षेत्रको वृद्धिदर रहने अनुमान छ। फागुन महिनामा नेपालमा पनि बर्डफ्लु देखिएपछि केही समय १६ अर्ब रुपैयाँ लगानी भएको पोल्ट्री उद्योग प्रभावित भयो।

निर्यातमा सामान्य सुधार देखिएको छ। पछिल्लो तथ्याङ्कले निर्यात १८ प्रतिशतले बढेको देखिएको छ। डलरको मूल्यमा भएको वृद्धि तथा गत वर्षको ह्राससँग तुलना गर्दा वृद्धि देखिए पनि वास्तविक लाभ भने कमै हुने देखिन्छ। पछिल्लो समयमा रेमिटान्सको वृद्धिदर कम भए पनि धेरै घटेको छैन। नेपालको अन्तर्राष्ट्रिय व्यापारको ७० प्रतिशत साझेदार मुलुक भारतले डीआरपी खारेज गर्ने निर्णय गरेपछि अबका दिनमा भारतमा निर्यात केही सहज हुने अनुमान छ।

मलेसियालगायतका मुलुकमा कामका लागि गएका नेपालीहरू छिटफुट रूपमा नेपाल फर्किए पनि ठूलै असर भने परिसकेको छैन, तर यसले संकटको संकेत भने गरेको छ। नेपाली सेयर बजारमा विदेशी लगानीकर्ताहरू नहुँदा र नेपाली बैंकहरूको पनि अन्तर्राष्ट्रिय स्तरमा सम्बन्ध नभैसकेकाले मन्दीको ठूलो असर देखिएको छैन।

स्वदेशमा रोजगारीको अवसर सिर्जना गर्न थालिएको युवा स्वरोजगार कार्यक्रम यस वर्षको अर्को चर्चित विषय बन्यो। करिब ६ लाख युवाले आफैं रोजगारी गर्ने चाहना राख्दै वित्तीय सहायताका लागि आवदेन दिए। समग्रमा २०६५ पनि विगतका वर्षहरूझैं जनतालाई सपना बाँड्ने वर्षका रूपमा मात्र रह्यो भन्दा अत्युक्ति हुँदैन।

प्राईमेट
Test/SLC
विशेष छुट
Free Computer & Tuition
समय : बिहान, दिउँसो, बेलुकी
माध्यम : नेपाली, अंग्रेजी
कक्षा 8 पास र 9, 10, Test/SLC फेल भएकाहरुका लागि ।
जिल्ला शिक्षा तथा EIA बाट मान्यता प्राप्त
किङ्स एकेडेमी प्रा.लि.
कोटेश्वर-35
4600245, 9841744996

सौन्दर्यका सामान
Height बढाउने (Yoko Japanese) - 1250/-
मोटोपन घटाउने (Sauna Belt) - 1999/-
अनुहार गोरो बनाउने (Roop Amrit) - 1299/-
स्तन बढाउने वा घटाउने Cream - 1299/-
डण्डीफोर हटाउने (Face Pack) - 1500/-
धुम्रपान जाँड रक्सी छुटाउने - 1500/-
Body Slim Cream मा Sauna Belt फ्रि - 3000/-
कपाल नझर्ने वा उमार्ने तेल - 750/-
Free Home Delivery / 100% Guaranteed
Worldwide Shopping Centre
Newbaneshwor
Ph. 2290871, Mob. 9841506134

# वर्षले गुमाएका व्यक्तित्व



**राम थापा**

५० वर्षको उमेरमा चर्चित संगीतकार राम थापाको गत माघमा निधन भयो। उनी विगत केही समययता जन्डिसबाट पीडित थिए। यसबाहेक उनी कलेजो तथा फोक्सोको रोगबाट समेत थलिएका थिए। राम थापाले आफ्नो सांगीतिक जीवनमा ३ सयभन्दा बढी गीत-संगीतमा स्वर तथा संगीत प्रदान गरेका छन्।

**श्रीभद्र शर्मा**

वरिष्ठ राजनीतिज्ञ श्रीभद्र शर्माको गत वर्ष माघ ८ गते निधन भयो। शर्मा ७८ वर्षका थिए। उनी नेपाली कांग्रेसको छैटौं महाधिवेशनमा केन्द्रीय सदस्य छानिएका थिए। शर्माले जयतु संस्कृतम् आन्दोलनमा सक्रिय भूमिका निर्वाह गरेका थिए। शर्मा २०१५ सालमा तनहुँबाट निर्वाचित भएका थिए। २०१७ सालपछि शर्मा नेपाली कांग्रेसको महामन्त्री छानिए। त्यसपछि शर्मा लगातार छ वर्ष जेल परे। पछि नेपाली कांग्रेसबाट अलग भएका शर्माले जीवनको अन्त्यतिर पुनः नेपाली कांग्रेस प्रवेश गरे।

**कृष्णविक्रम थापा**

'सिन्धुलीगढी घुमेर हेर्दा...' जस्तो चर्चित गीतका गायक कृष्णविक्रम थापाको गत वर्ष वैशाख ११ गते काठमाडौंको वीर अस्पतालमा निधन भयो। सिन्धुलीमै बसोबास गर्ने यी लोकगायकका सयभन्दा बढी गीत रेडियो नेपालमा रेकर्ड भएका छन्। थापाले २०३६ सालमा रेडियो नेपालमा उत्कृष्ट लोकगीतको पुरस्कार प्राप्त गरेका थिए।

**रामानन्दप्रसाद सिंह**

वरिष्ठ अधिवक्ता रामानन्दप्रसाद सिंहको गत वर्ष वैशाख २५ गते निधन भयो। सिंह २०४७ सालका संविधान मस्यौदा समितिका सदस्य थिए। जीवनको अन्त्यसम्म संवैधानिक राजतन्त्रका पक्षपाती सिंहको हृदयाघातबाट मृत्यु भएको थियो।

**अशोक श्रेष्ठ**

पत्रकार अशोक श्रेष्ठको गत वर्ष वैशाख २७ गते निधन भयो। उनी ४९ वर्षका थिए। विभिन्न पत्रपत्रिकामा अनुसन्धानमूलक लेख लेख्न रुचि राख्ने श्रेष्ठ पत्रकार महासंघको काठमाडौंका संस्थापक उपसभापति पनि हुन्। उनको निधन हृदयाघातका कारण भएको थियो।

**कमल जोशी**

नेपालीपत्र साप्ताहिकका सम्पादक-प्रकाशक कमल जोशीको गत वर्ष जेठमा मृत्यु भयो। उनी कलेजोको क्यान्सरबाट पीडित थिए। ४० वर्ष अविच्छिन्न पत्रकारिता गरेका कमल जोशीलाई राजनीतिमा विशेष रुचि थियो।

**गंगा केसी**

जटिल शल्यक्रियाका कारण विश्वभरिका सञ्चारमाध्यममा छाएका गंगा-जमुनामध्ये गंगाको गत वर्ष साउन १४ गते निधन भयो। टाउको जोडिएका यी दिदी-बहिनीलाई सात वर्षअघि सिंगापुरमा ९० घण्टा शल्यक्रिया गरेर छुट्याइएको थियो।


**सीतानन्दन राय**

मधेसी जनअधिकार फोरमका नेता सीतानन्दन रायको गत वर्ष साउनमा निधन भयो। मधेस आन्दोलनपछि उनी नेकपा (एमाले) बाट फोरममा प्रवेश गरेका थिए। एमालेका तर्फबाट संसद तथा मन्त्रीसमेत बनेका राय मधुमेहबाट पीडित थिए। उनी ७१ वर्षका थिए।



**मुकुन्द रेग्मी**

२०४७ सालमा जारी भएको संविधानका एक मस्यौदाकार वरिष्ठ अधिवक्ता मुकुन्द रेग्मीको गत चैत २३ गते निधन भयो। रेग्मी ७१ वर्षका थिए। रेग्मी २०३६ सालपछि लगातार तीन पटक नेपाल बार एसोसिएसनका अध्यक्ष भएका थिए।



**इन्द्र लोहनी**

टेलिभिजन टक सोमार्फत प्रख्यात भएका इन्द्र लोहनीको गत माघ ३ गते निधन भयो। उनी उच्च रक्तचापका बिरामी थिए। नेपाल टेलिभिजनमा कानुनसम्बन्धी प्रश्नोत्तर कार्यक्रम सञ्चालकका रूपमा टेलिभिजन छिरेका इन्द्रले 'बहस' शीर्षकको टक सोबाट प्रसिद्धि पाए। राजाको प्रत्यक्ष शासनताका नेपाल टेलिभिजनमा कार्यक्रम सेन्सर हुन थालेपछि उनी कान्तिपुर टेलिभिजन प्रवेश गरेका थिए। उनी प्रखर अधिवक्ता पनि थिए।

**रामविलास यादव**

राष्ट्रिय प्रजातन्त्र पार्टीका नेता रामविलास यादवको गत वर्ष भदौमा निधन भयो। यादव ०५१ सालको आमनिर्वाचनपछि उपसभामुख बनेका थिए। २०५६ सालको आमनिर्वाचनपछि उनी वाणिज्य मन्त्री बनाइए। उनको निधन हृदयघातका कारण भएको थियो।

**अग्निशिखा**

पत्रकार एवं साहित्यकार अग्निशिखाको गत वर्ष असोज ६ गते निधन भयो। वामपन्थी विचारधाराका अग्निशिखा विभिन्न पत्रपत्रिकामा राजनैतिक लेख लेख्थे। साहित्यकारका रूपमा उनका पाँच पुस्तक प्रकाशित छन्। अग्निशिखाको निधन हृदयघातका कारण भएको थियो। उनी ५३ वर्षका थिए।

**सिद्धिनाथ ज्ञवाली**

नेकपा (एमाले) का केन्द्रीय सल्लाहकार सिद्धिनाथ ज्ञवालीको गत वर्ष कात्तिकमा मृत्यु भयो। तीस वर्ष सक्रिय राजनीति गरेका ज्ञवाली वामविशेषज्ञका रूपमा परिचित थिए। उनको निधन रक्तक्यान्सरबाट भएको थियो। उनी ७४ वर्षका थिए।

**शारदा अधिकारी**

साहित्यकार शारदा अधिकारीको गत वर्ष कात्तिक २४ गते मोटरसाइकल दुर्घटनामा परी निधन भयो। अधिकारी साझा प्रकाशनकी पूर्वसञ्चालक पनि थिइन्। पद्मकन्या क्याम्पसमा उपप्राध्यापकसमेत रहकी शारदाका केही पुस्तकसमेत प्रकाशित छन्।



**रवीन्द्रनाथ शर्मा**

चर्चित राजनीतिज्ञ रवीन्द्रनाथ शर्माको निधन गत वर्ष मंसिरमा भयो। राष्ट्रिय प्रजातन्त्र पार्टीका नेता शर्मा सक्रिय राजतन्त्रको पक्षपाती थिए। विभिन्न समय मन्त्रीसमेत भएका शर्मा अर्थशास्त्रमा राम्रो दखल राख्थे। उनको निधन जन्डिस तथा नसासम्बन्धी रोगबाट भएको थियो। शर्मा ७८ वर्षका थिए।

**रमेश विकल**

चर्चित कथाकार रमेश विकलको गत पुसमा निधन भयो। 'नयाँ सडकको गीत' कथा संग्रहका लागि २०१८ सालमा मदन पुरस्कार प्राप्त गरेपछि उनी चर्चित भए। प्रगतिशील लेखक संघका अध्यक्षसमेत भएका विकलका एक दर्जन कथासंग्रह, केही उपन्यास, संस्मरण तथा फुटकर लेखहरू प्रकाशित छन्। बालसाहित्यमा विशेष रुचि राख्ने विकलले बालबालिकाका लागि पनि एक दर्जन पुस्तक लेखेका छन्।

**बोधनारायण सरदार**

कांग्रेस सभासद् बोधनारायण सरदारको गत वर्ष फागुन ३० गते मोरङ जिल्लाको बाँसबारीमा मोटरसाइकल दुर्घटनामा निधन भयो। सरदार संविधान निर्माणका लागि सुझाव संकलन गर्न सुनसरी र धनकुटा खटिएका थिए। सुझाव संकलन गरी विराटनगर फर्कने क्रममा उनको निधन भएको थियो।

**दीपक आलोक**

रंगकर्मी, चलचित्र लेखक तथा निर्देशक दिपक आलोकको चैत २१ गते निधन भयो। दुवै मृगौलाले काम गर्न छाडेपछि उनको निधन भएको थियो। आलोक ५२ वर्षका थिए।



**उमा सिंह**

जनकपुरमा सक्रिय महिला पत्रकार उमा सिंहको अज्ञात समूहको खुकुरी प्रहारबाट हत्या भयो। उनी स्थानीय रेडियोमा कार्यक्रम सञ्चालन गर्थिन्। उनको हत्या हुनुका पछाडि माओवादीको हात रहेको आशंका गरिएको छ। उनका बुबा तथा दाजुलाई पनि माओवादीले अपहरण गरी बेपत्ता बनाएका थिए। ती दुवैको लास अहिलेसम्म फेला परेको छैन।

Study Abroad
USA / Australia / Canada
Poland / Cyprus / UK / Japan
GMAT / GRE / SAT / IELTS / TOEFL
Language Classes / Computer Classes
Personality Development Courses
Free Processing for Aus / Cyprus / Poland
Educational Directions (P) Ltd.
Kalimati-13, Near by Chandi Complex KTM
Tel.: 01-4284190, 9841316944
G.P.O. Box: 23232
Email: educationaldirections@mail.org

थाहै नदिई
जाँड-रक्सी छुटाउन
यौन शक्ति शीघ्र स्खलन रोकी, उत्तेजना बढाउने Imported Japani Oil
• मोटोपना घटाउन/तौल बढाउन १२ Kg सम्म
• अनुहारको चाँया-पोतो, Pimples साथै Wrinkles को ग्यारेण्टी उपचार
Height Plus @ 1350/-
डेलिभरि सुविधा
0% Side Effect, 100 % effective
4442133, 4438630
चितवन: 9845159169, 061-240234

मुहार
बेदाग गोरो बनाउने आयुर्वेदिक
रूपअमृत - Rs.1650/-
Anti Pimple [Rose Sunscream Free]
मुहारको दाग चायाँपोतो हटाउने Dr. Japan - Rs.350/-
मुहारको चाउरीपना हटाउने Cream - Rs.1250/-
स्तन बढाउने/घटाउने Cream - Rs. 1650/-
ग्यास्ट्रिक, सुगर, ब्लडप्रेशर, दम समाधान
शरीरको तौल + उचाइ बढाउने
सफल आयुर्वेदिक/प्राकृतिक उपचार
शरीरको weight घटाउने Easyway
No Side effect 100% Guaranteed
केश
झर्न तुरुन्तै रोकी उमार्ने तेल
Before After
Herbal44 Rs. 750/- → [Soap Free]
आस्था हेल्थ केयर
काठमाडौं, गोशाला (द्वारिका होटल अगाडि)
Tel.: 4498929, 9841330144
9845062538 Chitwan, इटहरी 025-580944

# विज्ञान प्रविधिमा निराशाजनक उपलब्धि

शिव मुखिया

वर्ष २०६५ मा पनि विज्ञान प्रविधिको क्षेत्रमा नेपालले उल्लेख्य उपलब्धि प्राप्त गर्न सकेन । चालू आर्थिक वर्षको बजेटको क्षेत्रगत प्राथमिकतामा विज्ञान प्रविधि तथा सूचना तथा सञ्चारलाई त्यति महत्व दिइएन । बजेटमा बनेपाको सूचना प्रविधि पार्कलाई विशेष आर्थिक क्षेत्रका रूपमा विकास गरिने, वैज्ञानिक तथा प्राविधिक प्रतिभाको विदेश पलायन रोक्न अनुसन्धान प्रस्तावको आधारमा देशभित्रै उपलब्धिमूलक कार्यमा संलग्न हुन प्रोत्साहन गर्ने कार्यक्रम सञ्चालन गर्ने उल्लेख गरिएको छ । नेपाल विज्ञान तथा प्रविधि प्रतिष्ठानअन्तर्गत राष्ट्रिय स्तरको प्रयोगशाला निर्माण गर्ने, राष्ट्रिय सूचना बैंकको स्थापना गरिने र यसका भवन निर्माणका लागि २३ करोड रुपैयाँ विनियोजन गरेको छ । ग्रामीण समुदाय, विद्यालय तथा हुलाक कार्यालयहरूमा समेत गरी थप १ सय ७५ टेलिसेन्टर स्थापना गर्न ५ करोड ७५ लाख छुट्याइयो । यसैगरी च्छो-रोल्पा हिमताल फुट्ने वा बाढीको जोखिमका सम्बन्धमा पूर्वानुमान गर्ने र त्यसको सूचना सार्वजनिक गर्न व्यवस्था गर्ने, जलस्रोत एवं जलविद्युत् विकास, कृषि तथा वातावरणमा मौसम परिवर्तनले पार्न सक्ने असरका बारेमा अध्ययन गर्न एक सुविधासम्पन्न मौसम परिवर्तन अनुसन्धान केन्द्रको स्थापना गरिने कुरा बजेटमा उल्लेख छ ।

**डाँफे उड्यो** : नेपालको इतिहासमै पहिलो पटक नेपाली विद्यार्थीहरूले बनाएको विमान 'डाँफे'को सफल परीक्षण उडान पोखरामा गरियो । पुल्चोक क्याम्पसमा अध्यनरत चार जना विद्यार्थीले चार वर्ष लामो योजना र परिश्रमपछि उक्त विमानको निर्माण गरेका थिए । अस्ट्रियन प्रविधिको इन्जिनजडित विमान नेपाली प्रविधि र स्थानीय सामग्रीको प्रयोग गरी निर्माण गरिएको थियो । विमानलाई एभिया क्लब नेपालका पाइलट एलेक्जेन्डर म्याक्सिमोभले उडाएका थिए । उक्त विमानले दुई घण्टासम्म १ सय किलोमिटर प्रतिघण्टाको गतिमा ६ हजार फिट उचाइसम्म उडान भर्न सक्छ ।

**सेतीमाथि यान्त्रिक पुल** : इन्जिनियरिङ क्षेत्रमा कार्यरत नेपाली युवाहरूले स्वदेशी श्रम, सीप र प्रविधिबाट पहिलो पटक केबुलकार आकारको यान्त्रिक पुल निर्माण गरे । १ हजार किलो तौल बोक्न सक्ने उक्त यान्त्रिक पुल तनहुँ दुलेगौंडा र कास्कीको भरतपोखरी जोड्ने कोत्रेस्थित सेती नदीमाथि सञ्चालन गरिएको छ । तीन वर्षको अथक मेहनतपछि तयार गरिएको यान्त्रिक पुलले करिब डेढ घण्टाको बाटोलाई ५ मिनेटमा छोट्याएको छ । ५ सय २० मिटर लामो पुलको केबुलबाहेक अन्य सामग्री नेपाली प्रविधिबाट तयार गरिएको हो ।

**सजीवनको तेलबाट मोटर** : पेट्रोलियम पदार्थको हाहाकार मच्चिइरहेका बेला पाल्पाका एक युवाले सजीवनको तेलबाट मोटर चलाएर सबैलाई चकित पारे । सजीवनमा फल्ने फलको बियाँलाई तोरी पेल्ने सामान्य मिलमा पेलेर निकालिएको तेलबाट उनले ट्याक्टर गुडाएका थिए । पाल्पा मदनपोखराका केशव कार्कीले दोस्रो पटक भने सल्लाको खोटोलाई रक्सी बनाउने विधिबाट तेल निकालेर मोटरसाइकल गुडाए ।

**क्यान इन्फोट्रेड** : सूचना तथा सञ्चार प्रविधि (आईसीटी) सम्बद्ध मेला इन्फोट्रेड भव्यताका साथ सम्पन्न भयो । आईसीटीका क्षेत्रमा विकास भएका नयाँ प्रविधिका सम्बन्धमा जानकारी दिने उद्देश्यले राजधानीको भृकुटीमण्डपमा मेला आयोजित गरिएको थियो ।

**क्यान इन्फोटेक** : वर्षकै भव्य सूचना प्रविधि मेला क्यान इन्फोटेकको १५ औं संस्करण कम्प्युटर एशोसिएसन अफ नेपाल (क्यान) ले आयोजना गऱ्यो । राजधानीलगायत हेटौंडा र बुटवलमा बेग्ला-बेग्लै समयमा इन्फोटेक आयोजना गरिएको थियो । सूचना-प्रविधिको क्षेत्रमा विकास भएका अत्याधुनिक सामग्रीहरूका सम्बन्धमा एकै थलोबाट जानकारी हासिल गर्न सकिने इन्फोटेकमा लाखौं अवलोकनकर्ता झुम्मिए ।

**मोबाइल एक्स्पो** : मोबाइल एसोसिएसन अफ नेपाल (म्यान) को आयोजनामा मोबाइल एक्स्पो भयो । मोबाइल सेवा प्रदायक डिलर, होलसेलर, मर्मतकर्ता, खुद्रा व्यापारीलाई एकै छानामुनि भेट्न सकिने अवसर एक्स्पोले जुराएको थियो । मोबाइल एक्स्पोमा ताररहित प्रविधिका क्षेत्रमा विकास भएका विभिन्न उपकरण विशेष आकर्षण बनेका थिए ।

**क्वान्टा एक्जिविसन** : पहिलो पटक भौतिक शास्त्रसम्बन्धी प्रदर्शनी क्वान्टा एक्जिविसन सम्पन्न भयो । उक्त प्रदर्शनी भौतिक शास्त्र केन्द्रीय विभाग द्वितीय वर्षमा अध्ययनरत विद्यार्थीहरूले गरेका थिए ।

**विज्ञान प्रविधि प्रदर्शनी** : पुल्चोकस्थित इन्जिनियरिङ क्याम्पस तथा लोकस परिवारको संयुक्त आयोजनामा सिभिल इन्जिनियरिङ, इलेक्ट्रोनिक्स तथा इलेक्ट्रिकल विषयसँग सम्बन्धित विभिन्न आठ विधालाई समेटेर विज्ञान-प्रविधि प्रदर्शनी गरियो । प्रदर्शनीमा एक किलोमिटर उचाइसम्म पानी फ्याँक्ने मेसिन, अटोमेटिक ट्रलीबस, बैंक तथा घरको सुरक्षा गर्ने कम्प्युटर सफ्टवेयरजस्ता विभिन्न प्रविधिको नमुना प्रदर्शन गरिएको थियो ।

**रोबोट प्रतियोगिता** : पुल्चोक इन्जिनियरिङ क्याम्पसको रोबोटिक्स क्लबले भोटोजात्रा शीर्षकमा चौथो राष्ट्रिय रोबोट प्रतियोगिता सम्पन्न गऱ्यो । प्रतियोगितामा हिमालयन कलेज अफ इन्जिनियरिङ कलेज अब्बल ठहरियो ।

**कृषि र प्रविधि** : कृषिप्रधान देश नेपालमा कृषिक्षेत्रले कुल गार्हस्थ्य उत्पादनमा ४० प्रतिशत योगदान पुऱ्याउँदै आएको छ । वैज्ञानिक खेती प्रणाली र प्रविधिको अभावमा नेपालको कृषिक्षेत्रले छलाङ मार्न सकेको छैन । यही तथ्यलाई दृष्टिगत गर्दै नेपाल कृषि अनुसन्धान परिषद् (नार्क) को मातहतमा केही कृषि उपकरण निर्माण भए, बीउ-बाली प्रणालीमा नयाँ अनुसन्धान थालिए ।

**कफी पल्पर** : छिटो-छरितो रूपमा कफी छोडाउन नार्कले कफी पल्पर विकसित गऱ्यो । कफी छोडाउने परम्परागत शैलीलाई पन्छाउँदै विकास गरिएको यो यन्त्रले छोटो समयमा कम श्रमबाटै कफी छोडाउन सक्छ । एईडी रोलर कफी पल्पर, एईडी साइकल पल्पर तथा एईडी एलेक्ट्रिकल पल्परले प्रतिघण्टा ६० देखि १ सय ५० किलोसम्म कफी छोडाउने सक्छ ।

**जीरो ट्रिल** :गहुँको उत्पादन वृद्धिका लागि यो वर्ष नार्कले जीरो ट्रिल प्रविधिको विकास गऱ्यो । नेपालीमा शून्य जोताइ एवं स्रोत संरक्षण प्रविधि भनिने यस प्रविधिले गहुँको उत्पादनमा वृद्धि भएको जनाइएको छ । यो प्रविधिबाट गहुँ रोप्दा ३० देखि ४० प्रतिशतसम्म उत्पादन वृद्धि हुन्छ ।

**सुख्खामा फल्ने धान** : अन्तर्राष्ट्रिय धानबाली अनुसन्धान संस्थानले नेपालमा सुख्खा सहने धानको नयाँ जात विकास गर्न अनुसन्धान प्रारम्भ गऱ्यो । संस्थाले नेपाल, भारत, बंगलादेश र अफ्रिकाका केही देशमा सुख्खा वा आकाशे पानीको भरमा उत्पादन हुने उक्त धानको विकास गर्न अनुसन्धान थालेको बताएको छ ।

**कोदोबाट चाउचाउ र बिस्कुट** : नार्कले कोदोबाट चाउचाउ, पाउरोटी र बिस्कुट आदि बनाउने अनुसन्धानको थालनी गऱ्यो । धान, मकै र गहुँमा रहेको खाद्यान्नको निर्भरता कम गर्न कोदोबाट सम्भव भएसम्म धेरै परिकार बनाउने उद्देश्यले यो कार्यक्रम थालिएको हो । कोदो मात्र नभै फापरबाट समेत यस्ता परिकार बनाउन नार्कले अनुसन्धान थालेको हो ।

**अन्तर्राष्ट्रिय भेलाहरू**

यो वर्ष विज्ञान, चिकित्सा र इन्जिनियरिङका क्षेत्रमा सम्बद्ध विशेषज्ञहरूको महत्त्वपूर्ण भेला/सम्मेलन आयोजना भए । अन्तर्राष्ट्रिय क्षेत्रका पोख्त र विशिष्ठ व्यक्तिहरूको समेत सहभागिता रहेका यी भेलाहरू भविष्यका लागि सम्भाव्यता पहिल्याउन महत्त्वपूर्ण मानिए ।

**विज्ञान सम्मेलन** : हरेक चार वर्षको अन्तरालमा आयोजना हुने बृहत् राष्ट्रिय विज्ञान सम्मेलनको पाँचौं संस्करण यसै वर्ष सम्पन्न भयो । सम्मेलनमा नेपाललगायत विभिन्न मुलुकका १ हजार ४ सय वैज्ञानिकको सहभागिता थियो । कात्तिक २५ देखि २७ सम्म सञ्चालन भएको सम्मेलनमा प्राप्त ६ सय ५० कार्यपत्रमध्ये ९० प्रतिशत प्रस्तुत गरिएको थियो । त्यसमध्ये १ सय १ कार्यपत्र कृषिक्षेत्रसँग सम्बन्धित थिए ।

**शल्यचिकित्सा** : शल्यक्षेत्रमा क्रियाशील चिकित्सकहरूको नवौं अन्तर्राष्ट्रिय सम्मेलन राजधानीमा सम्पन्न भयो । नेपाललगायत विभिन्न मुलुकका ३ सय २० चिकित्सकको सहभागिता रहेको उक्त सम्मेलनमा १ सय १३ वटा कार्यपत्र प्रस्तुत गरिएको थियो ।

**बायोमेडिकल इन्जिनियरिङ** : नेपालमा पहिलो पटक चिकित्सासम्बन्धी सामग्री, उपकरण र पुनःप्रयोग गर्न सकिने औषधी विषयक अन्तर्राष्ट्रिय स्तरका गोष्ठी सम्पन्न भए । कलेज अफ बायोमेडिकल इन्जिनियरिङ एन्ड एप्लाइड साइन्सेज काठमाडौं, सोसाइटी फर बायो मेटेरियल्स एन्ड आर्टिफिसियल अर्ग्यान्स, इन्डिया (एसबीएओआई) र सोसाइटी फर टिस्यु इन्जिनियरिङएन्ड रिजेनेटिभ मेडिसिन, इन्डिया (स्टर्मी) को संयुक्त आयोजनामा मंसिर ८ देखि १० सम्म उक्त भेला सम्पन्न भएको थियो ।

**कृषि विज्ञान सम्मेलन** : सोसाइटी अफ एग्रिकल्चर साइन्टिस्टको तेस्रो सम्मेलनमा १ सय ६२ जना कृषिक्षेत्रमा कार्यरत वैज्ञानिकहरूको सहभागिता थियो । नार्कको भवनमा सम्पन्न सो सम्मेलनमा १ सयभन्दा बढी कार्यपत्र प्रस्तुत गरिए ।

**डीएनए परीक्षण** : मानव अवशेषबाट डीएनए परीक्षण नेपालमै प्रारम्भ भयो । ताजा रगतबाट मात्र नाता प्रमाणित गर्न डीएनए परीक्षण गर्दै आएको राष्ट्रिय विधि विज्ञान प्रयोगशालाले कात्तिकदेखि मानव अवशेषबाट डीएनए परिक्षण सुरु गरेको छ । यस्तो परीक्षणबाट हाडखोर, रौं, सुकेको रगत आदिबाट डिएनए परिक्षण गर्न सकिनेछ ।



## सूचना तथा सञ्चारमा वर्ष २०६५

**एडीएसएल प्रविधि** : नेपाल टेलिकमले द्रुत गतिको इन्टरनेट सेवा प्रारम्भ गऱ्यो । एडीएसएल प्रविधिको यो सेवाबाट ग्राहकले टेलिफोन एक्सचेन्जरदेखि तामाको तारमार्फत घरमा जडित टेलिफोन तारमा थप उपकरण जडान गरेर एकै पटक तीव्र गतिको इन्टरनेट चलाउन सक्नेछन् । एसिमेट्रिक डिजिटल सब्स्क्राइवर लाइनको यो सेवा चलाएबापत टेलिफोनको बिल तिर्नुपर्दैन ।

**इजी रिचार्ज** : इनोभेटिभ प्रा.लि.ले नेपाल टेलिकमसँगको साझेदारीमा इजी रिचार्ज सेवा प्रारम्भ गऱ्यो । विद्युतीय माध्यमबाट रिचार्ज पिनको सहायताले मोबाइल फोनमा रकम ट्रान्सफर गर्ने यो प्रविधि लागू भएपछि उपभोक्ताले कार्ड सिस्टमअन्तर्गतको स्क्राच पद्धतिको विकल्प पाए ।

**महसुल घट्यो** : अन्तर-आबद्धता शुल्क घटाउन नेपाल दूर सञ्चार प्राधिकरणले दिएको निर्देशनअनुसार युनाइटेड टेलिकम लिमिटेड र मेरो मोबाइलले महसुल घटाए ।

**मोबाइल सेटको बिक्री घट्यो** : विश्वव्यापी आर्थिक मन्दीको असर मोबाइल सेट बिक्रीमा पनि देखा पऱ्यो । सूचना प्रविधिको अनुसन्धानमा संलग्न संस्था गार्टनरले सार्वजनिक गरेको प्रतिवेदन अनुसार सन् २००८ अन्तिम तीन महिना अक्टेबर, नोभेम्बर र डिसेम्बरमा मोबाइल सेट बिक्री अघिल्लो वर्षभन्दा ५ प्रतिशतले घटेको हो ।

**साधारण सेटबाट इन्टरनेट प्रयोग गर्ने घटे** : महँगो र ढिलो खुल्ने भएपछि साधारण टेलिफोनबाट इन्टरनेट प्रयोग गर्नेहरूको संख्या यो वर्ष निकै घट्यो । महिनैपिच्छे साधारण फोनबाट इन्टरनेट लिने ग्राहक घटिरहेको नेपाल टेलिकमको प्रतिवेदनमा उल्लेख छ ।


भर्ना खुल्यो

प्राइभेट

Test/S.L.C.

कक्षा ८ पास ९, १० र SLC पास वा फेल भई स्कूल जान छोडेकाहरुलाइ १ वर्षे विशेष कक्षा

ब्राइट फ्यूचर Morning & Day shift

चावहिल, चुच्चेपाटी

(NCC बैंकको ठीक अगाडि)

फोन:४४६३०७३, ९८५१००२८०४

अर्जेन्ट आवश्यकता

NGO बाट सञ्चालित सरकारी मान्यता संस्थालाई विभिन्न पदका कर्मचारीको आवश्यकता पार्ट टाइम फुलटाइम जबको व्यवस्था । मासिक आम्दानी: ९५००+ गाडिभाडा संख्या: १० महिला ६ पुरुष योग्यता: साधारण लेखपढ Test SLC +2 Basic Computer

सम्पर्क: २०६४०५९, ९८४१४९३०२६, ९८०३०७५९८१ चावहिल

नोट: Test SLC दिएर बसेका विद्यार्थी र गृहिणीलाई प्राथमिकता

शनिबार अफिस खुल्ला हुनेछ ।



# सम्भावना नयाँ मुहारको

सुव्रत आचार्य

राजेश हमालबाहेक नेपाली चलचित्र क्षेत्रमा पढेका कलाकार छैनन्। नेपाली चलचित्रका नायक-नायिकाहरूमाथि यो आक्षेप लागिरहेकै छ। आधुनिक प्रविधि र जीवनलाई बुझ्ने कलाकारहरूको कमी छ, यो अर्को आक्षेप हो। नायिकाहरूको चरित्रमाथि औंला ठड्याउन सकिन्छ र चरित्रवान् नायकहरू पनि कम छन्, आक्षेपकै श्रृंखलाको यो अर्को मुद्दा हो। राजेश हमाल र निखिल उप्रेतीबिना चलचित्र बन्न सक्दैन, बने पनि चल्न सक्दैन भन्ने पुरानो सोचमा यो वर्ष केही परिवर्तन आएको छ। चलचित्रमा झरना थापा र रेखा थापा आदि स्थापितहरूकै एकाधिकारमा पनि प्रश्न उब्जियो।

विगतको तुलनामा नयाँ मुहारको आगमन बढ्यो र प्रतिभावानहरूले पुराना एवं स्थापितहरूलाई चुनौती दिए।

आलोक नेम्वाङको 'सानो संसार'ले निकै चर्चा पायो। नेपाली चलचित्रका भनेर तोकिने दर्शक मात्र होइनन्, सहरिया दर्शकलाई पनि यो चलचित्रले प्रभाव पार्‍यो। यही चलचित्रबाट तीन जना नायक र एउटी नायिकाको पदार्पण भयो, जसमा नायक जीवन लुइँटेल एकपछि अर्को चलचित्रमा व्यस्त छन्।

चलचित्र लेखकबाट निर्देशक भएका विकास आचार्यद्वारा निर्देशित पहिलो चलचित्र 'नसिब आफ्नो' का नायक जीवनले त्यो चलचित्रले सफलता पाएपछि पछाडि फर्केर हेर्नुपरेको छैन। 'सानो संसार'की नायिका नम्रता श्रेष्ठले आमसञ्चारमा आफ्नो स्थान जमाइन्। यद्यपि उनले यो वर्ष एउटा मात्र चलचित्रमा अभिनय गरिन्। उक्त चलचित्रका नायक महेश शाक्यको भने निरन्तरता देखिएन। अर्का नायक विनय श्रेष्ठ भने केही म्युजिक भिडियोमा देखिनुका साथै एउटा टेलिभिजन कार्यक्रमको सञ्चालक भए।

गत वर्ष सार्वजनिक भएको चलचित्र 'पर्खिबसेँ'मा देखिएका राजबल्लभ कोइराला र युना उप्रेतीमध्ये राजबल्लभ वर्षभरि नै व्यस्त रहे। उनको व्यक्तित्व र अभिनयको चर्चा भैरह्यो। चलचित्र प्रदर्शन नभए पनि 'कुसुमे रुमाल'को सिक्वेलबाट उदाउन लागेका मिस्टर युनिभर्सिटी इन्टरनेसनल नीरज बराललाई नरेश पौड्यालले आफ्नो चलचित्र 'दीपशिखा'मा लिएका छन्। उनका यी दुवै चलचित्र ०६६मा सार्वजनिक हुनेछन्।

विगत दुई वर्षदेखि अनवरत चलचित्रमा अभिनय गरिरहेका नायक अर्जुन कार्कीका दुई चलचित्र प्रदर्शनमा आए, जसमध्ये एउटामा उनी खलनायक छन् भने अर्कोमा नायक। रेस्लिङ तथा स्टन्टको पृष्ठभूमिबाट आएका यी नायकले निकै सम्भावना बोकेको निर्माताहरूको ठहर छ। नायिका युना उप्रेती चलचित्र 'पर्खिबसेँ' सुपरहिट भैसक्दा पनि निर्देशक दीपक श्रेष्ठको 'क्याम्प'की नायिका भनिएपछि अरू निर्देशकहरूका चलचित्रमा देखा पर्न सकिनन्। यद्यपि उनले यो वर्ष दीपक श्रेष्ठको निर्देशनमा 'पर्खिबसेँ' बाहेक तीनवटा चलचित्रमा अभिनय गर्ने अवसर पाइन्। एउटामा त उनको दोहोरो भूमिका पनि छ। वर्षको अन्त्यतिर उनले निर्देशक मदन घिमिरेको चलचित्रमा अभिनय गर्ने अवसर पाइन्। त्यसपछि फेरि उनी दीपककै क्याम्पमा समाहित भइन्।

नवनायकहरूको सूचीमा दीपकराज गिरीको नाम पनि आउँछ। हास्य अभिनेताका रूपमा उनलाई सबैले चिनेकै छन्। चलचित्र 'सुन्दर मेरो नाम' मार्फत उनी पहिलो पटक नायक भएर देखा परे। चलचित्रले सोचेजति व्यापार गर्न नसके पनि उनको चर्चा भने चलिरह्यो। वर्षको एक सुपरहिट चलचित्र 'सिलसिला' मार्फत उदाएका नायक राज तिमिल्सिना उक्त चलचित्रमा गरेको अभिनयले भन्दा नायिका सोनिया केसीसँगको चुम्बनको दृश्यका कारण चिनिए। चलचित्र 'सिलसिला'को एउटा दृश्यमा राजले नायिका सोनियासँग 'टङ्किस' गरेका छन्। यद्यपि नायिका केसीको दाबी छ कि त्यो 'टङ्किस' थिएन, मात्र 'लिपकिस' थियो।

चैतको दोस्रो साता सार्वजनिक भएको चलचित्र 'जिन्दगी'बाट पनि दुई नायक प्रमोददीप र पुष्कर रेग्मी उदाए। चलचित्र 'जिन्दगी'का नायक प्रमोदले चलचित्रमा शरीरमाथि गाडी कुदाउने, मोटरसाइकल बोक्नेजस्ता स्टन्ट गरेका छन्। प्रमोद चलचित्रको पर्दामा नौला होइनन्, यसअघि उनले गत वर्ष एलसीडी चलचित्र 'खेलाडी'मा अभिनय गरिसकेका छन्। 'गिरफ्तार' र 'नसिब आफ्नो' वर्षका दुई सफल चलचित्र मानिएका छन्। यी दुई चलचित्रमार्फत उदाएकी नायिका जेनिशा केसीको चर्चा पनि वर्षभरि नै रह्यो। कहिले राजीव श्रेष्ठसँग त कहिले साइबरसंसार डटकमसँग खिचाइएका उत्तेजक तस्बिरका कारण उनको चर्चा बढेको थियो।

धेरै समय मोडलिङ गरेपछि नेपाल टेलिभिजनमा चलचित्रसम्बन्धी कार्यक्रमकी निर्मात्री एवं प्रस्तोता भएर चर्चामा आएकी सोभिता सिम्खडा पनि यो वर्ष नायिकाका रूपमा चलचित्रको पर्दामा देखा परिन्। उनले अभिनय गरेको चलचित्र 'सन्देश'ले सफलता पायो। त्यसपछि उनको निरन्तरताका बारेमा केही सुनिएको छैन।

सबैभन्दा रमाइलो कुरा के भने यो वर्ष पदार्पण भएका जति पनि नयाँ मुहार छन्, तीमध्ये अधिकांशले स्नातक गरेका छन् भने केहीले प्लस टु, अनि तीमध्ये पनि धेरैले नेपाली चलचित्रलाई नयाँ दिशातर्फ डोर्‍याउने सम्भावना देखाएका छन्।

### वर्ष ०६५ का नयाँ मुहार

**नायक**

राजबल्लभ कोइराला (पर्खिबसेँ)
अर्जुन कार्की (हाम्रो मिलन कहिले हुन्छ ?)
जीवन लुइँटेल (नसिव आफ्नो/सानोसंसार)
दीपकराज गिरी (सुन्दर मेरो नाम)
राज तिमिल्सिना (सिलसिला)
प्रमोददिप/पुष्कर रेग्मी (जिन्दगी)
महेश शाक्य/विनय श्रेष्ठ (सानो संसार)

**नायिका**

युना उप्रेती (पर्खिबसेँ)
नम्रता श्रेष्ठ (सानो संसार)
जेनिषा केसी (गिरफ्तार/नसिव आफ्नो)
सोभिता सिम्खडा (सन्देश)
सोनिया केसी (सिलसिला)

# बितेको वर्षलाई हेर्दा





चलचित्रकर्मीको भाषामा यो वर्ष फलिफाप रहयो। दैनिक १६ घण्टा लोडसेडिङले सुटिङलगायत अन्य प्राविधिक काममा अवरोध आए पनि चलचित्रको व्यापार राम्रो भएकाले आमनिर्माताले यो वर्षलाई सफल वर्षका रूपमा लिए। यो वर्ष प्रदर्शनमा आएका सिलसिला, गिरफ्तार, हाम्रो मिलन कहिले हुन्छ, म तिमीबिना मरिहाल्छुलगायत एक दर्जन चलचित्रले सन्तोषजनक व्यापार गरे। निर्देशनमा सक्रिय व्यक्तिहरूको गणना गर्न लायक पक्ष खासै रहेन। पुराना निर्देशक दयाराम दाहाल, सोभित बस्नेत, दीपक श्रेष्ठ, शिव रेग्मी आदिका लागि औसत रहे पनि नयाँ निर्देशक राजेन्द्र उप्रेतीले बाजी मारे। उनले निर्देशन गरेका तिनै चलचित्र जय शिव शंकर, गिरफ्तार र सिलसिला हिट भए। सफल लेखकका रूपमा चिनिने विकास आचार्य यसै वर्षदेखि निर्देशकका रूपमा दर्ता भए। चलचित्र लेखकको हकमा प्रदीप भारद्वाज, मौनता श्रेष्ठ र सुरज सुब्बाको स्थान उस्तै-उस्तै रहयो।

अभिनेता राजेश हमाल, निखिल उप्रेती र विराज भट्टले आफ्नो जगजगी कायमै राखे पनि उल्लेख्य उपस्थिति जनाउन सकेनन्। अर्जुन कार्कीले यो वर्ष आधा दर्जनभन्दा बढी चलचित्रमा काम गरेपनि 'मृत्युञ्जय' र 'हाम्रो मिलन कहिले हुन्छ' प्रदर्शन भयो तर त्यसले पनि सफतला पाउन सकेन। नयाँ नायकहरू आर्यन सिग्देल, राजबल्लभ कोइराला र जीवन लुइँटेलले राम्रै सफलता पाए। अभिनेत्रीतर्फ रेखा थापाको दबदबा विगतको भन्दा कम भएन। रेजिना उप्रेती, अरुणिमा लम्साल, सञ्चिता लुइँटेल, उषा पौडेलले पुरानै पारामा काम गरेर वर्ष बिताए भने ऋचा घिमिरे युरोप भ्रमण गरेर आइन्। पुरानी नायिका गौरी मल्लको 'जंगबाज'बाट पुनरागमन भएको छ। चलचित्र संगीतमा पनि गत वर्षजस्तै सुरेश अधिकारी नै अगाडि रहे।

### कलाकारका चलचित्र सफल

अभिनेता भुवन केसीको लगानीमा बनेको चलचित्र 'म तिमीबिना मरिहाल्छु नि' यस वर्षको हिट चलचित्रको सूचीमा परेको छ। एक दशकपछि अभिनयमा फर्किएकी मौसमी मल्ललाई पनि रमाइलै भयो, उनले बनाएको चलचित्र 'गिरफ्तार' दर्शकले मन पराए। अभिनेत्री झरना थापाले बनाएको 'तकदिर' ले पनि मोफसलमा राम्रै व्यापार गरेको थियो। अर्की अभिनेत्री रेखा थापाको 'किस्मत'ले पनि उनको भाग्य चम्काएरै छाड्यो।

### स्क्यान्डल

अभिनेत्री रेखा थापाले चर्चा पाइन्। भोजपुरी चलचित्र 'मृत्युदण्ड'मा काम गर्ने क्रममा बलिउड कलाकार शक्ति कपुरको हिरोइन बन्न पुगेकी रेखा शक्तिले दुर्व्यवहार गरेको समाचारसँगै चर्चामा आएकी थिइन्। भारतीय सञ्चारमाध्यमले समेत रेखाकै समर्थनमा समाचार सम्प्रेषण गरेपछि उनको चर्चा अकासिएको थियो।

तीन वर्षअघि अभिनेता निखिल उप्रेतीसँग चलचित्र नखेल्ने घोषणा गरेकी रेखाको यो वर्ष अर्का नायक विराजसँग पनि भनाभन भयो। विराजले पनि रेखासँग काम नगर्ने घोषणा गरेका छन्। रेखाकै पथमा आइन् अर्की नायिका जेनिशा केसीले। 'गिरफ्तार'मा काम गरेर रजतपटमा प्रवेश गरेकी जेनिशाको सुरुवातै विवादबाट भएको थियो। अभिनेता विराज भट्टको खास हिरोइनका रूपमा परिचय स्थापित गरेकी जेनिषा विराजसँगको संगतकै कारण 'दोस्ती'बाट केही समयका लागि निकालिइन्, तर निर्माण समूहको भलाकुसारीपछि उनले पुनः काम गर्ने अवसर पाइन्। यस क्रममा भुवन केसी र रञ्जना शर्माको स्क्यान्डलले पनि चर्चा पायो। त्यही हल्लाका कारण रञ्जनाको पारपाचुके भएको कतिपयको विश्वास छ।

### विकास बोर्डको सक्रियता

गणेश भण्डारी चलचित्र विकास बोर्डको अध्यक्ष पदमा नियुक्त भएपछि नेपाली चलचित्रको हितमा केही नयाँ काम गरेर देखाए। पूर्व अध्यक्ष ईश्वरचन्द्र ज्ञवालीले बनाएको चलचित्र दर्ता गर्दा स्क्रिप्ट पास गर्नुपर्ने नियम उनले खारेज गरिदिए भने विदेशी चलचित्रको सेन्सरमा केही जटिल प्रक्रिया अपनाए। उनको यो निर्णयलाई आमचलचित्रकर्मीले सकारात्मक रूपमा लिएका छन्। अहिले विदेशी चलचित्रको जाँचपास गराउँदा स्क्रिप्ट पेस गर्नुपर्ने नियम छ। नेपालमा यो नियम पहिलो पटक लागू भएको हो। त्यस्तै नेपाली चलचित्रको पक्षमा केही नयाँ नियमावली ल्याएका भण्डारीको आलोचना पनि उत्तिकै भयो। उनकै पहलमा बोर्डले विदेशी भूभागबाट इन्टरनेटमार्फत डाउनलोड गरेर चलचित्र चलाउन नपाइने नियम बनाएको छ भने गाउँ-गाउँमा चलचित्र देखाउन घुम्ती चलचित्रको अवधारणा पनि अघि सारेको छ। डाउनलोड गरेर चलचित्र चलाउन नपाइने नियम केही हलमालिकको टाइको दुखाइको विषय बनेको छ भने नेपाली चलचित्रको बजार बिस्तारका लागि अपनाइने भनिएको केही आश्वासनले मख्ख पारेको छ निर्माताहरूलाई।

### विदेशी कलाकारको आगमन


बलिउड अभिनेत्री सवाना आजमी नेपाल आइन्। अभिनयका अतिरिक्त सामाजिक काममा समेत सक्रिय शवाना एचआईभी/एड्ससँग काम गर्दै आएकाहरूलाई सघाउन नेपाल आएकी थिइन् भने हास्यअभिनेता गोविन्दा पनि पशुपतिनाथ मन्दिरमा पूजा गर्न भन्दै नेपाल आएका थिए। निजी कामका लागि नेपाल आएका गोबिन्दाले एक साताभन्दा बढी नेपालमै बिताएका थिए भने नेपालमै घर घडेरी किन्ने योजनासमेत बनाएका थिए उनले। अर्की भारतीय अभिनेत्री प्रीति झिंगयानीलाई निर्देशक दीपक रायमाझीले नेपाली चलचित्र 'हाम्रो मिलन कहिले हुन्छ' को एउटा गीतमा आइटम नृत्य गराए, जुन चलचित्र काठमाडौंका दर्शकले हेरिसकेका छन्।

### आरोप-प्रत्यारोप

आरोप-प्रत्यारोपमा उत्रिए युवराज लामा र अशोक शर्मा। लामाले शर्मालाई विदेशी चलचित्रको दलाल भन्न पछि परेनन् भने शर्माले लामालाई नक्कली माओवादी भन्नसमेत भ्याए। केपी पाठक र राजकुमार राईले पनि एक-अर्काप्रति मज्जैले व्यङ्ग्य गरे। आरोप-प्रत्यारोपमा निर्देशक सोभित बस्नेत र नायिका रेजिना उप्रेती पनि थिए तर अहिले उनीहरूको कुरा मिलिसकेको छ।

### चलचित्र महोत्सव

यो वर्ष पनि उल्लेख्य चलचित्र महोत्सव हुन सकेन। चलचित्र प्राविधिक संघ र चलचित्र विकास बोर्डले परम्परागत रूपमै महोत्सव सम्पन्न गरे पनि ती महोत्सवले सकारात्मक प्रभाव पार्न सकेनन्। बोर्डले गरेको महोत्सवमा माओवादी पृष्ठभूमिका चलचित्रले एवार्ड पाएका थिए भने प्राविधिक संघले दामासाहीले एवार्ड बाँडेको आरोप लागेको थियो। तुलनात्मक रूपमा वृत्तचित्र महोत्सव राम्रो भयो। छैटौं पर्वतीय चलचित्र महोत्सव र पहिलो साफ्मा वृत्तचित्र महोत्सवको प्रभाव राम्रै रह्यो। यस वर्षदेखि चलचित्र संघले 'मोसन पिक्चर्स एवार्डलाई निरन्तरता दिने भएको छ। चलचित्र क्षेत्रमा राम्रै प्रभाव छाड्दै आएको मोसन पिक्चर्स एवार्डले निरन्तरता पाउने खबरले आमचलचित्रकर्मी खुसी छन्।



### दुर्घटना

सोभित बस्नेत निर्देशित चलचित्र 'जंगबाज' को सुटिङमा लडेर अभिनेता राजेश हमाल एक साता ओछ्यान परे। गम्भीर चोट नलागे पनि शरीरका केही भागमा घाउ लागेपछि अभिनेता हमाल एक साता ओछ्यान परे। अर्को चलचित्र 'द मोस्ट वान्टेड'को सुटिङमा अर्का अभिनेता राजेश ढुंगाना घाइते भए।

### विवाह र सम्बन्ध-विच्छेद

निर्देशक श्याम भट्टराई र नायिका रञ्जना शर्माको औपचारिक रूपमा सम्बन्धविच्छेद भएको छ। तीन वर्षअघि प्रेमविवाह गरेका श्याम र रञ्जनाले औपचारिक रूपमै सम्बन्धविच्छेद गरेका छन्। उनीहरूले दाम्पत्य सम्बन्ध टुटे पनि व्यावसायिक सम्बन्ध भने कायम रहने बताउँदै आएका छन्।

### संघ-संस्था एकीकरण

सहकर्मी संस्थाका रूपमा परिचित भए पनि चलचित्र संघ र चलचित्र निर्माता संघका पदाधिकारीबीच यस वर्ष पनि सुमधुर सम्बन्ध कायम रहन सकेन। वर्षको प्रारम्भदेखि नै एक-अर्काविरुद्ध खनिँदै आएका संघका पदाधिकारीको चालचलन अहिले पनि यस्तै छ।

अशोक शर्माले नेतृत्व गरेको नेपाल चलचित्र निर्माता संघ र राजकुमार राईले नेतृत्व गरेको राष्ट्रिय चलचित्र निर्माता संघको एकीकरण यही वर्ष भयो। एकीकरणपछि अहिले संघमा निर्वाचनको रौनक छ।

# करिश्मा साँच्चै फर्किने ?



आफैंले निर्माण गरेको चलचित्र 'बाबुसाहेब' व्यावसायिक रूपमा असफल भएपछि चलचित्र क्षेत्रबाट बिरक्तिएर अमेरिका पलायन भएकी नायिका करिश्मा मानन्धर अब भने स्वदेश फर्कने भएकी छिन्। त्यसो त केही महिनाअघि पनि करिश्मा नेपाल आउने खबर सार्वजनिक नभएको होइन, तर त्यस बेला त्यो खबर असत्य सावित भयो। *साप्ताहिक*लाई प्राप्त जानकारीअनुसार आगामी अप्रिल २३ अर्थात् वैशाख १० गते बिहीबार उनी सधैंका लागि नेपाल फर्किंदैछिन्।

आगामी बिहीबार साँझ काठमाडौंस्थित त्रिभुवन विमानस्थलमा नायिका मानन्धर सवार विमान ल्यान्ड गर्दा उनीसँग उनकी छोरी कविता तथा श्रीमान् विनोद मानन्धर पनि सँगै हुनेछन्। करिब पाँच वर्षअघि अमेरिका पलायन भएकी करिश्माले केही वर्षअघि छोरी कवितालाई पनि आफूसँगै अमेरिका लगेकी थिइन्। यसपटक करिश्माका निर्माता श्रीमान् विनोद उनलाई लिन अमेरिका पुगेका छन्। 'अब उनी नेपालमै बस्छिन्, विनोद मानन्धरको भनाइ उद्धृत गर्दै स्रोतले भन्यो– 'सुख-दुःख जे भए पनि नेपालमै साटासाट गर्ने निर्णय गरेका छौं।' करिश्मासँगै स्वदेश फर्किने उनकी छोरी कविताले भने अब नेपालमै बसेर आफ्नो अध्ययनलाई निरन्तरता दिनेछिन्।

करिश्मा अमेरिका पलायन भएपछि अर्की नायिका पूजा चन्द तथा सांगीतिक क्षेत्रका थुप्रै सेलिब्रेटी अमेरिका पलायन भएका थिए। स्मरणीय छ, यसअघि हास्यकलाकार राजाराम पौडेल पनि अमेरिका नफर्किने गरी स्वदेश फर्किसकेका छन्। जानकार सूत्रहरूका अनुसार– करिश्मा नेपालमा केही साताको आरामपछि कलाक्षेत्रमै उपयुक्त कामको खोजीमा जुट्नेछिन्।

# क्लाउड कम्प्युटिङ विषयमा लाइभ भिडियो कन्फरेन्सिङ

**शिव मुखिया**

काठमाडौं- 'तपाईंहरू क-कसले फेसबुक बनाउनुभएको छ, कृपया हात उठाउनुहोला ।' जवाफमा उपस्थित अधिकांशले हात उठाए ।

'तपाईंहरूसँग हामी अन्तर्क्रियात्मक रूपमा कार्यक्रम प्रस्तुत गर्न चाहन्छौं, यदि कुनै जिज्ञासा छ भने सोध्नुहोला ।'

यो संवाद-अन्तर्क्रिया नेपाल र अमेरिकामा बसोबास गरिरहेका व्यक्तिहरूमाझ प्रत्यक्ष रूपमा भएको हो । कम्प्युटर एसोसिएसन अफ नेपाल (क्यान) र क्यान अमेरिकाका पदाधिकारी एवं आईटी सम्बद्ध व्यक्तिहरूबीच 'क्लाउड कम्प्युटर' को विषयमा प्रत्यक्ष भिडियो कन्फरेन्सिङमार्फत अन्तर्क्रियात्मक कार्यक्रम भएको थियो । गएको शनिबार प्राइम कलेज, नयाँबजारका सभाहलमा उपस्थित क्यान पदाधिकारी र आइटी सम्बद्ध व्यक्तिहरूले अमेरिकामा बसोबास गरिरहेका विज्ञहरूसँग प्रत्यक्ष रूपमा कुराकानी गरे ।

'प्रत्यक्ष भिडियो कन्फरेन्सिङमार्फत पहिलो पटक यस्तो अन्तर्क्रियात्मक कार्यक्रम आयोजना गरिएको हो,' क्यानका महासचिव विनोद ढकालले साप्ताहिकसँग भने- 'यो एउटा सुरुवात हो ।' कुनै पनि विषयमा अन्तर्क्रिया गर्न प्रत्यक्ष भिडियो कन्फरेन्सिङ कार्यक्रम आयोजना गर्दै जाने ढकालले बताए ।

जुनसुकै क्षेत्रमा बसोबास गरिरहेका विज्ञहरूसँग नेपालबाटै प्रत्यक्ष कुराकानी एवं अन्तर्क्रिया गर्न भिडियो कन्फरेन्सिङ उत्तम प्रविधिका रूपमा विकास भएको छ । यही प्रविधिको माध्यमबाट यसपालि नेपाल र अमेरिकाका नेपालीहरूबीच 'क्लाउड कम्प्युटर' का विषयमा अन्तर्क्रिया भयो । कार्यक्रममा इन्टरनेट मार्फत कुनै पनि कम्प्युटर प्रोगाम डाउनलोड नगरी नै चलाउन सकिने प्रविधि अर्थात् क्लाउड कम्प्युटिङका सम्बन्धमा अमेरिकाबाट विज्ञहरूले प्रत्यक्ष रूपमा जानकारी गराएका थिए ।



# फेसन सो र डान्सपार्टी



विराटनगर– नववर्ष २०६६ को अवसरमा चैतको अन्तिम रात विराटनगरका युवाहरू विभिन्न मनोरञ्जनात्मक कार्यक्रममा संलग्न भए । गएका वर्षहरूभन्दा फरक शैलीमा यो वर्ष युवाहरूले नयाँ वर्षको स्वागत गर्दै रमाइलो गरे ।

विराटनगरको हाटखोलास्थित पोकेमन पार्कमा भेला भएका युवायुवतीले राति १२ बजेसम्म बसेर नयाँ वर्षलाई स्वागत गरे । जनपथ युथ ग्रुपको आयोजनामा भएको रिदम डान्स पार्टी एन्ड फेसन सोमा युवापुस्ता रमेको थियो । नयाँ वर्षलाई हर्षोल्लासका साथ मनाउन साँझदेखि मध्यरातसम्म डान्सपार्टी र फेसन सो गरेर युवायुवतीहरू रमाएका थिए । साँझ नपर्दैदेखि पार्कमा भेला भएका युवायुवतीहरू मध्यरातसम्म लगातार नाचिरहेका थिए । खुला आकाश र हरियाली वातावरणमा बनाइएको र्‍याम्पमा मोडलहरू क्याटवाक गरिरहेका थिए भने दर्शकहरू डान्सको मस्तीमा थिए ।

धरानकी शान्ता नेपालीको कोरियोग्राफीमा सम्पन्न फेसन सोमा धरानकै १२ जना मोडल सहभागी थिए । धरानका र्‍याम्पहरूमा देखा परिरहने मोडललाई आयोजकले सशुल्क विराटनगरको फेसन सोमा उतारेको थियो । धरानकै स्प्लेन्डर बुटिकका हेमा राई र ललित राईले डिजाइन गरेका पहिरन मोडलहरूलाई उपलब्ध गराएको थियो । मोडलहरू सारी लेहेङ्गा, क्याजुअलमा पेन्ट र टप, कुर्ता-सुरुवाल र पार्टी वेयरमा वन-पिस ड्रेसमा र्‍याम्पमा उत्रिएका थिए । वन-पिस ड्रेसमा मोडलहरूले म्युजिकसँगै क्याटवाक गर्न थालेपछि डान्स पार्टीको रौनक थपिएको थियो ।

मध्यरातको १२ बजेपछि नयाँ वर्षलाई भव्य स्वागत गरेर डान्सपार्टी स्थगन गरिएको आयोजक सदस्य मनीष गुरुङले बताए । यस पटकको नयाँ वर्षमा विराटनगरका विभिन्न होटल र पार्कहरूमा मनोरञ्जनात्मक कार्यक्रमहरू गरिएको थियो । नयाँ वर्षको खुसीयालीमा विराटनगरमा चैत ३१ र वैशाख १ गते दुई दिन रमाइला कार्यक्रमहरू गरिए ।

**– कमल रिमाल**

# नुवाकोटको सिन्दूरे जात्राको रौनक



नुवाकोटवासीले सिन्दूरे जात्रा भव्यताका साथ मनाएका छन् । चैतको चर्को घाम र गर्मीको समेत बेवास्ता गर्दै मेला भर्न गाउँ-गाउँबाट मानिसहरू नुवाकोट र देवीघाटमा ओइरिएका थिए ।

जिल्लाकै सबैभन्दा चर्चित र ठूलो मानिएको यो मेलामा यस वर्ष पनि हजारौं सहभागी भए । चैत्र शुक्ल पूर्णिमाका दिन देवीघाटको जालपा मन्दिरमा र त्यसको दुई दिनपछि नुवाकोटको दरबार क्षेत्रमा रहेको भैरवीदवीको मन्दिरमा लाग्ने यस मेलाको एतिहासिक तथा धार्मिक महत्त्व छ । सिन्दूर जात्राको साथमा जिउँदा देउता मानिने नुवाकोटका धामीले जिउँदै राँगा, बोका, माछा, हाँस आदिको बली खाने र देशको भविष्यवाणी पनि गरिने भएकाले यसको महत्त्व बढी भएको हो ।

शनिबार नुवाकोटको डाडा जात्रालुहरूको भीडले रङ्गिएको थियो । भैरवी मन्दिरमा धामी-धमिनी सहित रथ ल्याएपछि सिन्दूर खेलेर सिन्दूरे जात्रा मनाइएको थियो । सिन्दूर हालेको हेर्न उपस्थित हजारौं दर्शकहरूले पनि एक-अर्कालाई सिन्दूर लगाएर जात्राको रौनक थपेका थिए । नुवाकोटको भैरवीदेवी बहिनी र देवीघाटको जालपा देवी दिदी भएकाले वर्ष दिनमा एक पटक यही मेलाको अवसरमा दिदीबहिनीको भेटघाट हुने किंवदन्ती अनुसार मल्लकालदेखि यो मेला सुरु भएको हो।


जिउादो देवता मानिने धामीले रागाा र बोकालगायतका एक दर्जनभन्दा बढी पशुको घाँटीको छाला खुर्केर मूल नसा बाहिर निकाली चुस्छन् । यसरी पशु बली आएपछि देशको भविष्यको बारेमा गुभाजु ( धामीका गुरु) लाई भविष्यवाणी सुनाउने चलन छ तर भविष्यवाणि भने सार्वजनिक गरिदैन ।

राजतन्त्र छउन्जेल यहााको धामीले गरेको भविष्यवाणी सीधै दरबारमा पठाउने चलन थियो । यस पटकको भविष्यवाणी भने कहाा पठाइएको भन्नेबारे पुजारी मण्डलले सार्वजनिक गरेको छैन ।

**–नवदीप अजनवी**



# क्याटवाक क्यालेन्डरमा वर्ष २०६५



क्याटवाक संसारका लागि वर्ष २०६५ आशा र निरासाको दोसाँधमा रहेको अनुभव भयो। एकातिर पहिलो पटक टेलिभजनको पर्दामा रियालिटी सोका रूपमा मेघा मोडल प्रतिस्पर्धाले नयाँ आशा जगायो भने अर्कातर्फ पटक-पटक स्थागित भएर अन्ततः मिस नेपाल प्रतियोगिता सञ्चालन हुन नसक्नाले फेसन क्षेत्रमा एककिसिमको अन्यौल पनि छायो। वर्ष २०६५ मा करिब ५ दर्जनको हाराहारीमा क्याटवाक गतिविधि सञ्चालनमा आए। जसमध्ये डेढ दर्जनजति फेसन सो रहे भने बाँकी प्रतिस्पर्धात्मक कार्यक्रम थिए।

**घटे फेसन सो**

वर्ष २०६५ मा राजधानी र मोफसलमा गरी करिब डेढ दर्जन फेसन सो सम्पन्न भए। राजधानीमा सम्पन्न फेसन सोहरूमध्ये तीनवटा मात्र व्यावसायिक ऱ्याम्प मोडलिङलाई प्रबर्द्धन गर्ने खालका थिए। गस अफ डिभाइन शीर्षकमा नमूना कलेज अफ फेसन टेक्नोलजीमा बी एफ डी कोर्स अध्ययन गरिरहेका चौथो सत्रका विद्यार्थी डिजाइनरहरूको अन्तिम परीक्षाका रूपमा प्रस्तुत फेसन सोमा थुप्रै सिर्जनात्मक सन्देश प्रस्तुत गरियो।

वर्षको मध्यतिर नै प्रस्तुत आइएनआइएफडीका विद्यार्थी डिजाइनरहरूका सिर्जना समेटिएको फेसन सो पनि दर्शनीय रह्यो। मंसिरको चिसो मौसममा फेसन सोबाट मोहनी लगाउन हायात रिजेन्सीको बलरुममा आयोजित फेसन सो वर्षको अविस्मरणीय प्रस्तुति रह्यो। सञ्चार, संगीत, फेसन, चलचित्रका सेलिब्रेटीको जमघटका बीच प्रस्तुत उक्त कार्यक्रममा जोन प्लेयर्स ब्रान्डको संगिनी ब्रान्ड मिस प्लेयर्सलाई बजारमा अवतरण गराइएको थियो।

**प्रतियोगितात्मक वातावरण**

वर्ष २०६५ मा प्रतियोगितात्मक कार्यक्रमकै वर्चस्व रह्यो। ऱ्याम्पमा मोडल प्रतिस्पर्धाको गतिविधि सुस्ताएका बखत यो वर्ष टेलिभिजनको पर्दामा भने मेगा मोडल छनौटको दौड प्रारम्भ भयो। ऱ्याम्प, म्युजिक भिडियो तथा विज्ञापन गरी मोडलिङका सबै विधामा सुहाउँदो मोडलको छनौटमा रियालिटी सोका रूपमा इमेज एक्टिभ मेगा मोडल प्रतिस्पर्धा टेलिभिजनको पर्दामा देखापऱ्यो, जसमध्ये स्वस्तिका राजभण्डारी मेघा मोडल छनौट भइन्।

सांस्कृतिक सचेतता, जातीय पहिचान, आत्मविश्वास, प्रतिभा र व्यक्तित्वको मूल्यांकन गरी नेवार समुदायको सांस्कृतिक सेरोफेरोमा रही सन् २००५ देखि नेपलिज फेसन होमले आयोजना गर्दै आएको चौथो संस्करणको मिस नेवाः प्रतिस्पर्धामा ३४ जना नेवार युवतीको सहभागिता थियो। जसमा आकाश बज्राचार्य विजेता घोषित भइन्। काठमाडौं जेसिजले निरन्तरता दिंदै आएको मिस टिन नेपालमा भने विगतको जस्तो रौनक देखिएन। १९ जना प्रतिस्पर्धीबीचको उपाधि दौडमा अनामिका गुरुङले बाजी मारिन्। टिनएजरहरूबीचको अर्को प्रतिस्पर्धा मिस टिन काठमाडौं प्रतिस्पर्धामा आफ्ना १८ जना प्रतिस्पर्धीलाई उछिन्दै एलिसा मानन्धरले उपाधि पाइन्। उल्लेखित प्रतियोगिताका अतिरिक्त वर्ष २०६५ को अवधिमा रुविन खड्का र प्रेश्का उदास (द कलेज एम्बेसडर) युनिश बज्राचार्य र प्रतिमा डंगोल (मिस्टर एन्ड मिस आइकन नेपाल) बि. एस. थापा र पूर्णिमा प्रधानाङ्ग (मिस्टर एन्ड मिस आइइसी) प्रियंका पोखरेल (मिस युनिभर्सिटी आइकन) तथा अनुता गुरुङ स्विट लेडी पोखरा) का रूपमा छनौट भए।

**वर्चस्व बालप्रतिस्पर्धाको**

बालबालिकासँग सम्बन्धित प्रतिभा र सुन्दरतामा मापन कार्यक्रमहरूको वर्चस्व यो वर्ष पनि कायम रह्यो। गत वर्षको तुलनामा यस पटक प्रतियोगिताको संख्या बढेर साढे दुई दर्जनको हाराहारीमा पुग्यो। तथापि काठमाडौं जेसिजले सन् १९८९ देखि निरन्तरता दिंदै आएको लिटिल लेडी ट्यालेन्ट सो तथा जेसिजकै मास्टर नेपाल प्रतियोगिता भने यो वर्ष सञ्चालनमा आएनन्।

**प्रतियोगिता थरीथरीका**

लुकेर रहेका समलिङ्गीहरूलाई समाजसामू ल्याउने र उनीहरूको आन्तरिक प्रतिभा उजागर गर्ने उद्देश्यले वर्ष २०६५ मा तेस्रो लिङ्गीहरूसँग सम्बन्धित प्रतिस्पर्धात्मक कार्यक्रमको आयोजनामा संख्यात्मक वृद्धि भयो। ब्युटी एन्ड ब्रेन शीर्षकमा सम्पन्न क्षेत्रीय स्तरका प्रतियोगिताहरूमा सुष्मा केसीले तेस्रो लिङ्गी मिस मध्यामाञ्चल, चञ्चला सुब्बाले तेस्रो लिङ्गी मिस पूर्वाञ्चल, श्रेया थापाले तेस्रो लिङगी मिस पश्चिमाञ्चलको मुकुट पहिरिए। क्षेत्रीय स्तरका प्रतियोगितापछि भने राष्ट्रिय स्तरको समलिङ्गी सुन्दरी प्रतियोगिता सम्पन्न गरिएको थियो।

प्रतिस्पर्धात्मक कार्यक्रमको भीडमा किशोरावस्थाका युवामा यौन तथा प्रजनन स्वास्थ्यसम्बन्धी सचेतता जगाउने उद्देश्यले नेपाल परिवार नियोजन संघको स्वर्ण जयन्तीको अवसरमा संघको उपत्यका शाखाद्वारा सञ्चालित फरक सोंचको प्रतियोगितामा मिस लाइफ स्किल, मिस सिएसई युथ एड्भोकेटोर जस्ता शीर्षकमा विजेता छनौट गरिएको थियो। सौन्दर्य प्रशाधन कम्पनी ल्याक्मेको सहभागितामा सौन्दर्य कला व्यवसायी संघले गएको असारमा ल्याक्मे ब्राइडल मेकअप प्रतिस्पर्धा सञ्चालन गऱ्यो। दुलही श्रृंगार प्रतियोगिताले नारी वेडिङ एन्ड गिफ्ट एक्स्पो २००९ मा पनि निरन्तरता पाएको थियो। ग्ल्यामर ब्युटिसियन शीर्षकको प्रतियोगिता भने विराटगनरमा सम्पन्न भएको थियो। मञ्चको प्रस्तुतिसँगै श्रृंगार, केश विन्यास, हाउभाउ आदिको मूल्यांकन गरी वजेता छनौट गरिएको यस्तै खालको प्रतियोगिता पोखरामा पनि गरिएको थियो।

माघ महिनामा सम्पन्न साप्ताहिक आइइसी डिजाइनर प्रतिस्पर्धा वर्षकै सबैभन्दा भव्य, स्तरीय र उल्लेखनीय फेसन कार्यक्रम रह्यो। साप्ताहिकको प्रत्यक्ष संलग्नतामा आइइसी डिजाइनिङ संस्थाको आयोजनामा राजधानी र मोफसलका गरी १ सय ७७ जना डिजाइनरको सिर्जनाबीच यो प्रतिस्पर्धा व्यावसायिक मोडलहरूका अतिरिक्त निशा अधिकारी, नम्रता श्रेष्ठ, सञ्चिता लुइँटेल, ऋचा घिमिरे, रेखा थापा, निखिल उप्रेती, विनोद दास, प्रदीप महर्जन तथा अनिल सिंहको क्याटवाकले अझ दर्शनीय एवं रोमाञ्चक बनेको थियो।

**भएन मिस नेपाल**

आयोजनाको प्रारम्भदेखि नै विरोध खेप्दै आएको मिस नेपाल प्रतियोगिताको यस पटकको संस्करण पनि त्यसबाट अछूतो रहेन। माओवादी निकट अखिल नेपाल महिला संघ (क्रान्तिकारी) लगायत दुई दर्जनभन्दा बढी संघ-संस्था यो आयोनजा विरुद्ध ओर्लिए। माओवादी सभासद् अमृता थापाको संयोजकत्वमा कथित सुन्दरी प्रतियोगिता विरोध अभियान नामबाट संगठित रूपमै मिस नेपाल विरोधी कार्यले गति पायो। विरोधी पक्षसित पटक-पटक वार्ता पनि भयो तर निष्कर्ष निस्किएन। विरोधको तीव्रतासँगै साउन २३ गते हुने भनिएको अन्तिम प्रतिस्पर्धा साउन ३२ गते हुँदै भदौ ७ गतेका लागि स्थागित गरियो। तथापि उक्त दिन पनि कार्यक्रम हुन सकेन। प्रतियोगिता फेरि स्थगित भयो। प्रतियोगितासम्बन्धी सम्पूर्ण तयारी पूरा भएर पनि कार्यक्रम अन्यौलपूर्ण बन्यो। अन्ततः बिना कुनै तामझाम साधारण ढंगबाट अन्तिम प्रतिस्पर्धा सञ्चालन गर्ने मनसायले आर्मी अफिसर्स क्लबमा असौज ११ गतेका लागि मिस नेपाल २००८ को अन्तिम प्रतिस्पर्धा तय गरियो तर जिल्ला प्रशासन कार्यालयले शान्ति-सुरक्षाको कारण देखाउँदै कार्यक्रम नगर्न निर्देशन दिएपछि अन्ततः मिस नेपाल २००८ प्रतियोगिता सञ्चालन भएन। प्रतियोगिताको विरोध नौलो कुरा नभए पनि सरकारी स्तरबाटै प्रतियोगिता स्थगन गराइएको भने यो पहिलो अवसर हो।

राजधानीमा मिस नेपाल प्रतियोगिताको विरोध भएकै बेला पोखरामा लुक्स फेसन होमले आयोजना गर्दै आएको मिस पश्चिमाञ्चल कार्यक्रमको पनि विरोध भयो। साउन ११ गते अन्तिम प्रतिस्पर्धाको तयारी भए पनि क्रान्तिकारी महिला संगठनको दबाब र विरोधका कारण कार्यक्रम हङकङ कल्चर सो ट्यालेन्ट कन्टेस्टका रूपमा रूपान्तरण गरियो। यद्यपि साउन १८ हुँदै साउन २५ गतेका लागि प्रतिस्पर्धा तय गरिए पनि सो दिन क्रान्तिकारी महिला संघको हस्तक्षेप, अवरोध एवं कार्यक्रम स्थलमा तालाबन्दीपश्चात् कार्यक्रम सञ्चालन हुन सकेन।

यो वर्ष मिस नेपाल प्रतियोगिता सम्पन्न हुन नसकेपछि सन् २००८ को मिस वर्ल्ड, मिस अर्थ र मिस एसिया प्यासेफिकमा नेपालको प्रतिनिधित्व हुन सकेन। तथापि



अन्तर्राष्ट्रिय प्रतियोगितामा नेपालको प्रतिनिधित्व गर्ने क्रममा चीनमा सम्पन्न वर्ल्ड मिस युनिभर्सिटीमा प्रियंका पोखरेल, चीनमै सम्पन्न मिस टुरिजम क्विन इन्टरनेसनलमा हेमा श्रेष्ठ र दक्षिण कोरियाको सिओलमा सम्पन्न म्यानहन्ट इन्टरनेसनल २००८ मा रिकेश श्रेष्ठले नेपालका तर्फबाट सहभागिता जनाए। ग्रुप अफ इभेन्ट इन्टरटेनर्सको छनौटमा म्यानहन्ट इन्टरनेसनल-२००८ मा सहभागी बनेका रिकेशले प्रतिस्पर्धामा मिस्टर फ्रेन्डसिपको एवार्ड जिते। उनले पर्सनालिटी विधामा सेकेन्ड रनरअपको उपाधि पनि हात पारे।

हङकङमा बस्ने नेपाली



युवतीहरूबीच सञ्चालन हुँदै आएको मिस ट्यालेन्ट हन्ट एन्ड हङकङ मेघा मोडल कन्टेस्ट भदौ महिनामा सम्पन्न भयो। ड्रिम्स अनलिमिटेड हङकङले आयोजना गरेको चौथो संस्करणको प्रतियोगितामा रीना गुरुङ विजयी बनिन्। उता अष्ट्रेलियामा विवाहित महिला तथा अविवाहित युवतीहरूबीच छुट्टाछुट्टै प्रतिस्पर्धा सञ्चालन भए।

राजधानी सहरपछि फेसन गतिविधिमा व्यस्त रहेको पोखरामा आधा दर्जन बालप्रतिस्पर्धा र केही फेसन सो सम्पन्न भए। यसैगरी बुटबल, धरान, हेटौंडा, विराटनगर, चितवन, नेपालगन्ज, धनुकुटा आदि क्षेत्रमा पनि फेसन गतिविधि सञ्चालन भए। धनकुटामा वर्षको अन्तातिर पहिलो पटक फेसन सो सम्पन्न भयो। फेन्सी ड्रेस सो शीर्षकको उक्त कार्यक्रममा कुसुम सीप विकास केन्द्रकी कुसुम रानाका सिर्जना स्थानीय मोडलमार्फत् प्रस्तुत गरिएको थियो।

**-रोजिन शाक्य**

## फर्किए नील

**साप्ताहिक समाचार**

काठमाडौं- नेपाली चलचित्रकर्मीहरूका लागि एउटा खुसीको खबर छ। चर्चित हेयर स्टाइलिस नील डेविड कटुवालले अब हलिउड स्तरको मेकअप गर्न सक्ने भएका छन्। ओस्कार विजेता हलिउडकी मेकअप आर्टिस्ट क्रिस्टेना बलन्डेलससँग तीनमहिने मेकअप प्रशिक्षण लिई नील भर्खरै बेलायतको लन्डनबाट स्वेदश फर्किएका छन्।

उनी स्तरीय चलचित्र बनाउने स्वदेशी वा विदेशी निर्माताहरूका लागि सामग्री उपलब्ध गराउने सर्तमा काम गर्न इच्छुक भएको बताउँछन्। मेकअप गर्ने कलाकारलाई राम्रो मात्र होइन, भयावह पनि देखाउन सक्ने प्रविधि उनले सिकेका छन्। काठमाडौंको काठमाडौं मल र ललितपुरको कुमारीपाटीमा उनले सैलुन सञ्चालन गरिरहेका छन्।

आगामी वैशाख १५ गतेदेखि



उनले इच्छुक सौन्दर्यकर्मीहरूका लागि एड्भान्स मेकअप कक्षा आरम्भ गर्न लागेको बताए। यसका अतिरिक्त दक्षिण भारतीय चलचित्र निर्देशक उदय बालम महेश्वरको चलचित्रमा निकट भविष्यमा मेकअप तथा हेयर स्टाइलिस्टका रूपमा काम गर्ने तय भैसकेको पनि नील बताउँछन्।


Latest Nepali

## • साताको स्वर •



### रामभक्त जोजिजू इतु जोजिजू

**त्यो कहिले घाम... कस्तो गीत हो ?**
आधुनिक र पप संगीतको मिश्रण अर्थात् यो एक प्रकारको फ्युजन गीत हो।

**हिट्स एवार्ड जित्न सफल यो गीतको कुन पक्ष आकर्षक छ ?**
गायनमा सक्दो मेहनत गरेका छौं। संगीत संयोजनदेखि शब्द तथा संगीत पनि उत्तिकै कर्णप्रिय छ।

**श्रोताले चाहिं कुन कुरा मन पराए ?**
गायक तथा गायिका दुवैले गाएको यो युगल गीत भएकाले श्रोताले गीतका हरेक कुरा मन पराउनुभएको छ।

**कस्ता श्रोतालाई लक्षित गर्नुभएको थियो ?**
सबै उमेरका श्रोता यो गीतका लक्षित वर्ग हुन्। यद्यपि विवाहित महिला तथा पुरुषले बढी रुचाउनुभएको छ।

**म्युजिक भिडियो कस्तो बनेको छ ?**
संगीता श्रेष्ठको निर्देशनमा तयार पारिएको भिडियोमा गीतको भावनालाई समेटिएको छ। पूजा लामा तथा नीरज बरालले गीतमा व्यक्त गरिएको भावनालाई प्रस्ट्याएका छन्।

## • म्युजिक अपडेट •

धरानस्थित सरगम सांस्कृतिक विद्यालयको आयोजनामा पूर्वाञ्चल आइडल शीर्षकको सांगीतिक प्रतिस्पर्धा हुने भएको छ। पूर्वाञ्चलका कलाकारहरूको प्रतिभा उजागर गर्ने उद्देश्यले प्रतियोगिता गर्न लागिएको हो। प्रतियोगिता वैशाखको दोस्रो साता प्रारम्भ हुनेछ। आयोजकहरूका अनुसार प्रतियोगितामा प्रथम स्थान हासिल गर्ने कलाकारलाई १५ हजार रुपैयाँ नगद तथा एउटा गीतिसंग्रह तयार गर्न लाग्ने खर्च बेहोरिनेछ।

चर्चित रक सांगीतिक समूह 'एक्स' का शिव मुखियाले पहिलो पटक संगीतवद्ध गरेका आधुनिक गीतहरूको नयाँ संग्रह 'मदिरा' गत साता सार्वजनिक भएको छ। गायक ओमविक्रम विष्ट, सञ्चारकर्मी भरत शाक्य तथा टेलिभिजनकर्मी सहेन्द्र श्रेष्ठले संयुक्त रूपमा उक्त संग्रह विमोचन गरेका थिए। 'डाक्टर पाइलट' समूहका पूर्वसदस्य जनक सुनुवारको समेत सहभागिता रहेको उक्त संग्रहका दसवटै गीत बेलायतमा बसोबास गर्दै आएका नयाँ गायक आकाश सुनुवारले गाएका छन्।

गायक सञ्जय खड्गीले आफ्नै लगानीमा दरबारमार्गमा स्थापना गरेको क्रिष्टल फुड ल्यान्डमा प्रत्येक महिनाको दुई शनिबार 'प्लेट फर्म' शीर्षकको सांगीतिक कार्यक्रम प्रस्तुत हुने भएको छ। नयाँ वर्षको पहिलो दिन गीतकार कृष्णहरि बरालद्वारा उद्घाटित 'प्लेट फर्म' को पहिलो श्रृंखलामा नयाँ तथा पुराना गायक-गायिकाहरूले गीत-संगीत प्रस्तुत गरेका थिए।

गायक-गायिकाहरूले रोयल्टी संकलनका लागि गायक रामकृष्ण ढकालको संयोजकत्वमा नेपाली गायन समाज गठन गरेका छन्। नवगठित कार्यसमितिको महा-सचिवमा गायक यम बराल छनौट भएका छन्। समाजका सदस्यहरूमा योगेश वैद्य, सत्यराज आचार्य, स्वरूपराज आचार्य, जगदीश समाल, नीमा रुम्बा, खेमराज गुरुङ, सुगम पोखरेल, यश कुमार, रीमा गुरुङ होडा रहेका छन्। यसैगरी गायिका रेश्मा सुनुवार, विमला राई, भानुभक्त ढकाल, अमृत क्षेत्री, रामचन्द्र काफ्ले तथा लोचन भट्टराई पनि सदस्यमा छनौट भएका छन्। यसअघि गीतकार तथा संगीतकारले मात्र कुनै पनि नेपाली गीतको रोयल्टी पाइरहेको अबदेखि गायक-गायिकाले पनि रोयल्टी पाउनुपर्ने मागसहित यो समाज गठन गरिएको समाजका संयोजक गायक रामकृष्ण ढकालले बताए।

नेपाली गायक-गायिकाहरूको एक समूहले अमेरिकाका विभिन्न स्थानमा सांगीतिक कार्यक्रम प्रदर्शन गरिरहेको छ। 'द हिमालयन रिदम यूएसए टुर' शीर्षकको सांगीतिक कार्यक्रममा भाग लिन सुदीप गिरी, मिलन लामा, भगवान भण्डारी, नायिका पुजाना प्रधान, गायिका निशा सुनार तथा लोकगायिका देविका केसी आज शुक्रबार त्यसतर्फ प्रस्थान गर्दैछन्। करिब दुई महिना लामो उक्त सांगीतिक टुरमा कलाकारहरूले अमेरिकाका वासिङ्टन डिसी, बोस्टन, न्यूयोर्क, टेक्सास, बाल्टिमोर, भर्जिनिया आदि सहरमा प्रस्तुति दिनेछन्।

कलानिधि इन्दिरा संगीत महाविद्यालयले आफ्नो ४६ औं वार्षिकोत्सवका अवसरमा संगीतकर्मीहरूलाई सम्मानित गरेको छ। अघिल्लो बिहीबार राजधानीमा आयोजित सांगीतिक समारोहमा संगीतसाधक अम्बर गुरुङलाई दोसल्ला ओढाई अभिनन्दन तथा १५ हजार नगदसहित सम्मान गरिएको थियो भने नयाँ राष्ट्रगानका रचनाकार ब्याकुल माइलालाई १० हजार नगदसहित सम्मान गरियो। समारोहमा संगीतकार दीपक जंगम, गायक दीप श्रेष्ठ, शास्त्रीय गायक गुरुदेव कामत, लोकगायक बमबहादुर कार्की, तबलावादक केशवनारायण ताम्राकार, नृत्यकार मनोरञ्जन जोशी, कार्तिकनाचका हरिमान श्रेष्ठ, बलदेव जुजू, कुमारप्रसाद दर्शनधारी तथा समाजसेवी कुमार थापा र सकुना श्रेष्ठ मलेकूलाई पनि ५-५ हजार नगदसहित सम्मान गरिएको थियो। सोही विद्यालयमा संगीतकक्षा लिई भारतको इलाहबादस्थित प्रयाग संगीत विद्यालयबाट संगीतप्रभाकरमा सर्वोत्कृष्ट अंक प्राप्त गर्ने विद्यार्थीहरूलाई पनि कार्यक्रममा पदक प्रदान गरिएको थियो। कार्यक्रममा महाविद्यालयका विद्यार्थीहरूले सामूहिक शास्त्रीय नृत्य तथा धनबहादुर गुरुङले बाँसुरीबाट यमन रागलगायत विभिन्न सांगीतिक प्रस्तुति दिएका थिए।

सरकारले प्रत्येक वर्ष गर्दै आएको राष्ट्रव्यापी विद्यालयस्तरीय सांस्कृतिक प्रतियोगिता अघिल्लो बुधबार सम्पन्न भएको छ। शिक्षा मन्त्रालय र युवा तथा खेलकुद मन्त्रालयद्वारा संयुक्त रूपमा आयोजित २६ औं अन्तरक्षेत्रीय विद्यालयस्तरीय सांस्कृतिक प्रतियोगिता २०६५ मा पाँचै विकासक्षेत्रका प्रतिनिधि विद्यालयको सहभागिता थियो। नेपाल प्रज्ञा-प्रतिष्ठानमा सम्पन्न प्रतियोगितामा लोकनृत्यतर्फ पश्चिमाञ्चलको निर्मल उच्च मा.वि.ले कौडानृत्य प्रदर्शन गर्दै प्रथम स्थान हासिल गरेको छ। लोकगायनतर्फ भक्तपुरको विनायक शिक्षा निकेतनले प्रथम स्थान हासिल गऱ्यो भने परम्परागत नृत्यतर्फ काठमाडौंको भीएस निकेतन विद्यालयले प्रस्तुत गरेको अष्टमात्रिका नृत्य प्रथम भयो। सुदूर पश्चिमाञ्चलबाट प्रतिनिधित्व गरेको शैलेश्वरी उ.मा.वि.ले लोक तथा परम्परागत दुवै विधाको नृत्य प्रतिस्पर्धामा दोस्रो स्थानमा चित्त बुझायो।

लांघाली गुपको पाँचौं वार्षिकोत्सवका अवसरमा पाल्पाको तानसेनमा सम्पन्न सांस्कृतिक कार्यक्रममा राष्ट्रिय कलाकारहरू बद्री पंगेनी, विमलराज क्षेत्री, शिरीष देवकोटा, मुना थापा आदले गीत-संगीत प्रस्तुत गरे। कार्यक्रमबाट संकलित रकम सामाजिक सेवामा खर्च गरिने बताइएको छ।

## लाइभ शो

● गायक राजु लामा अहिले 'राजु लामा युरोप टुर २००९' शीर्षकको कार्यक्रममार्फत युरोपका विभिन्न देशमा सांगीतिक यात्रा गरिरहेका छन्। आगामी आइतबार उनले रूसको राजधानी मस्कोमा भेला हुने नेपालीहरूमाझ आफ्ना लोकप्रिय गीत-संगीत प्रस्तुत गर्नेछन्।

● सांगीतिक समूह इपिकको सहभागितामा चाकुपाटस्थित ज्याजबेल क्याफेमा प्रत्येक मंगलबार साँझ 'ट्युजडे ब्रेक' शीर्षकको सांगीतिक कार्यक्रम आयोजना भैरहेको छ। सांगीतिक कार्यक्रम साँझ ७ बजेपछि प्रारम्भ हुन्छ।

● चर्चित गजलकार प्रकट पगेनी 'शिव' ले दोस्रो पटक एकल गजल कार्यक्रम गर्ने भएका छन्। भोली शनिवार गुरुकूल नाट्यघरमा प्रकटका यौन प्रतिकात्मक गजल प्रस्तुत गरिन लागेको हो। पोखराको साहित्यिक समाजमा सक्रिय रहेका शिव दुई वर्ष यता काठमाडौंमा सक्रिय छन्। एक वर्षअघि उनले कुरुकूलमा यस्तै कार्यक्रम गरेर युवापुस्ताको मन जितेका थिए।

## • अफबिट •



**डिजेसँग रून्चे** रून्चे गायक प्रकाश पौडेल डिजे युवासँग एउटा सांगीतिक कार्यक्रममा गीत गाउँदै। तस्बिर : नवराज वाग्ले

# सुगम र रेश्माले तताए वीरगन्ज

वीरगन्ज, वीरगन्जको गर्मीमा पप गायक-गायिका सुगम पोखरेल र रेश्मा सुनुवारले वीरगन्जका युवालाई आफ्नो प्रस्तुतिले झनै तताएका छन्। उनीहरूसँगै वीरगन्ज आइपुगेका जितु नेपाल मुन्द्रे र गोपाल नेपाल फिष्टेले पनि दर्शकलाई पेट मिचीमिची हाँस्न बाध्य बनाए।

उनीहरूलाई बीच-बीचमा स्थानीय भोजपुरी गायक सुनिल पण्डित र नर्तकहरूले साथ दिएका थिए। पोखरेलले श्रोताहरूसँग राम्रो तालमेल गरेर युवा श्रोताहरूलाई नचाएका थिए। रेश्मा स्टेजमा आएपछि युवा दर्शक/श्रोताहरू झनै हौसिएका थिए। उनीहरू रेश्मालाई सँगसँगै साथ दिइरहेका थिए। सुगम जस्तै दर्शकहरूसँग राम्रो तालमेल गर्न सफल रेश्माले आफ्ना हिट गीतहरू प्रस्तुत गरिन्।

बीचमा आएका जितु नेपाल मुन्द्रेले आफ्नो जिरे खुर्सानीको शैलीमा कमेडी र प्यारोडी गीतहरू प्रस्तुत गरेका थिए। उनलाई साथ दिन गोपाल नेपाल फिष्टे स्टेजमा प्रवेश गरेका थिए। दुवैले केही समय संयुक्त रूपमा हास्य प्रस्तुति गरेका थिए। फिष्टेले यसअघि एक्लै एक रिमिक्स गीत आकर्षक नृत्य समेत प्रस्तुत गरेर आफू नृत्यमा समेत निपुण रहेको पुष्टी गरेका थिए।

**–शंकर आचार्य**



# वनमान्छेले जमाए ऐतिहासिक भीड



सबेरैदेखि मानिसहरूको घुइँचो लागेको थियो। करिव दुई मिटर माथि उठाएर बनाइएको स्टेजतर्फ त्यो ऐतिहासिक भीडको ध्यान थियो।

टेलिभिजनको पर्दामा वनमान्छेको अभिनय गर्ने सुलेमान शंकर 'इकु' लाई प्रत्यक्ष नियाल्न त्यो भीड जम्मा भएको थियो। इकु कार्यक्रमको मध्यतिर स्टेज चड्दा तालीको गडगडाहटले बजार नै गुञ्जिएको थियो। साना कदका यी कलाकारले केही प्रहसनसहितको अभिनय गरेर मनोरञ्जन दिएका थिए। चर्चित हास्य टेलिश्रृंखला मेरी बास्सैमा वनमान्छेको अभिनय गरेपछि उनलाई ग्रमीण भेकका बासिन्दाले औधी रुचाएका हन्।

आफ्नो प्रस्तुतिको क्रममा इकुले आफ्ना संघर्षका कुरा पनि सुनाउन भ्याए। कार्यक्रममा चर्चित नृत्यकार जोसीसहित स्थानीय कलाकारले प्रस्तुति दिए। कार्यक्रमका अर्का आर्कषण बनेका थिए स्थानीय कलाकार रमेश दुलाल। दुलालले कागको आवाज निकाल्दा कागको बथानले आकाशै ढाकेको थियो। काग, कुकुर, सर्प जस्ता जनावर बोलाउन र पठाउन सक्ने दाबी गर्दै उनले मुखबाटै मादल, गाई, भैंसी र विभिन्न चराचुरुङ्गीको आवाज निकालेर दर्शकलाई आनन्द दिलाएका थिए।

**–विप्लव भट्टराई**

# डिजे राजसँग झुमे युवाहरू

हेटौंडा- नयाा वर्षको अवसरमा हेटौंडाको पल्पसा सभागृहमा खचाखच भरिएका युवाहरूको जमघट राति अबेरसम्म शान्तसाग रमेको देखेर रिभाइभल युथ क्लबका अध्यक्ष दीपेन्द्र चन्द ठकुरीलाई कार्यक्रम सफल भएको लाग्यो।

न्यू इयरको अवसरमा उक्त कार्यक्रम गरिएको थियो र यसका आकर्षण थिए डिजे राज। डिजे राजसागै न्यू इयर मनाउने हेटौंडाका युवायवतीहरूको रहर पूरा गरेको थियो रिभाइभल युथ क्लबले। आयोजना गरिएको थियो डान्स पार्टी। साझ ५ बजेबाट पल्पसामा सुरु भयो डान्स पार्टी। डिजे राजले माहौल तताए। पल्पसा सभाहलमा युवा र युवतीहरूको भीड उस्तै थियो। युवतीहरू पनि यसरी डान्स पार्टीमा आएर युवाहरूसाग आगालो हालेर डान्समा साथ दिएपछि युवाहरू पसिनाले निथ्रुक्क भिजेर डान्स गरिरहेका थिए। युवाहरू राति ११ बजेसम्म नाचे। बन्द हलमा पसिनाले निथ्रुक्क भिजेर ५ घन्टा युवायुवतीहरू नाचेर कार्यक्रम सफल बनाएपछि रिभाइभलका अध्यक्ष दीपेन्द्र चन्द ठकुरी निकै उत्साही देखिए।

**–रामकुमार एलन**



# वर्षका चर्चित विवाह

**भिषा काफ्ले**

उनीहरू कुनै कलाकार होइनन्, सेलिब्रेटी पनि होइनन् तर पनि उनीहरू आ-आफ्नो विवाहका कारण चर्चामा रहे। कोही असमान उमेरको विवाहले चर्चित भए भने कोही समाजमा उदाहरणीय विवाहले गर्दा चर्चामा रहे। उमेर पुगेका युवा युवतीहरूले विवाह गर्नु प्रकृतिको नियम नै मान्न सकिन्छ, तर पनि विभिन्न अपराधमा अभियुक्तका रूपमा जेलमा सजाय भोगिरहेका चार्ल्स सोभराज र निकिता विश्वासको विवाह प्रसंगदेखि लिएर धनकुटाका सुवास र अनुको विवाहसम्म पत्रपत्रिकामा चर्चाको विषय बने।

६४ वर्षीय चार्ल्स सोभराज र २० वर्षीय निहिता विश्वासको प्रेम विवाहमा परिणत भएको कुरा विदेशी सञ्चारमाध्यमहरूसम्म पुग्यो। प्रेम भन्ने चीज अनौठो, अन्धो र रमाइलो पनि हुँदो रहेछ भन्ने कुरा निहिताको २० वर्षे जवानी र सोभराजजस्तो हजुरबुबासमानको व्यक्तिसँगको विवाह प्रसंगले पनि पुष्टि गर्छ। यस्ता किसिमका विवाह विदेशमा सामान्य भए पनि हाम्रो देशमा भने निकै ठूलो तहल्का मच्चाउँछ र त्यो समाजमा अलि अनौठो पनि हुन्छ।

सोभराज र निहिताको विवाहभन्दा निकै भिन्न र अनौठो विवाह धनकुटामा पनि भयो। एकै दिन बाबु र छोरीको विवाह हुन्छ र ? भन्ने प्रश्न पनि धेरैको मनमा उठ्न सक्छ, तर यो सत्य भएको छ। धनकुटा जिल्ला कुरुले तेनुपा-४ का ७५ वर्षीया नन्दलाल पौडेलले आफूभन्दा ५० वर्ष कान्छी नातिनी समानकी २५ वर्षीया मैयाँ ढुङ्गानालाई आफ्नी बेहुलीका रूपमा घर भित्र्याए। त्यसै दिन त्यही समयमा उनले आफ्नी ४५ वर्षीया छोरी जानुका पौडेललाई सुनसरी इटहरीका ६५ वर्षीया भीम अधिकारीलाई कन्यादान पनि दिए।

सोभराज र निहिताजस्तै नन्दलाल र मैयाँको पनि केही वर्षदेखिको प्रेम विवाहमा परिणत भएको हो। केही वर्षअघि जेठी पत्नी छुट्टिएपछि एक्लिएका पौडेलले विवाहपछि साप्ताहिक संवाददातासँग भने– 'हामी दुवै खुसी छौं। के गर्ने, परिस्थिती यस्तै बन्दो रहेछ।' उनकी छोरी जानुका पौडेल भने स्थानीय एक प्राथमिक विद्यालयमा शिक्षणमा संलग्न थिइन्। छरछिमेकले एक्लै जीवन चलाउन नसकिने र कसैको साथ चाहिने सल्लाह दिएको हुँदा विवाह गरेको जानुकाले बताइन्।



त्यस्तै यस वर्ष झापाका सुवासचन्द्र भट्टराई र अर्चना दाहालको विवाहले पनि निकै चर्चा पायो। उनीहरूको जोडीको चर्चा हुनुको कारण उनीहरूले विवाहलाई सामाजिक कार्यमा ढाले। आफ्नो विवाहबापत लाग्ने खर्च ७ लाख २० हजार रुपैयाँ विभिन्न संस्थाहरूलाई प्रदान गरेर उनीहरू एक-अर्कामा समाहित भए।

उनीहरूको विवाहलाई अहिले बढ्दै गएको देखावटी विवाहलाई निरुत्साहित गर्ने प्रयासका रूपमा लिन सकिन्छ। उनीहरूको विवाहजस्तै धनकुटा मारेककटहरे-४ का सुवास अधिकारी र सुनसरी तराहराकी अनु विश्वकर्माको विवाह पनि उदाहरणीय विवाह हो। केही समयअघि यो विवाह पनि समाचारको विषय बनेको थियो। उनीहरूले विवाहमा सञ्चारकर्मीहरूलाई बोलाएर साक्षी राखेका थिए। दुई वर्षअघिदेखिको प्रेमलाई सफल पार्न उनीहरूले यो अनौठो उपाय रोजेका थिए। विवाहपछि सञ्चारकर्मीहरूसँग प्रतिक्रिया दिँदै अनु र सुवासले एउटै स्वरमा भने– 'हामीले दाइजोको विरोधका साथै समाजमा रहेको जातीय असमानतालाई हटाउने प्रयास गरेका हौं।'

**OASIS को जरूरी सूचना !**

बिगत ९ बर्ष देखी हेटौंडामा Oasis Institute (घरेलुमा दर्ता) Oasis Institute of IT Solution (P) Ltd. र OASIS ABROAD STUDY SERVICES & CONSULTANCY (P) Ltd. (Company Register मा दर्ता) तीन वटा संस्थाहरु छुट्टाछुट्टै उद्धेश्य अनुरुप कार्य गर्दै आएको जानकारी गराउँदछौं। साथै आफ्नो सेवा विस्तार गर्ने क्रममा OASIS ABROAD STUDY SERVICES & CONSULTANCY (P). LTD. को Head Office बागबजार, काठमाडौं र Branch Office कान्तिराजपथ, हेटौंडामा रहेको जानकारी समस्त बिद्यार्थीहरु एवं शुभ-चिन्तक वर्गमा जानकारी गराउँदछौं। हाम्रो **OASIS** को शुद्ध उच्चारण 'ओएसिस' हुने भएकोले अन्य मिल्दा-जुल्दा भ्रामिक उच्चारण हुने Institute हरु संग हाम्रो कुनै सम्बन्ध नरहेकोले भ्रममा नपर्नु हुन हार्दिक अनुरोध गर्दछौं। बिशेषत:हामी Bridge Course, Staff Nurse Entrance Prepration, Computer Education, Test Preparation , Abroad Study Counselling क्षेत्रमा कार्यरत एवं उद्धेश्य रहेकोले हाम्रो सेवाहरुको भ्रममा नपर्नु हुन समस्त शुभ-चिन्तक, बिद्यार्थी र अभिभावकहरुमा विनम्र अनुरोध गर्दछौं।

उच्चारण :

**OASIS = ओएसिस** हो। ✓

**OASIS** = औसिस वा ओसित वा अोसिस होईन। ✗

**OASIS** ABROAD STUDY SERVICES & CONSULTANCY PVT. LTD. परिवार

**Head Office**
Machhi Galli, Bagbazar,
Kathmandu, **(Opposite P.K. Campus)**
Post Box No. 11730
**Ph. 4251174**
**Email : oasisedu@wlink.com.np**

**Branch Office**
Om Bhawan,
Kantirajpath,
Hetauda,
**Tel. 057-524197**
www.oasis.edu.np



# नेपालको राजनैतिक हिरो को हो ? किन ?

खै मलाई त चलचित्रको हिरो मात्र थाहा छ। राजनैतिक हिरोचाहिँ नेपालमा जन्मिसक्या छैन।

**विनोद खतिवडा, बलाहा**

सम्पादकज्यू, मलाई त कोही पनि हिरो जस्तो लाग्दैनन्, किनकि आज देशले यस्तो समस्या झेल्नु परेको छ कि भनेर साध्य छैन।

**प्रकाश भण्डारी, गुल्मी**

प्रचण्ड हुन्, साहसी, कसैसँग नझुक्ने, जनताको पीडा बुझ्ने, अप्ठ्यारो स्थितिलाई पनि सजिलै सामना गर्न सक्ने, सबैप्रति समान व्यवहार गर्ने तथा राष्ट्र, राष्ट्रियता एवं स्वाभिमानलाई बचाउने हुनाले।

**अनुप दाहाल** (२०)

मेरो विचारमा गिरिजाप्रसाद कोइराला नै हुन्। उनी सत्तामा भए पनि हिरो, प्रतिपक्षमा रहे पनि हिरो।

**chy_nandu@yahoo.com**

देशमा भ्रष्टाचार विद्यमान रहेको अवस्थामा देशका लागि केही गर्नुपर्छ भन्ने ध्यान कसैमा छैन र त अहिले यो नेपाल हो भन्न पनि लाज लाग्छ।

**प्रकाश, नयाँ बानेश्वर**

नेपालका राजनैतिक हिरो त प्रचण्ड नै हुन्।

**विकास राई**

खै कसरी भन्नु उनीहरूको भाषण सुन्दा त सबै आफैं हिरो भएजस्तो लाग्छ। त्यसैले यो प्रश्नभन्दा नेपालको राजनैतिक भिलेन को हो भनेर सोध्नु उपयुक्त होला।

**डिजी थापा** (२०)

अवसर दिएको भए गगन थापा नै राजनैतिक हिरो हुन्थे होला तर अहिले त्यो रोल प्रचण्डले निर्वाह गरेका छन्।

**वसन्त न्यौपाने, गुल्मी**

राजनैतिक हिरो गिरिजाप्रसाद कोइराला हुन्। धेरै पटक प्रधानमन्त्री भए, माओवादीहरूलाई पनि मिलाए।

**पदराज महतारा, डोल्पा**

सत्तामा पुगेपछि जो पनि हिरो नि सम्पादकज्यू।

**कमल लिम्बू**

हिंजोको जंगली मान्छे, आजको वैज्ञानिक युगको डन भएको देख्दा त प्रचण्ड नै होलान्।

**दीपक थापा** (२०), **स्याङ्जा**

नेपालको राजनैतिक हिरो शरणप्रसाद मरण नै हुन्।

**प्रदीपक चौलागाई** (१६), **तनहुँ**

गिरिजाप्रसाद कोइराला, किनभने उहाँको त उमेर पनि ढल्किसक्यो, तालु चिल्लै भएकाले पनि मलाई त गिरिजा नै हिरो लाग्छन्।

**Bhai_bikekpearl@yahoo.com**

मदनकुमार भण्डारी, उनी भएका भए नेपालमा राजनैतिक अराजकताको अन्त्य हुन्थ्यो।

**रुद्रप्रसाद दाहाल** (२२)

## ● अब हाम्रो पालो ●

यो स्तम्भमा हामीले राखेका प्रश्नको ३० शब्दमा नबढाई उत्तर पठाउनुपर्नेछ। प्रत्येक उत्तरका साथमा आफ्नो पूरा नाम, ठेगाना र उमेर लेख्न नबिर्सिनुहोला। प्रश्न नम्बर एक सधैं आगामी प्रश्नका रूपमा रहनेछ। एउटा पानामा एउटा उत्तर मात्र स्वीकार गरिनेछ।

१. प्रेमविवाह राम्रो हुन्छ कि परम्परागत विवाह ? किन ?
२. सबैभन्दा ठूलो धर्म के हो ?
३. प्रेमी-प्रेमिकाविहीन जीवन कस्तो हुन्छ ?
४. नसालु आँखाले मोहित हुनुहुन्छ कि तपाईंलाई मुस्कानले भुतुक्कै बनाउँछ ?
५. काली युवती र गोरी युवतीमध्ये को बढी राम्रा हुन्छन् ? किन ?
६. पैसा पाउनु ठूलो कुरा हो कि प्रेम पाउनु ? किन ?
७. तपाईंले जिन्दगीमा कोबाट कस्तो धोका पाउनुभएको छ ?
८. हामी नेपाली किन र के कारणले पिछडिएका छौं ?
९. मानिसहरूलाई अर्काका श्रीमान्/श्रीमती किन राम्रा लाग्छन् ?
१०. पुरुषहरू महिलाको चरित्र र चालचलनको कुरा किन बढी गर्छन् ?



## ● यौन जिज्ञासा र समाधान ●

**प्रश्न : म कतारमा कार्यरत छु। हरेक दुई वर्षमा केवल दुई महिनाका लागि घर जान्छु। श्रीमतीसँग यौनसम्पर्क हुँदा शीघ्र स्खलन हुन्छ, जसका कारण मेरी श्रीमती दुःखी हुन्छिन्। हुन पनि हो, यति लामो पर्खाइपछि नमीठो फल खानुपर्दा निराशा त हुन्छ नै। यसको समाधानको उपाय बताइदिनुभए मजस्ता लाखौं परदेशी खुसी हुने थियौं।**

– हे.

**उत्तर :** श्रीमान् र श्रीमती यसरी लामो समयसम्म एक-अर्कासँग पर बस्नु अनि त्यसमा पनि यौनचाहनालाई व्यवस्थित गर्नु सजिलो कुरा होइन। अहिले कामको सिलसिलामा लामो समयसम्म पति-पत्नीमध्ये एक जना विदेशमा बस्ने प्रचलन बढ्दो छ। यसका साथै यौनचाहना कसरी परिपूर्ति गर्ने भन्ने कुरा पनि बढ्दो समस्याका रूपमा देखिन थालेको छ।

**शीघ्र स्खलन के हो ?**

मानव यौन प्रतिक्रिया चक्रको कुरा गर्दा हामीहरू मुख्यतया चार चरणमध्ये 'चरमसुख' को चरणमा पुगेको हाराहारीमै वीर्य स्खलन हुन्छ। यौन सुख शारीरिक तथा मानसिक दुवै प्रक्रियाको जटिल सम्मिश्रणवाट प्राप्त हुन्छ। यौन उत्तेजनामा आउने र विभिन्न चरणमा अगाडि बढ्दै जाने कुरा कतिपय बाह्य तथा आन्तरिक परिस्थितिमा भर पर्छ। प्रायः सबैजसो व्यक्तिले आफ्नो जीवनको कुनै बेला वीर्य स्खलन चाँडो भएको अनुभव गरेका हुन्छन्। किन्सेले गरेको अध्ययनमा ७५ प्रतिशत पुरुषले योनिमा लिङ्ग प्रवेश गराएको दुई मिनेटभित्रै चरमसुख पाएको कुरा देखिएको थियो। शीघ्रस्खललाई कसरी परिभाषित गर्ने भन्ने बहस पनि नभएको होइन। ३० सेकेन्डमै वा एक मिनेटभन्दा कम समयमा वा ५ देखि १० धक्कामै वीर्यस्खलन भए छिटो स्खलन भएको भनेर परिभाषित गर्ने प्रयास पनि भए, तर अहिले आफू तथा आफ्नो यौनजोडीले चाहेको समयभन्दा निरन्तर रूपमा चाँडो वीर्यस्खलन भए त्यसलाई छिटो वीर्यस्खलन भएको स्थिति अर्थात् शीघ्रस्खलन मान्न थालिएको छ।



डा. राजेन्द्र भद्रा

प्रायः सबैजसो पुरुषले आफ्नो जीवनको कुनै न कुनै बेला चाँडो स्खलन भएको अनुभव गरेका हुन्छन्। तपाईंले श्रीमतीसँगको सम्पर्कमा शीघ्र स्खलनको कुरा गर्नुभएको छ तर सम्पर्कभन्दा पहिले नै वा समय कति हो उल्लेख गर्नुभएको छैन। जानकारी भएको भए सजिलो हुने थियो। घर्षण नै गर्न नपाई वीर्य स्खलन हुने समस्या पुरुषहरूमा देखिने यौनसम्बन्धी समस्यामध्ये सबैभन्दा बढी पाइने समस्या हो। सजिलो भाषामा भन्नुपर्दा वीर्य स्खलन चाँडो हुनु नै शीघ्र वीर्य स्खलन हो, तर कतिपयले सामान्य समय सीमामै वीर्य स्खलन हुने भए पनि चाँडो भएको मान्छन् भने कसैले धेरै समय लागे पनि सामान्य। महिलालाई एकदमै धेरै समय लाग्ने अवस्थामा पनि पुरुषको वीर्य स्खलन चाँडो भएजस्तो लाग्छ। शीघ्र स्खलनको पक्का कारण यही नै हो भनेर भन्न सकिने अवस्था नभए पनि अहिले शीघ्र स्खलनको मूल कारण मानसिक नै भएको पाइन्छ। कतिपय मानिसमा यौनसम्पर्क वा क्रियाकलापमा 'राम्रो' गर्न नसक्नु गम्भीर चिन्ताको कारण हुनसक्छ। आफ्नो यौनजोडीलाई सन्तुष्ट पार्न सक्दिन कि भन्ने चिन्ताले समस्या बढाउँछ। विरलै भए पनि कतै यस्तो समस्याको कारण यही त होइन भनेर केलाउन पनि बिर्सनु हुँदैन। आक्कल-झुक्कल यस्तो शीघ्र स्लखन हुनु अस्वाभाविक होइन। त्यसैले यस्तो स्थितिमा चिन्ता गर्नु आवश्यक छैन। अनावश्यक रूपमा चिन्ता गरे समस्या अझ बढ्न सक्छ। शीघ्र स्खलनको समस्या कम गर्न आफैंले गर्न सकिने केही उपाय छन्।



**यौनसम्पर्क रोक्ने-सुरु गर्ने** : स्खलन होलाजस्तो भएपछि तुरुन्तै लिङ्ग योनिबाट बाहिर झिकेर केही बेर यौनक्रीडालाई नै रोक्ने र यौन उत्तेजना केही कम भएपछि पुनः यौनक्रीडा सुरु गर्ने।

**आसन परिवर्तन गर्ने** : लोग्नेमान्छे माथितिर र महिला तलको सट्टा महिला माथितिर बसेर सक्रिय भै यौनसम्पर्क गरे पनि शीघ्र स्खलन कम गर्न मद्दत पुग्छ।

**लिङ्ग अँठ्याउने** : स्खलन होलाजस्तो भएपछि तुरुन्तै लिंग योनिबाट बाहिर झिकेर लिङ्गको फेदलाई बेस्सरी अठ्याउने र वीर्य स्खलन हुन नदिने। यौन उत्तेजना केही कम भएपछि पुनः यौनक्रीडा सुरु गर्ने।

**कन्डम प्रयोग गर्ने** : कन्डमको प्रयोगबाट पनि कतिपयलाई शीघ्रस्खलनको समस्या कम गर्न मद्दत पुगेको छ। यस्तो बेलामा चिप्लो पदार्थ कम भएको तथा बाक्लो किसिमको कन्डमले बढी फाइदा पुर्‍याउँछ।

**मांसपेशीको प्रयोग गर्ने** : पिसाब आउँदा रोक्न प्रयोग गर्ने मांसपेशीको कसरत गरेर वीर्य स्खलनलाई रोक्ने अभ्यास गर्न सके फाइदा पुग्छ।

त्यसै गरी हस्तमैथुन गर्ने र वीर्य स्खलन होलाजस्तो भएपछि रोक्ने र उत्तेजना केही कम भएपछि पुनः हस्तमैथुन सुरु गर्ने अनि वीर्य स्खलन होलाजस्तो भयो भने रोक्ने, यो प्रक्रिया दोहोर्‍याउने-तेहेर्‍याउने। वीर्य स्खलनलाई राम्रोसँग नियन्त्रण गर्न सक्छु जस्तो लागेपछि यौनसम्पर्करहित यौन क्रियाकलापमा संलग्न हुने र स्खलन होलाजस्तो भए रोक्ने र उत्तेजना केही कम भएपछि पुनः सुरु गर्ने। पछि वीर्य स्खलनलाई पर्याप्त नियन्त्रण गर्न सक्छु जस्तो लागेपछि माथि भनिएजस्तै पहिले यौनसाथी बढी सक्रिय हुने गरी यौन सम्पर्क सुरु गर्ने अनि वीर्य स्खलनको नियन्त्रण गर्न सकिने स्थिति वा क्षमतालाई हेर्दै विविध उपाय अवलम्बन गर्दै यौन सम्पर्कलाई अघि बढाउने। यसमा समय र धैर्यता निकै लाग्नुका साथै श्रीमतीको सहयोग महत्त्वपूर्ण हुने कुरा पनि बुझ्नुपर्छ।

के तपाईंमा यौन सम्बन्धी समस्या छ?
पुरुषहरुमा देखिने
शीघ्र पतन, यौन सन्तुष्टि नहुने, यौन चाहना नहुने, लिङ्ग चिलाउने, स्वप्न दोष, सरुवा यौनरोगका साथै उमेर अनुसार यौनाङ्ग विकास नहुनु।
महिलाहरुमा देखिने
सेतो पानी बग्ने, योनी चिलाउने, यौन सन्तुष्टिमा कमी भएको महसुस हुने, स्तन सानो वा ठूलो हुने, तल्लो पेट दुख्ने तथा महिनावारी सम्बन्धी समस्याहरु।
सुन्दरता अनुहारका सबै किसिमका दाग, डण्डीफोर, कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेतो दुवी, साथै अन्य चर्मरोगहरु।
महिला वा पुरुषहरुमा हुने बाँझोपन (नि:सन्तान) को गोपनियताका साथ उपचार
सम्पर्क स्थान: माता मनकामना आरोग्य केन्द्र तथा सेक्सोलोजिष्ट डाक्टर्स क्लिनिक
पुतलीसडक, काठमाडौं (साडी प्यालेस माथि) फोन: ४२४०३९१, ४२२५५३५
शाखा कार्यालय
पोखरा - ०६१-५३९१९४ बुटवल - ०७१-५४८८९३
भरतपुर - ०५६-५२०९६८ इटहरी - ०२५-५८४०८८
दाङ - ९८४७८७७११४, ९८०६२०९८००
हेटौंडा - ०५७-५२६०४६ सप्तरी, फत्तेपुर - ०३१-५५०११२

सुखी विवाहित जीवनको लागि
सेवाको १५ वर्ष
विवाहको पहिलो वा विवाहपछि भएका यौन रोग, शीघ्रपतन, स्वप्न दोष, पिसावसित धातु खस्ने, नपुंसकता, सन्तान नहुने र कमजोरी आदिको सफल उपचारको लागि आज नै भेट्नुहोस्।
भेट्ने ठेगाना: फोन नं. : ४-४६०७८५
पापुलर आयुर्वेद औषधालय
ज्ञानेश्वर, रातोपुल पारीपट्टी, काठमाडौं

ENGLISH LANGUAGE TRAINING
छिटो अनि राम्रोसँग American Method मा सिकाइने १ मात्र English, Japanese, Spanish, Chinese, German तथा French Language Training संचालन गरिंदैछ।
३ महिना भित्र राम्रोसँग बोल्न सक्ने बनाउने विश्वास दिलाउछौं।
BUD LANGUAGE INSTITUTE
जमल रानी पोखरी, विश्वज्योति हलसँगै
Tel :- 4249576

25% off... in S.L.C Appeared Students
Languages and Computer
K.M.I.
Bhotahity,Kathmandu
Ph: 4-232203
Website: www.kmi.edu.np



## नेपाली संगीत : विदेशमा मस्त

# स्वदेशमा सुस्त

• कृष्ण भट्टराई

काठमाडौं– नेपाली सांगीतिक क्षेत्रमा वर्ष २०६५ ले मिश्रित परिणाम दिएको छ। गीतिसंग्रहको विक्री ह्वात्तै घटेपछि यो वर्ष गीत-संगीतको व्यापारमा आर्थिक मन्दी नै देखियो। गीत किनेर भन्दा कपि गरेर सुन्ने प्रवृत्ति बढेपछि नाम चलेका गायक-गायिकाका गीतिसंग्रहले पनि राम्रो दाम कमाउन सकेनन्, तर टेलिभिजन च्यानलको बढ्दो संख्यासँगै म्युजिक भिडियोको निर्माणमा आएको तीव्रताले सुन्ने गीतभन्दा हेर्ने गीतहरू लोकप्रिय भए। यसबाहेक बन्द, हड्तालजस्ता कारणले देशव्यापी सांगीतिक कार्यक्रमको आयोजनामा कमी आए। यद्यपि लोकप्रियता हासिल गरेका गायक-गायिकाहरू स्वदेशको तुलनामा विदेशमा आयोजना हुने सांगीतिक कार्यक्रममा लगातार रूपले सहभागी हुन पाइरहे।

मोबाइल प्रयोगकर्ताको संख्या बढ्नाले नेपाली गायक-गायिकाहरूलाई यस वर्ष आर्थिक लाभ भएको छ। कल ब्याक रिङ टोनमा आफ्ना गीत समावेश गरेबापत नेपाल टेलिकमले उपलब्ध गराउने रोयल्टीले केही लोकप्रिय गायक-गायिकालाई आर्थिक लाभ भएको हो। म्युजिक नेपालले जनाएअनुसार यस वर्ष सबैभन्दा बढी गायक तथा संगीतकार नरेन्द्र प्यासीको गीतिसंग्रह 'वासना' का दुई गीत करिब ४४ हजारवटा मोबाइल सेटमा सीबीआरटीका रूपमा प्रयोग गरिए।

**विदेशका कार्यक्रम**

वर्ष २०६५ को प्रारम्भदेखि नै गायक-गायिकाहरूले युरोप, अमेरिका, खाडी मुलुक तथा अन्य एसियाली मुलुकमा पुगेर गीत-संगीत प्रस्तुत गर्ने अवसर पाइरहे। लोकगायक मिलन लामादेखि पप गायक निमा रुम्बासम्मले वर्षका अधिकांश महिना विदेशमै बिताए। वर्षको पहिलो दिन युरोपको समृद्ध मुलुक आयरल्यान्ड पुगेका गायक मिलन लामा मलेसिया, कतार, दुबईजस्ता थुप्रै देश पुगे। सांगीतिक समूह नेपथ्यले अस्ट्रेलियामा करिब एक महिनासम्म दर्शकलाई नेपाली रक गीत सुनाइरह्यो। धीरज राई, भगवान भण्डारी, राजेशपायल राई, राजु लामा, दीपेशकिशोर भट्टराइ, हेमन्त शर्मा, आनि छोइङ डोल्मा, रामकृष्ण ढकाल, यम बराल, अभिनाश घिसिङ आदि गायकहरू पनि विदेशका कार्यक्रममा सहभागी भैरहे।

**घट्यो व्यापार**

गायक रामकृष्ण ढकाल आफ्नो पछिल्लो गीतिसंग्रह 'मेरो साथी' को बिक्रीबाट खुसी छैनन्। रामकृष्ण ढकाल मात्र होइन, गायक यम बरालको गीतिसंग्रह 'हिरा' को व्यापार पनि सन्तोषजनक रहेन। सुगम पोखरेलको गीतिसंग्रह 'स्कुल पाठशाला' को व्यापार पनि औसत नै रह्यो। यश कुमारको 'नरुने आँखाहरू' को व्यापार पनि औसतभन्दा माथि जान सकेन। लोकदोहोरी गीतिसंग्रहको व्यापार पनि अघिल्ला वर्षको तुलनामा कमै रह्यो। 'स्थापित गायक-गायिकाका गीतिसंग्रहहरूको बजार पनि राम्रो हुन नसक्नुमा धेरै कारण छन्, सान्तना रेकर्डका निर्मल होडा भन्छन्– 'पहिलो कारण त राजनैतिक अस्थिरता नै हो। बन्द तथा हड्ताल आदिका कारण देशभरि गीतिसंग्रह उपलब्ध हुन पाउँदैनन्।'

**रिमिक्सकै बोलावाला**

यो वर्ष पनि पुराना लोकप्रिय गीतलाई रिमिक्स गरेर श्रोतासमक्ष पुऱ्याउने काममा कमी आएन। डिजे राजु, डिजे युवा, डिजे सन्तोष आदि डिस्को जक्कीहरू पुराना कर्णप्रिय गीतहरूलाई रिमिक्स गर्नमै व्यस्त रहे। तल तल तल तल..., वनमा फुल्यो फूल, माइतीघरजस्ता पुराना गीतका रिमिक्स भर्सनहरू अधिकांश डान्स पार्टीमा बजिरहे।

**म्युजिक भिडियोको बाढी**

गीतिसंग्रह तयार पारेपछि उक्त संग्रहको एउटा राम्रो गीतको म्युजिक भिडियो निर्माण गर्नैपर्ने बाध्यात्मक परिस्थितिले यो वर्ष जरा नै गाड्यो। म्युजिक भिडियो बनाउनैपर्ने बाध्यतात्मक परिस्थितिले भिडियो निर्देशक तथा प्राविधिकहरूलाई त आर्थिक लाभ दियो। यसबाहेक आधा दर्जनभन्दा बढी मनोरञ्जनात्मक वेबसाइटले पनि यी भिडियोहरू अनलाइन उपलब्ध गराएर आफ्ना भिजिटरहरूको संख्या बढाए।



**आशालाग्दा नयाँ अनुहार**

यो वर्ष नेपाली सांगीतिक क्षेत्रमा एक दर्जनभन्दा बढी नयाँ गायक-गायिकाहरू आफ्नो पहिलो गीतिसंग्रहमार्फत श्रोतामाझ आए। शोभा बर्मा, कमल क्षेत्री, किसन गुरुङ, आङनिमा शेर्पा, लोकन्द्र राई, पाल्देन लामा, भूषण भट्टराई, कविराज निरौला, हिमाल श्रेष्ठ, सुनिल रानाभाटजस्ता सांगीतिक क्षेत्रका नयाँ अनुहारहरू आफ्नो पहिलो गीतिसंग्रहमार्फत नै स्थापित गायकका रूपमा दरिए। शोभा बर्मा, बिपना धिताल, सीता केसी, कला राई, मेनुका राईजस्ता गायिकाहरूलाई पनि श्रोताले उनीहरूको पहिलो गीतिसंग्रहमार्फत नजिकबाट चिन्ने अवसर प्राप्त गरे।

**पलेंटीको रौनक**

नेपालयले केही वर्षअघिदेखि प्रारम्भ गरेको सांगीतिक श्रृंखला 'पलेंटी' ले सुगम संगीतलाई जोगाउने प्रयास जारी राख्यो। 'पलैंटी' श्रृंखलामा कविवर माधवप्रसाद घिमिरे, गणेश सरिक, फत्तेमान राजभण्डारी, योगेश वैद्य मात्र होइन भारत तथा भुटानका नेपालीभाषी स्रष्टालाई समेत नेपाली सुगम संगीत प्रस्तुत गर्ने प्लेटफर्म उपलब्ध गरायो।

**सहर केन्द्रित सांगीतिक कार्यक्रम**

काठमाडौं, पोखरा तथा धरानबाहेक अन्य स्थानमा यो वर्ष निकै कम सांगीतिक कार्यक्रम आयोजित भए। अधिकांश गायक-गायिका तथा संगीतकर्मीहरू काठमाडौंमै बसोबास गर्ने भएकाले अधिकांश सांगीतिक कार्यक्रम काठमाडौंमै सीमित भए। अन्य सहरमा सांगीतिक कार्यक्रमको आयोजना नगण्य रह्यो। देशका विभिन्न स्थानमा आयोजित महोत्सवहरूमा भने सांगीतिक कार्यक्रमलाई पनि समावेश गर्ने फेसन नै चल्यो। धनगढी, भैरहवा, दमक, चरिकोट, चितवन आदि स्थानमा आयोजित महोत्सवहरूमा नाम चलेका गायक-गायिकाहरूलाई निम्त्याएर सांगीतिक कार्यक्रम आयोजना गर्ने शैली विकसित भयो। डिजे तेन्जिङको अल नेपाल म्युजिक टुर विद डिजे तेन्जिङ, लाइभ कन्सर्ट विद एड्रियन प्रधान, शिवरात्री सांगीतिक महोत्सवबाहेक अन्य सांगीतिक कार्यक्रमले खासै दर्शक आकर्षित गर्न सकेनन्। यसबाहेक राजधानीमा गायक राजु लामाको एकल गायन कार्यक्रम तथा इन्डियन आइडल सहभागी सांगीतिक कार्यक्रममा भने दर्शक सहभागिता आकर्षक रह्यो। यसका साथै वर्ष २०६५ मा सांगीतिक समूहहरूबीचको प्रतिस्पर्धा पनि भए। ब्यान्ड च्यालेन्ज, अन्तरकलेज संगीत प्रतियोगिता, रक मेनियाजस्ता प्रतियोगिताले नयाँ प्रतिभा जन्माउन सहयोग पुऱ्यायो।

**सांगीतिक पुरस्कार**

हिट्स एफ.एम, कान्तिपुर एफ.एम, इमेज एफ.एम. जस्ता सञ्चारमाध्यमले नेपाली सांगीतिक क्षेत्रका स्रष्टालाई यो वर्ष पनि पुरस्कृत गरे। हिट्स एफ.एम.ले वितरण गरेको पुरस्कारमा सांगीतिक समूह मुक्ति एन्ड रिभाइवलको वर्चस्व रह्यो भने इमेज एफ.एम.ले पनि पप संगीतकर्मीलाई नै पुरस्कारको हकदार बनायो। कान्तिपुर एफ.एम.ले भने वर्षभरिमा सर्वाधिक बजेका सबै विधाका गीत-संगीतलाई पुरस्कृत गऱ्यो।

**संगीतसँगै अर्को पेसा**

संगीतबाट मात्र जीवन निर्वाह हुने लक्षण नदेखेपछि केही संगीतकर्मीले वर्ष २०६५ देखि नै केही वैकल्पिक व्यवसायतर्फ झुकाव राखे। खासगरि गायक बाबु बोगटी, यश कुमार, विजय लामा रेस्टुराँ व्यवसायतर्फ आकर्षित भए। बोगटी र कुमारले संयुक्त लगानीमा दरबारमार्गमा एउटा रेस्टुराँ स्थापना गरे भने लामाले लाजिम्पाटमा एउटा पब सञ्चालन गरे। गायक यम बराल भने नक्कली गरगहनाको व्यापारतर्फ आकर्षित भए।

# वर्षका प्रमुख राजनैतिक घटना

**पृष्ठ ३ बाट जारी**

कांग्रेसबाट पटक-पटक मन्त्री भएका व्यक्ति हुन्। यी भिन्न पृष्ठभूमि भएकै कारण यी दुईले फोरमलाई अघि बढाउन आफ्नै खालको नीति सार्वजनिक गरे। फलस्वरूप पार्टीमा विभाजनको अवस्था आयो। उपेन्द्र पक्षधरहरूले जेपी गुप्ता पक्षधरहरूलाई अवसरवादीको संज्ञा दिए भने गुप्ता पक्षधरहरूले यादवले पार्टीलाई तानशाही ढंगले सञ्चालन गरेको आरोप लगाए। यो विवाद कतिसम्म बढ्यो भने मंसिर २८-३० मा वीरगन्जमा हुने भनिएको महाधिवेशन नै सऱ्यो। माघमा भएको पार्टीको महाधिवेशनमा दुवैले आफ्नो गल्ती सच्याउने प्रतिबद्धतासहित फोरमका नेता एक भएको देखिएको छ।

**सरकार–सेनाबीच चिसो सम्बन्ध**

वर्ष २०६५ सरकार-सेनाबीच चिसो सम्बन्धमै बित्यो। गत वर्ष कात्तिक महिनामा नेपाली सेनाद्वारा सहायक पण्डित तथा जवानका लागि विज्ञापन प्रकाशित गरेपछि माओवादीले नेतृत्व गरेको सरकार र सेनाबीचको सम्बन्ध चिसो हुन थालेको थियो। यो विज्ञापनलगत्तै माओवादीले पनि अयोग्य भएर हटाइएका माओवादी सेना बराबर नयाँ भर्ना गर्ने नीति सार्वजनिक गऱ्यो। पुसमा अनमिनले दुवै सेनाले गर्न लागेको भर्ना शान्ति-सम्झौता विपरीत हुने प्रतिक्रिया दियो। अनमिनको यो प्रतिक्रियापछि पनि दुवैले सेना भर्नाको कुरा अघि बढाए। यसबीच पुस २० गते प्रधानसेनापति रुक्माङ्गत कटुवालले सेना भर्ती प्रक्रिया सेनाको नियमित कार्य भएकाले सेनालाई राजनीतिमा नमुछ्न सार्वजनिक आग्रह गरे। त्यसलाई रक्षामन्त्री रामबहादुर थापाले संविधानविरोधी अभिव्यक्तिका रूपमा प्रतिक्रिया दिए।

लामो शीतयुद्धपछि सेनाले ३ हजारलाई नियुक्ति दिएर तालिममा पठायो। त्यसलगत्तै माओवादीले पनि सेना भर्ना प्रक्रिया सुरु गऱ्यो। यो मुद्दा सर्वोच्च अदालत पुग्यो। सर्वोच्चले सरकारी सेना भर्नालाई मान्यता दियो भने माओवादी सेनालाई अमान्य घोषित गऱ्यो। सर्वोच्चको आदेशपछि रक्षामन्त्री थापाले आठ जर्नेलको तीनवर्षे म्याद थप्न अस्वीकार गरे। यो मुद्दा पनि सर्वोच्च अदालतमा पुग्यो। सर्वोच्चले यो आदेशलाई पनि तत्काल कार्यन्वयन नगर्न आदेश दियो।

**एमाले महाधिवेश**

गत वर्षका चर्चित घटनामध्ये नेकपा (एमाले) को महाधिवेशन पनि एउटा हो। यसमा प्रभावशाली नेता केपी शर्मा ओली वरिष्ठ नेता माधवकुमार नेपालको साथ पाएर पनि अध्यक्ष चुनिन सकेनन्। उक्त दलको प्रमुख पदमा झलनाथ खनाल छानिए। एमालेले आफ्नो स्वरूपमा परिवर्तन गरेका कारण पनि महाधिवेशनले चर्चा पायो। नयाँ परिवर्तनपछि एमालेमा १ सय २० भन्दा बढी केन्द्रीय सदस्य छन् जसलाई केन्द्रीय कमिटी, स्थायी समिति तथा सचिवालय गरी तीन संरचनामा विभाजन गरिएको छ।

**स्ववियु निर्वाचन**

संविधानसभा निर्वाचनको एक वर्षपछि मिनी जनमत मानिने स्ववियु निर्वाचनमा माओवादी निकट अखिल क्रान्तिकारी तेस्रो स्थानमा आयो। संविधानसभामा पहिलो स्थान ल्याउने माओवादी एक वर्षमै तेस्रो स्थानमा झर्नुलाई विभिन्न अर्थ लगाइयो। कतिपय राजनैतिक विश्लेषकले यसलाई माओवादीको लोकप्रियतामा आएको कमीका रूपमा व्याख्या गरे भने कतिपयले संविधानसभामा धाँधली भएको कुरा पुष्टि भएको रूपमा लिए।

**आस्थामाथि हस्तक्षेप**

वर्ष २०६५ मा सरकारद्वारा पशुपतिनाथको पुजारी परिवर्तन गर्ने घटनाले पनि गम्भीर राजनैतिक रूप लियो। पशुपतिनाथको मन्दिरमा सयौं वर्षदेखि भारतीय नागरिकद्वारा पूजा-अर्चना गराइने प्रचलनलाई सरकारले परिवर्तन गर्न खोज्दा यसका पक्ष र विपक्षमा ठूलो बहस भयो। पशुपतिनाथको पुजारी परिवर्तनको घटनामा भारतले पनि विशेष चासो राख्यो। अन्ततः यो मुद्दा सर्वोच्च अदालत पुग्यो। सर्वोच्चले पुजारी परिवर्तन नगर्न फैसला सुनाएपछि यो विवादले विश्राम लियो।

गत वर्ष काठमाडौं इन्द्रचोकका बासिन्दाले पनि आफ्नो आस्थामाथि प्रहार गरेको भन्दै आन्दोलन गरे। इन्द्रजात्राका अवसरमा सरकारले दिँदै आएको खर्च कटौती गर्ने निर्णयविरुद्ध यस्तो आन्दोलन भएको थियो। तीन दिनसम्म चलेको उक्त आन्दोलनपछि सरकार आफ्नो निर्णय फिर्ता लिन बाध्य भयो।

**थारू आन्दोलन**

सरकारले ल्याएको नयाँ अध्यादेशले तराईका आदिवासी थारूलाई मधेसीकरण गरिएको भन्दै १४ दिनसम्म आन्दोलन चल्यो। आन्दोलनकै बीच प्रहरीको गोली लागि दुईको मृत्यु भएपछि भने थारू समुदायको शान्तिपूर्ण आन्दोलन हिंश्रक बन्न पुग्यो। चितवनमा खुकुरी प्रहार गरी एक प्रहरीको हत्या भयो। हड्तालको सबैभन्दा बढी प्रभाव थारू बाहुल्य पश्चिम नेपालमा परे पनि पूर्वी तराई पनि ठप्प थियो। मधेसवादी दलहरूले यसलाई 'ठूला दलले थारू उचालेको' भन्ने आरोप लगाए भने ती दलले आरोपको बचाउ गर्दै थारू समुदायले आफ्नो पहिचान खोजेको बताए। अन्त्यमा सरकारले थारू समुदायको संविधान संसोधन गर्ने तथा थारूलाई मधेसी समुदायबाट हटाउने मुख्य माग पूरा गऱ्यो।



## कन्सर्टमा कुटुम्ब

काठमाडौं– सांगीतिक समूह कुटुम्बले सांगीतिक कार्यक्रम प्रस्तुत गर्ने भएपछि दर्शकहरू टिनएजर मात्र हुँदैनन्। गत शनिबार भाटभटेनी पार्कमा आयोजित एउटा सांगीतिक कार्यक्रममा अधबैंसे दर्शकहरूको संख्या बढी देखियो। अवसर थियो, कुटुम्बको एकल सांगीतिक कार्यक्रम 'बिट्स अफ नेपाल'। इभेन्ट वर्ल्डले आयोजना गरेको उक्त कार्यक्रममा कुटुम्बका छ जना संगीतकर्मीले करिब डेढ दर्जन लोकप्रिय गीतका धुन प्रस्तुत गरेर उपस्थित दर्शकहरूलाई मनोरञ्जन प्रदान गरे।

कार्यक्रमस्थलमै आयोजित फुड फेस्टिभलले संगीतको तालमा रमाउनेहरूका लागि थप रमाइलो वातावरण सिर्जना गरेको थियो। राति आठ बजेसम्म जारी रहेको सांगीतिक कार्यक्रममा कुटुम्बका संगीतकर्मीहरूमध्ये अरुण मानन्धर तुइना तथा अरबाजोमा थिए भने किरण नेपालीले सारंगी बजाएका थिए। पवित महर्जन तथा राजु मानन्धर परसेसनमा थिए भने रबिनकुमार श्रेष्ठले बाँसुरी बजाएका थिए। सिद्धार्थ महर्जनले इफेक्टमा आफ्नो नियन्त्रण कायम गरेका थिए।

## नयाँ वर्षमा नन स्टप डान्सपार्टी



**भीषण राई**

धरान– सोमबारको साँझ युवापुस्ता निकै उत्साहका साथ डान्समा रम्न तयार थियो। बेलुकी पाँच बजे प्रारम्भ भएको पार्टिजोन एक्सप्लोसीभ न्यू इयर इभ पार्टीनाम दिइएको उक्त डान्स पार्टीमा धरानका अनुभवी डिजे डबल बी र डिजे मिराकले पार्टीकेजीहरूको भावना बुझी निकै रमाइला रिमिक्स नम्बरहरू घन्काएका थिए। पार्टीमा नेपाली रिमिक्स गीतहरूभन्दा हिन्दी र अंग्रेजी गीत नै बढी बजे। नेपाली नयाँ वर्षलाई स्वागत गर्न हजारौं युवा धरानको ब्रिटिस कम्युनिटी हलमा जम्मा भएका थिए। राति बाह्र बजे नेपाली नयाँ वर्षलाई स्वागत गर्न बसेका धरानका युवाहरूले आकाशै उज्यालो बनाउने गरी विभिन्न पटका पड्काउँदा ब्रिटिस कम्युनिटी हल निकै मनमोहक देखियो। ननस्टप डान्स पार्टीमा आगन्तुकहरू आउने क्रम रातको बाह्र बजेसम्म पनि रोकिएको थिएन।

**तस्बिर : विकास राई**

## आरम्भको संगीत यात्रा

**विप्लव भट्टराई**

दर्शकमा छाएको सन्नाट्टाले समारोहलाई कुनै धार्मिक कार्यक्रमको झल्को दिन्थ्यो। भर्खरै इलाममा पुराना गीतलाई नयाँ कलाकारले प्रस्तुत गरेको सांगीतिक कार्यक्रमले दर्शकहरूलाई भिन्न स्वाद चखायो। ट्र्याक सिस्टमले गाँज्दै लगेको सांगीतिक वातावरणमाझ आरम्भले सेक्सोफोनदेखि बाँसुरीसम्मका वाद्ययन्त्र जुटाएर लाइभ कार्यक्रम सम्पन्न गरेको थियो। पटक पटक बिजुली काटिँदा पनि दर्शकहरू चुपचाप कार्यक्रम हेरिरहेका थिए।

कार्यक्रममा भूपेन राई, रमेश श्रेष्ठ, विशाल तिखत्री, भावना थापा, दिपचन दियाली, मनोज सेन, तुलाराम पौडेल, रेनुका थेवे, कृतिका राई, स्मिता दियाली आदिले गीत प्रस्तुत गरेका थिए। इलाम कला केन्द्रका कलाकारहरूले नृत्य प्रस्तुत गरेका थिए। कार्यक्रममा पञ्चैबाजाको रौनकले उत्तिकै रमाइलो थपेको थियो।पाका स्रष्टाका गीतलाई स्थानीय तन्नेरी प्रतिभाहरूले प्रस्तुत गर्ने उक्त सांगीतिक कार्यक्रमका अवसरमा नौमती बाजालाई प्रोत्साहन गर्ने कलाप्रेमीलाई सम्मान पनि गरिएको थियो।

## झुम्यो पोखरा फेवा महोत्सवमा

**शिव शर्मा**

पोखरा– लेकसाइडमा त्यसै पनि चहलपहल हुन्छ। गएको साता भने यहाँ आयोजित फेवा नयाँ वर्ष महोत्सवले स्वदेशी तथा विदेशी पर्यटकहरूको ध्यान खिच्यो। महोत्सवमा रमाउन आउनेहरूको भीडभाडले पाइला राख्न पनि मुस्किल थियो। रातको १ बजेसम्म महोत्सव स्थल विविध सांगीतिक कार्यक्रमले घन्कियो। जोडी बाँधेर आउनेहरूले नयाँ वर्षको रात महोत्सवस्थलमै बिताए।

महोत्सवमा सबै वर्गका दर्शकका रुचिका कुरा उपलब्ध थिए। बालकदेखि वृद्धसम्मलाई मनोरञ्जन प्रदान गर्ने कार्यक्रमहरू महोत्सवमा समावेश थिए। बालबालिकाहरूलाई छुट्टै मनोरञ्जन दिन बालउद्यानको व्यवस्था थियो। त्यस्तै तन्नेरी जमातका लागि पप कन्सर्ट र पाकाहरूका लागि दोहोरी। महोत्सवमा घरेलु हस्तकलाका सामानदेखि, बैंकिङ कारोबारसम्बन्धी जानकारीलगायत विविध प्रकारका ५० भन्दा बढी स्टल थिए। महोत्सवमा पर्यटकीय दौड, जलकुम्भी झार फाल्ने प्रतियोगिता, डुङ्गा दौड, पर्यटक दौड तथा विविध सांस्कृतिक रमाइला कार्यक्रम पनि सम्पन्न गरिए।

## हङकङमा राजेशका साथ नयाँ वर्ष

पन्ध्रौं पटक कार्यक्रम प्रस्तुत गर्न हङकङ आइपुगेका गायक राजेश पायल राईले यसपटक पनि स्थानीय नेपालीहरूको मन जिते। नयाँ वर्षको अवसरमा आयोजित मूलबाटो साँझमा युवादेखि पाकासम्मले उनलाई नाचगान गर्दै साथ दिए। धराने दर्शकको मनग्य सहभागिता रहेको चाल पाएका राजेशले भाका हाले– 'घुम्न जाउँ धरान'। नाच्ने बहाना खोजिरहेका दर्शकलाई पुगिहाल्यो, सबैले कुर्सी छाडेर स्वरमा स्वर मिलाए। स्थानीय गायिका रोसा लिम्बूसँगको युगल गायनसँगै बाँन्न पाऊँ, बल्लै भेट भो आदि गीतले समेत दर्शकको वाहवाही बटुल्यो।

हङकङेलीहरूमा आफ्नो क्रेज देखेर राजेशले भने 'सधैं तपाईंहरूको यस्तै माया पाइरहूँ।' आइतबार याउ मा तेईस्थित हेनरी जी ल्योङ हलमा सम्पन्न कार्यक्रममा राईलाई स्थानीय कलाकार कमल राई, अन्तिम राई, सुनिता प्रधान, टोपराज लामा आदिले साथ दिएका थिए। नयाँ वर्षको पूर्वसन्ध्यामा सोमबार राति जोर्डनस्थित याक एन्ड यति रेस्टुराँमा आयोजित कार्यक्रममा समेत उनले आफ्नो गायन प्रस्तुत गरेका थिए।

**निर्मल श्रेष्ठ, हङकङ**

## हङकङमा मस्र्याङ्दी साँझ

नयाँ वर्षको पूर्वसन्ध्यामा हङकङमा आयोजित 'मस्र्याङ्दी साँझ' मा नेपालबाट गएका कलाकारहरूले मनोरञ्जन प्रदान गरेका छन्। हास्यकलाकार कमल गाउँलेसहितका गायक-गायिका तथा नृत्यांगनाहरू सम्मिलत कलाकारहरूले दर्शकहरूलाई रमाइलो गराए। लमजुङ सेवा समितिले आयोजना गरेको उक्त कार्यक्रममा हास्यकलाकार गाउँलेको व्यंग्यात्मक उद्घोषण कार्यक्रमको आकर्षण बनेको थियो। उनले प्रस्तुत गरेको 'भैंसी पालेर' गीतको हास्य नृत्य पनि उत्तिकै जमेको थियो। कार्यक्रममा बुद्धिमान दुरा, धनबहादुर गुरुङ, गोरे गुरुङ, सबिना गुरुङ, हरिमाया गुरुङ, सीता गुरुङ आदि कलाकारले गीत तथा नृत्य प्रस्तुत गरेका थिए। कार्यक्रममा सबिना, हरिमाया, सीता आदिले प्रस्तुत गरेको दोहोरी गायनले दर्शकहरूलाई नचाएको थियो।

## वनभोजमा आरजे/भिजे

हास्य कलाकार शिशिर सुवेदी सानो पर्दामा मात्र होइन सार्वजनिक समारोहमा पनि दर्शक हँसाउन सिपालु छन् भन्ने कुरा गत शनिबार गोदावरीमा आयोजित वनभोज कार्यक्रममा प्रमाणित भयो। उनलाई अर्का हास्य कलाकार शिरोमणि दवाडीले साथ दिएका थिए। सधैं वनभोज खानेहरूको भीड देखिने गोदावरीमा शनिबार दिउँसो एक हुल युवायुवती रेडियो तथा भिडियो जक्की बन्ने रहरमा कार्यक्रम सञ्चालन गर्ने अभ्यास गरिरहेका छन्। भर्खरै उद्घोषण कलाको प्रशिक्षण लिएकाहरूमध्ये कोही टेलिभिजनको कार्यक्रम सञ्चालन गरिरहेका थिए भने कोही रेडियोबाट प्रत्यक्ष प्रसारण गर्ने अभ्यास गरिरहेका थिए। जनास मिडियाले सञ्चालन गरेको प्रशिक्षणमा सहभागी भएका युवायुवतीहरू हास्य कलाकारहरूसँगै रमाइलो गर्न त्यहाँ पुगेका थिए। कार्यक्रममा कान्तिपुर टेलिभिजनका कलाकार नवराज आचार्य, समाचारवाचक रूपेश श्रेष्ठ, रेडियो जक्की राज श्रेष्ठ पनि सहभागी थिए।

## मिस मंगोल- अन्तिम प्रतिस्पर्धा भोलि



गुरुङ, लिम्बू, मगर, नेवार, राई, शेर्पा, सुनुवार, तामाङ र थकाली समुदायको प्रतिनिधित्वसँगै ३४ जना प्रतिस्पर्धी युवतीहरू एकै थलोमा एउटा प्रतिस्पर्धा र एउटा उपाधि अर्थात् मिस मंगोल २००९ को उपाधि आफ्नो शीरमा सजाउने तयारीमा जुटेका छन्।

यो अवसर जुराइदिएको हो एक्सन इन्टरटेनमेन्ट प्रालि र प्रख्यात प्रोडक्सन प्रा.लि.ले। यो तयारीलाई मार्ग निर्देशन गरेका छन् कोरियोग्राफर एवं सञ्चारकर्मी रोजिन शाक्यले। भोलि वैशाख ५ गते शनिबार प्रज्ञाभवन, कमलादीमा मिस मंगोल २००९ को अन्तिम प्रतिस्पर्धा सञ्चालन हुनेछ।

प्रतिस्पर्धीहरूलाई आकर्षक पहिरनमार्फत् सुन्दर ढंगबाट प्रस्तुत गर्ने जिम्मेवारी पाएका छन्– आई.एन.आई.एफ.डी का १८ जना विद्यार्थी डिजाइनरहरूले इभनिङ गाउनमा प्रतिस्पर्धीहरूको सुन्दरतालाई एलिगेन्ट एवं शोभर लुक प्रदान गर्ने कुरामा डिजाइनरहरूले विशेष ध्यान दिएको बताएको छ।

मुख्य तीन उपाधिका विजेतासँगै अन्य विधाका विजेता छनौट गर्ने कार्यले भोलि गति पाउने भए पनि मिस बेस्ट स्किन, मिस बेस्ट हेयरको छनौट भने यसै साता सम्पन्न भैसकेको छ। मिस ट्यालेन्ट सुविधाका लागि गत शनिबार ट्यालेन्ट राउन्ड सञ्चालन भएको छ, जसअन्तर्गत अधिकांश प्रतियोगीले नृत्यमार्फत आफ्नो प्रतिभा प्रदर्शन गरेका थिए।

महिलाहरूको लागि सुवर्ण अवसर
यहाँ विभिन्न किसिमको तालिमका साथै पेन्टिङ, त्याग, फूल, पुतली बनाउन सिकाईन्छ।
१ सिलाई र कटाई २. ब्यूटिसियन ३. फेसन डिजाईन ४. बुनाई ५. प्याचवर्क ६. इम्ब्राइडरी
बिदेस जानेहरूको लागि विशेष तालिम दिइन्छ।
SLC दिएर बसेका विद्यार्थीहरुको लागि २५% छुट दिइन्छ।
त्रिवेणी तालिम केन्द्र
बागबजार, काठमाण्डौ फोन: ४२३१०३० (खुल्ने समय: बिहान ७ बजेदेखि साँझ ५ बजेसम्म।)

साप्ताहिक Classified Advertisement

रोजगार
Test SLC कर्मचारीको आवश्यकता तलब-७००० २१४२६०३, ९८०३९०३७३९
राम्रो कमाई गर्न ९८०३६०४७३७, ९८४१८४६६७८

सम्पर्क
प्राइभेट S.L.C. नयाँ भर्ना ०१-६९१३२८६ सोह्रखुट्टे
केस झर्न नरोकिएमा पैसा फिर्ता, ९८०३५०२२५९
Computer Laptop, I-pod, Chinese mobile & Branded mobile 100% repair & sales with home service 9841535094, 4785419
नगद ब्यालेन्स-१०० Transaction Documentation, 4425343, 9851106495

उपचार
लिङ्गको लम्बाई, मोटाइ, उत्तेजना बढाउन सम्पर्क: ९८४१५०६१३४

दररेट
- रू. १० प्रति शब्द (साधारण)
- रू. २० प्रति शब्द (कलर हाईलाइट)

बिज्ञापन दिन र बुझ्नका लागि आफ्नो नजिकैका कान्तिपुर बर्गीकृत संकलन काउण्टर तथा सिधा मोवाइल ९८४१-२०५९७७ मा सम्पर्क गर्न अनुरोध गरिन्छ।

# राष्ट्रिय खेलकुदको तीतो सत्य



## सेना-माओवादी विवाद

लामो समयपछिको आयोजनालाई बेवास्ता गर्ने हो भने पाचौं राष्ट्रिय खेलकुद नेपाली सेना र माओवादी सेनाबीचको खेल राजनैतिक खिचातानीले ओझेल पर्‍यो। उद्घाटनको मार्च पासमा सहभागी नभए पनि प्राधानमन्त्री पुष्पकमल दाहालको निर्देशनमा राष्ट्रिय खेलकुद परिषद् (राखेप) ले माओवादीको जनमुक्ति सेना नेपाल स्पोर्ट्स क्लबलाई खेलाएपछि विभागीय टोली सेनाले विभिन्न ६ खेलका प्रतिस्पर्धा बहिष्कार गर्‍यो।

आश्चार्यजनक रूपमा माओवादी सेनालाई प्रवेश दिइएपछि पूर्वनिर्धारित खेल-तालिका अस्तव्यस्त बनेको थियो। माओवादी टिम सहभागी भएको खेल बहिष्कार गरेर सेनाले अन्य खेलका प्रतिस्पर्धामा भने आफ्ना खेलाडी उतार्‍यो। सेनाको बहिष्कारले फुटबलका पाँच राष्ट्रिय खेलाडी र एथलेटिक्सका राजेन्द्र बोहोराजस्ता उत्कृष्ट खेलाडी राष्ट्रिय खेलबाट वञ्चित भए।

बाध्यात्मक परिस्थितिमा माओवादी टोलीलाई राष्ट्रिय खेलकुदमा सहभागी गराइएको राखेपका सदस्यसचिव जीवनराम श्रेष्ठले स्पष्ट पारेका छन्। सेना समायोजनको तयारीमा रहेको माओवादीलाई अन्य क्षेत्रमा पनि नेपाली सेना सरह स्थापित गराउने प्रयासमा राष्ट्रिय खेलकुदमा सहभागिताका लागि प्रधानमन्त्रीले राजनैतिक हस्तक्षेप गरेको जानकारहरूको भनाइ छ। खेलमा झेल गरेपछि प्रधानमन्त्री दाहाल र माओवादीले सदन र सभामा कडा आलोचना खेप्नुपर्‍यो।

## कमजोर व्यवस्थापन

पाँचौं राष्ट्रिय खेलकुद आयेजनाका लागि राखेपलाई सरकारले २५ करोड रुपैयाँको बजेट उपलब्ध गरायो। चालू आर्थिक वर्ष १९ करोड रुपैयाँ बजेट रहेको राखेपका लागि यो निकै ठूलो रकम हो। त्यसमध्ये उसले ५ करोड भौतिक पूर्वाधार निर्माण र मर्मतमा छुट्यायो। एक करोड खेलाडी कल्याण कोषमा राख्यो।

बजेटको ७० प्रतिशत रकम ४ हजार ५ सय खेलाडी र अफिसियलको बसोबास, खाना, यातायात सुविधा तथा भत्ताका लागि हो। ठूलो रकम विनियोजन भएर पनि प्रतियोगिताका दौरान खेलाडीहरूले निक्कै सास्ती बेहोर्नुपर्‍यो। खान-बस्नका लागि राखेपले प्रतिखेलाडी दैनिक ६ सय रुपैयाँ छुट्याए पनि त्यस अनुरूपको सुविधा खेलाडीले नपाएको गुनासो गरे। प्रतियोगिता अवधिमा कुनै पनि खेलाडीले विशेष खान्की 'डाइट' खाने मौका पाएनन्।



दुईजना मात्र अटाउने होटलको एउटै कोठमा ६ जनासम्म बस्न बाध्य भएको खेलाडीहरूले बताए। ट्र्याक-सुट, जर्सी, जुत्ता जस्ता अत्यावश्यक सुविधा अधिकांश खेलाडीले घर फिर्ने बेला मात्र हात पारेका थिए। दस वर्षयता खेलकुदका नयाँ भौतिक संरचना निर्माण नभएकाले राखेपले खेलस्थलको चर्को अभाव झेल्नुपर्‍यो। कभर्ड हलको अभावमा नौवटा इन्डोर गेम खुला आकाशमुनि टुडिखेलमै सम्पन्न भयो। मध्यमाञ्चलका अफिसियलको वर्चस्वले मार्सल आर्ट्स र टिम गेमका विभिन्न स्पर्धामा एक पक्षीय निर्णय गरेको आक्षेप पनि निर्णायकहरूमाथि लाग्यो।

## आर्थिक अपारदर्शीता

हतारमा आयोजना गरिएको पाचौं राष्ट्रिय खेलकुदको बजेटको पूर्ण विवरण प्रतियोगितापूर्व सार्वजनिक गरिएन। खेलाडीका लागि छुट्याइएको बजेटभन्दा निक्कै सस्तो खाने-बस्ने प्रबन्ध गरिएको थियो। प्रतिखेलाडी दैनिक भत्ता ८ सय रुपैयाँ छुट्याएको थियो। त्यसमध्ये खेलाडीले दैनिक २ सय रुपैयाँ पाउँथे भने बाँकी ६ सय उनीहरूको खान-बस्नमा राखेप आफैले खर्च गर्थ्यो। राखेप र क्षेत्रीय खेलकुद विकास समितिले उपलब्ध गराएको खेल सामग्रीसमेत बजेटभन्दा निक्कै न्यून गुणस्तरको भएको खेलाडीहरूले गुनासो गरे।

सफल आयोजनाका लागि विभिन्न दस उपसमिति गठन गरिए पनि आर्थिक उपसमिति बनाइएन। सदस्यसचिव जीवनराम श्रेष्ठको निर्देशनमा राखेपको लेखा शाखाले बजेट 'एकद्वार प्रणाली' अन्तर्गत खर्च गरेको कोषाध्यक्ष अजर मानन्धरले बताए। बजेटको स्पष्ट खाकाका सम्बन्धमा कोषाध्यक्षलाई समेत पर्याप्त जानकारी नहुनु आश्चर्यको विषय थियो। कोषाध्यक्ष अजरलाई आर्थिक कार्यको जिम्मेबारी नदिई सुरक्षा उपसमितिको संयोजक बनाइएकाले पनि पाँचौं राष्ट्रिय खेलकुदमा आर्थिक अपारदर्शिताको आशंका बढेको हो।



### खुलातर्फका १३ खेलको पदक तालिका

| क्षेत्र | स्वर्ण | रजत | कांस्य | कुल |
|---|---|---|---|---|
| मध्यमाञ्चल | ५२ | ४४ | ५३ | १४९ |
| एपीएफ | १२ | ७ | ६ | २५ |
| नेपाल प्रहरी | ११ | ० | २ | १३ |
| नेपाली सेना | ९ | १० | १० | २९ |
| पश्चिमाञ्चल | ६ | ९ | १६ | ३१ |
| सुदूरपश्चिमाञ्चल | ३ | ९ | ७ | १९ |
| पूर्वाञ्चल | १ | १० | ७ | १८ |
| मध्यपश्चिमाञ्चल | ० | ५ | ९ | १४ |
| जनमुक्ति | ० | ० | ० | ० |
| कुल | ९४ | ९४ | ११० | २९८ |

### क्षेत्रीय स्पर्धाका २१ खेलको पदक तालिका

| क्षेत्र | स्वर्ण | रजत | कांस्य | कुल |
|---|---|---|---|---|
| मध्यमाञ्चल | ६८ | ३५ | ३५ | १३८ |
| एपीएफ | ३२ | १७ | १५ | ६४ |
| नेपाल प्रहरी | २७ | ४० | २४ | ९१ |
| पश्चिमाञ्चल | १८ | २२ | ४३ | ८३ |
| पूर्वाञ्चल | १४ | २५ | ५१ | ९० |
| मध्यपश्चिमाञ्चल | १० | २१ | ४८ | ७९ |
| सुदूर पश्चिमाञ्चल | ९ | १७ | ३९ | ६५ |
| नेपाली सेना | ९ | ७ | १२ | २८ |
| जनमुक्ति | ० | १ | ४ | ५ |
| कुल | १८७ | १८५ | २७१ | ६४३ |

# माओवादी सेनाको कमजोर प्रदर्शन

काठमाडौं- पाँचौं राष्ट्रिय खेलकुद प्रतियोगितामा माओवादी जनमुक्ति सेनाको सहभागिताले नेपालको राजनीतिमा तरङ्ग सिर्जना गरे पनि खेलमैदानमा भने कुनै चमत्कार देखाउन सकेन।

नेकपा माओवादीका अध्यक्ष एवं प्रधानमन्त्री पुष्पकमल दाहाल (प्रचण्ड) ले खेलकुद मन्त्रीलाई ठाडो आदेश दिएर जनमुक्ति सेनाका खेलाडीहरूलाई प्रतियोगिता प्रारम्भ भएको दोस्रो दिनदेखि सहभागी गराएका थिए। प्रधानमन्त्रीको ठाडो आदेशको भरमा सहभागिता जनाएपछि जनमुक्ति सेनाका खेलाडीहरूले उल्लेखनीय सफलता पाउने अनुमान गरिएको थियो। अन्तर्राष्ट्रिय खेल मान्यतालाई लत्याएर प्रतियोगितामा प्रवेश गरेको जनमुक्ति सेनाको टिमले अन्ततः १ रजत र ४ कांस्य पदकमै चित्त बुझाउनुपर्‍यो।

ठाडो आदेशको भरमा प्रतियोगितामा उत्रिएका जनमुक्ति सेनाका खेलाडीले फुटबल, भलिबल, ब्याडमिन्टन, तेक्वान्दो, कराँते र एथलेटिक्समा सहभागिता जनाएका थिए। जनमुक्ति सेनाको प्रवेशसँगै नेपाली सेनाले उसले सहभागिता गर्ने खेल र स्पर्धाहरू वहिष्कार गरेको थियो। नेपाली सेनाले यसरी मैदान छाडेको फाइदा सशस्त्र प्रहरी बलले लियो। जनमुक्ति सेनाका खेलाडीहरूले अन्ततः कराँतेमा १ रजत र १ कांस्य पदक, तेक्वान्दोमा २ कांस्य र सटपुटमा १ कांस्य पदक जितेका थिए।

कराँतेतर्फ महिला ६० किलोग्राम तौल समूहमा सपना लामाले रजत पदक जितेकी थिइन् भने पुरुष ७५ किलोग्राम तौल समूहमा नारायण श्रेष्ठले कांस्य पदक जिते। तेक्वान्दोमा सुष्मा पौडेल र मीना नेपालीले कांस्य पदक र एथलेटिक्सको सटपुटमा विनु शाहीले कांस्य पदक जितिन्।



जनमुक्ति सेनाले सहभागिता गरेका अन्य खेलमा भने स्तरीय प्रदर्शन गर्न सकेन। पुरुष फुटबलमा जनमुक्ति सेना पश्चिमाञ्चलद्वारा २ का विरुद्ध ४ गोलले पराजित भएको थियो भने महिला फुटबल टिम सशस्त्र प्रहरीद्वारा शून्यका विरुद्ध ३ गोलले, सुदूर पश्चिमाञ्चलद्वारा २ गोलका विरुद्ध ३ गोलले पराजित भएको थियो। जनमुक्ति सेनाका महिला फुटबलरहरूले पश्चिमाञ्चललाई १ का विरुद्ध २ गोलले पराजित गरेका थिए।

# कठिन चुनौतीका उपलब्धिहरू

पृष्ठ १ बाट जारी

वर्षीया किशोरी विश्वरूपा बूढा उदाइन्। १० हजार मिटर दौडमा स्वर्ण पदक जितेकी बूढाले एक-एक कांस्य पदक पनि हात पारिन्। उनको सफलताले गाउँ-गाउँसम्म राष्ट्रिय प्रतियोगिताको 'स्वस्थ नागरिकका लागि खेलकुद'को नारालाई बलियो पारेको छ। छोटो अवधिका कारण हुनसक्छ, यसपालि अपेक्षाभन्दा थोरै नयाँ खेलाडी चम्किए।

जलपरी करिष्मा कार्कीले सर्वाधिक कीर्तिमान १२ स्वर्णमा कब्जा गरेर तहल्का मच्चाइन्। नेपाली खेलकुदमा राज गरिरहेका स्टार खेलाडीको उत्कृष्ट प्रदर्शनले निरन्तरता पायो। थोरै खेलाडीलाई बिर्सने हो भने धेरै खेलाडीको व्यक्तिगत प्रदर्शनमा आश्चर्यजनक उपलब्धि हात परेन। केही स्थापित खेलाडीको नतिजा भने बिर्सनलायक रह्यो। विगतका संस्करणको तुलनामा दोब्बरभन्दा धेरै ३२ खेल र ३ हजारभन्दा बढी खेलाडी यो महाकुम्भमा सहभागी भए। मुख्य ६ खेल वहिष्कार गरेपछि पदक तालिकामा विभागीय टिम सेनाको उपस्थिति फितलो देखियो।

क्षेत्रीय स्पर्धाका २१ खेलमा राष्ट्रिय खेलकुदको नवप्रवेशी विभागीय टिम सशस्त्र प्रहरी बलले उत्कृष्ट प्रदर्शन प्रशंसनीय रह्यो। एथलेटिक्स र बक्सिङमा वर्चस्व कायम गरेको उसले ३२ स्वर्ण, १७ रजत र १४ कांस्य जितेर पदक तालिकामा दोस्रो स्थान हासिल गर्‍यो। विगतमा जस्तै टिम च्याम्पियन भने मध्यमाञ्चल नै बन्यो। राष्ट्रिय खेलकुदमा आधिपत्य कायम गर्दै आएको उसले सर्वाधिक ६८ स्वर्ण, ३५ रजत र ३५ कांस्य गरी कुल १३८ पदक कुम्ल्यायो।

## जो चम्किए



**करिश्मा कार्की, पौडी**

करिश्मा उमेरले भर्खर १७ वर्षमा हिँड्दैछिन् । यो सानो उमेरमै उनले नेपाली खेलकुदमा महत्त्वपूर्ण छलाङ मारेकी छिन् । कीर्तिमान १२ स्वर्णपदक जितेर उनी पाचौं राष्ट्रिय खेलकुदमा सर्वाधिक चर्चामा रहिन् । राष्ट्रिय खेलकुदको एउटै संस्करणमा सर्वाधिक पदक जित्ने कीर्तिमान आफ्नो नाममा लेखाएकी करिश्माले पौडीका कुनै पनि स्पर्धामा दोस्रो हुनुपरेन । यसअघि चौथो राष्ट्रिय खेलकुदमा पौडीमै नयना शाक्यले जितेको ९ स्वर्णको कीर्तिमान करिश्माले भंग गरिन् । महिलातर्फका १३ मध्ये १२ स्पर्धामा सहभागी करिश्माले सबैमा सफलता चुमिन् । घोषणा नगरिए पनि इन्जिनियरिङकी छात्रा निर्विवाद रूपमा पाचौं राष्ट्रिय खेलकुदकी सर्वोत्कृष्ट खेलाडी हुन् । बेइजिङ ओलम्पिकमा सहभागी भैसकेकी करिश्मा दक्षिण एसियाली खेलकुदमा कम्तीमा कांस्य पदक जित्न चाहन्छिन् ।

**केशरी चौधरी, एथलेटिक्स**

बाँकेकी केशरी चौधरीलाई ट्रायक एन्ड फिल्डकी नेपाली क्विन भने फरक पर्दैन । तीन वर्षयताको निरन्तर उत्कृष्ट प्रदर्शनले उनलाई नेपालको सर्वोत्कृष्ट महिला एथलेटिक्स खेलाडीका रूपमा स्थापित गरेको छ । नेपाल पुलिसकी चौधरीले एउटै राष्ट्रिय खेलकुदमा एथलेटिक्समा सर्वाधिक ५ स्वर्ण जित्ने कीर्तिमानको बराबरी गरिन् । यसअघि यो उपलब्धि तेस्रो राष्ट्रिय खेलकुदमा जितेन्द्र चौधरीले हासिल गरेका थिए । अर्को वर्ष बंगलादेशमा हुने ११ औं सागबाट स्वर्णको आशा गरिएकी चौधरीले यसपालि आफ्नै नाममा रहेको दुई राष्ट्रिय कीर्तिमान भंग गरिन् । १ सय मिटर दौडमा उनले कांस्यसमेत जितिन् । पुलिस टिमको खेलाडी भएकाले राष्ट्रिय महिला क्रिकेट टिमकी सदस्यसमेत रहेकी चौधरीले भने क्रिकेटमा नेपालगन्जबाट खेल्न पाइनन् ।

**बालकृष्ण चौधरी, एथलेटिक्स**

एथलेटिक्सका ३५ मध्ये १९ स्वर्ण पदकमा सशस्त्र प्रहरी बलले कब्जा गऱ्यो । सशस्त्रको यो सफलतामा बालकृष्ण चौधरी नायक रहे । चौधरीले टिमको चार स्वर्णमा आफ्नो नाम लेखाए । हाईजम्पमा आफ्नै कीर्तिमान सुधार गरेका उनले एक रजत र त्यति नै कांस्य जिते । चार गुणा १ सय मिटर, चार गुणा ४ सय मिटर र ट्रिपल जम्पमा उनले स्वर्णपदक प्राप्त गरे ।

**प्रमिला रिजाल, एथलेटिक्स**

सशस्त्रकी प्रमिला रिजालले ३ स्वर्ण र ३ रजत गरी कुल ६ पदक जितिन् । त्यसमा उनले एक राष्ट्रिय कीर्तिमान कायम गरिन् । सहभागी सबै स्पर्धामा पदक हात पारेकी छोटो दूरीकी यी धाविकाले ४ सय मिटर दौडको राष्ट्रिय कीर्तिमान आफ्नो नाममा लेखाइन् । उनले १ सय मिटर र २ सय मिटर दौडको स्वर्ण जितेर एथलेटिक्समा नयाँ प्रतिभाको उदयको उद्घोष गरिन् ।

**मनिता शाही, तेक्वान्दो**

दसौं दक्षिण एसियाली खेलकुदकी स्वर्णविजेता मनिता शाहीले राष्ट्रिय खेलकुदमा पहिलो स्वर्ण जितेकी छिन् । नेपाल प्रहरीकी शाहीले ५९-६३ किलोग्राम समूहको फ्लाइवेटमा पुलिसलाई सफलता दिलाइन् । उनले १५ औं एसियाली खेलकुदमा कांस्य पदक जितिसकेकी छिन् ।



**विष्णुरूपा बूढा, एथलेटिक्स**

जुम्लाकी १४ वर्षीया किशोरी विष्णुरूपा बूढाले १० हजार मिटर दौडमा मध्यपश्चिमाञ्चललाई स्वर्ण पदक दिलाइन् । दोस्रो स्थानकी हरिदेवी राजलवटलाई ९ दशमलव १६ सेकेन्डले पछि पारेर उनी एथलेटिक्समा कम उमेरकी विजेता बन्ने थोरै खेलाडीमा दरिइन् । पाचौं राष्ट्रिय खेलकुदका सबैभन्दा कान्छी स्वर्णविजेता बूढा चर्चित नेपाली धावक हरिबहादुर रोकायकी चेली हुन् । उनले थप एक रजत र एक कांस्य पदक पनि जितिन् ।

**सुरेन्द्र तामाङ, फुटबल**

फुटबल खेलाडी उत्पादनका लागि उर्वर मानिएको पूर्वाञ्चलले राष्ट्रिय खेलकुदमा राष्ट्रिय टिमका आफ्ना खेलाडीहरूलाई आराम दियो र त्यस अर्थमा उसले दोस्रो दर्जाको टिम मैदान उताऱ्यो । सुरेन्द्र तामाङको कप्तानीमा पूर्वाञ्चलले उत्कृष्ट फुटबल खेल्यो र स्वर्ण जित्यो । राष्ट्रिय टिमका नौ खेलाडीलाई टिममा स्थान नदिएको पूर्वाञ्चलले जुनियर खेलाडीको भरमा फाइनलमा एपीएफलाई १-० र सेमिफाइनलमा बलियो पुलिसलाई २-१ ले हरायो ।



**झन्तकुमारी कटुवाल, भारोत्तोलन**

झन्त कटुवाल नेपालकै सबैभन्दा बलियो महिला हुन् । भारोत्तोलन खेलाडी कटुवालले राष्ट्रिय खेलकुदमा जतिपटक भार उचालिन्, उति नै कीर्तिमान तोडिरहिन् । पुलिस टिमकी कटुवालले ७४ किलोग्राम तौल समूहमा स्वर्ण जित्ने क्रममा आफ्नै नाममा रहेको ३ नयाँ राष्ट्रिय कीर्तिमान सुधार गरिन् । उनले स्न्याचतर्फ ७४ किलोग्राम, क्लिन एन्ड जर्कमा ९० किलोग्राम गरेर कुल १ सय ६४ किलोग्राम भार उठाइन् ।

## जो अस्ताए



**नयना शाक्य, पौडी**

नयना शाक्यसँग यसपालि करिश्माले आफ्नो नाममा रहेको पौडीका कीर्तिमान एकपछि अर्को गर्दै तोडेको हेरिरहनुको विकल्प थिएन । चौथो राष्ट्रिय खेलकुदमा ९ स्वर्ण जितेर हलचल मच्चाएकी शाक्य यसपालि १ कांस्य पदकमै सीमित भइन् । बढेको उमेरसँगै घटेको खेल स्तरले उनलाई संन्यासको सँघारमा पुऱ्याएको छाँट पाँचौं राष्ट्रिय खेलकुदको परिणामले देखाएको छ ।

**चन्द्रकला थापा, एथलेटिक्स**

बेइजिङ ओलम्पिकमा नेपालको प्रतिनिधित्व गरेकी चन्द्रकला थापा यसपालि छोटो दूरीको दौडमा हावी हुने पूर्वानुमान गरिएको थियो, तर उनलाई प्रमिला रिजालले १ सय र २ सय मिटर दौडमा पछाडि पारिन् । व्यक्तिगत रूपमा दुई रजतमै रोकिएकी थापाले पुलिस टिमका सहकर्मीसँगै रिलेमा दुई स्वर्ण भने जितिन् ।

**खुर्शिद अहमद खाँ, एथलेटिक्स**

साढे दुई दशक लामो खेलजीवनमा कपिलवस्तुका खुर्शिद अहमद खाँलाई चुनौती दिने कमै खेलाडी देखिए । कुनै बेला चुनौतीविहीन खेलाडीको उपनाम पाएका ४१ वर्षीय पुलिसका खेलाडी यसपालि भने रजतपदकमै रोकिए । ज्याभलिन थ्रोमा उनले रजत हात पारेका हुन् । खेलजीवनको उत्तरार्द्धमा रहेका खाँले तेस्रो र चौथो राष्ट्रिय खेलकुदमा एथलेटिक्सका विभिन्न स्पर्धामा ५ स्वर्ण र थप रजत तथा कांस्य पदक जितेका थिए ।

**बिना श्रेष्ठ, एथलेटिक्स**

कुनै बेला छोटो दूरीका सबै स्पर्धामा आधिपत्य कायम गरेकी बिना श्रेष्ठ यसपालि रित्तो हात भइन् । दुई वर्षअघि नै अन्तर्राष्ट्रिय खेलबाट संन्यास लिएकी ३३ वर्षीया यी खेलाडीले १ सय मिटर दौडमा चौथो स्थानमै चित्त बुझाइन् । उनी हर्डल्स्मा पनि असफल भइन् । यसअघि चौथो राष्ट्रिय खेलकुदमा उनले तीन स्वर्ण, एक रजत र एक कांस्य पदक चुमेकी थिइन् ।

**पुलिसको फुटबल टिम**

एक महिनाभित्रै नेपाल पुलिस क्लब एएफसी प्रेसिडेन्ट्स कप खेल्ने तयारीमा छ । यस अर्थमा पाचौं राष्ट्रिय खेलकुदलाई उसले तयारीका रूपमा लिएको थियो । सेनाको अनुपस्थिति र क्षेत्रीय टिमको छोटो अवधिको तयारीले पुलिसलाई स्वर्णको प्रमुख दाबेदार मानिएको थियो, तर बिर्सनलायक खेल प्रदर्शन गरेपछि पुलिसले सेमिफाइनलमा दोस्रो रोजाइको पूर्वाञ्चलसामु घुडा टेक्यो । त्यसमा २-१ ले हारेको पुलिस कांस्य पदकमा सीमित भयो ।

**शैला र विविधा, पौडी**

गत वर्ष राष्ट्रिय पौडी प्रतियोगितामा ८ स्वर्ण जितेकी शैला राणा र दक्षिण एसियाली स्वीमिङ च्याम्पियनसिपमा नेपाललाई कांस्य पदक दिलाएकी विविधा रिमाललाई प्रतियोगितापूर्व बलियो दाबेदारका रूपमा हेरिएको थियो, तर सातदोबाटोको अन्तर्राष्ट्रिय पौडी पोखरीमा करिश्मालाई रोक्न नसकेपछि उनीहरू यसपालि असफल सावित भए । शैला ५ रजतमै सीमित भइन् । करिश्मा सहभागी नभएको ५० मिटर ब्रेस्ट स्ट्रोकमा विविधाले स्वर्ण जितिन् । थप १ रजतपदक हात पारे पनि उनी अपेक्षाकृत खेल प्रदर्शन गर्न चुकिन् ।



# प्रसंग कतिपय



विक्रम राई

अहिले हामीकहाँ इजम र थ्यौरीका वाहकहरूको संख्या बढेको छ। त्यसमा थर्काउने थ्यौरी हामीबीच खुबै चलेको छ। मानिसहरूलाई कन्भिन्स गर्न धेरै समय लाग्ने भए पनि थर्काउँदा एकैछिनमा त्यो काम फत्ते हुन्छ, त्यसैले धेरै जना त्यतैपट्टि लागिपरेका छन्। 'लगे रहो मुन्ना भाइ' जस्तो आट्टा यहाँ अर्कालाई नांगेझार बनाएर तर्साइन्छ। गणतान्त्रिक नेपालको पहिलो प्रधानमन्त्रीका रूपमा प्रचण्डले गएको बिमिस्टेक सम्मेलनमा नेपाललाई गरिबीबाट नउकासी छिमेकीहरू मात्र धनी बन्न पाइँदैन भनेर थर्काएको सबैले सुनेकै हुन्। हजारौंलाई थर्काएर र तर्साएर भए पनि सरकारले व्यवसायीहरूलाई करको दायरामा ल्याइछाड्यो। 'मजबुरीको नाम इन्दिरा गान्धी' भनेझैं 'मरता क्या नही करता' भएको छ। अन्तमा सबै शरणम गच्छामी नै हो। बिस्तारै रुपैयाँ बोक्न डोको बोक्नुपर्ने भएको छ, त्यो पनि जिम्बाबेको नोटझैं एक कप चियाको मोल गल्लीको पसलमा १ सय रुपैयाँसम्म पर्ने दिन गिरिजाबाबु रहुन्जेलसम्म भैसक्ने दाबी अब कुनै माता जीवन र परिवारको लालन-पालनको सपना बोकेर चोरबाटो भए पनि विदेश उड्नका निम्ति तयार भै एयरपोर्ट पुगेकाहरूलाई मन्त्रीज्यभागीय हैसियतले उड्ने बेलामा प्लेनको ढोकाबाटै फर्काइदिनुहुन्छ। यसरी केही व्यक्तिलाई फर्काएर हाम्रो गरिबी त फर्किने होइन, तर पनि बहालवाला मन्त्रीको रवाफका अगाडि सबै त्रसित र थर्कमान छन्। त्रिभुवन विमानस्थलबाट बिहान टमा दिल्ली जाने अनि दिनभरि दिल्लीमा मों फर्कने जोडीहरूलाई हाम्रा मन्त्रीज्यूले देख्न सक्नुहुन्न क्यारे, किनभने त्यो काम उहाँको मन्त्रालयअन्तर्गत पर्दैन।

बन्द, हड्ताल पनि यही थ्यौरीअन्तर्गत पर्छ। मसाल जुलुस निकालेर, होहल्ला गरेर, तोडफोड र हूलहुज्जत गरेर एवं पर्चा, माइकिङ गरेर यहाँ सजिलै बन्द आह्वान गर्न सकिन्छ। फेरि त्यो सधैं सफल पनि हुन्छ। आखिर यहाँ जो-कोही थर्कमान छन्। कुन 'माईका लाल' मा त्यो हिम्मत छ र अवज्ञा गरोस्। बाहुन भए बाहुनवादको नाममा, जनजाति भए उग्र जातिवादको नाममा र मधेसी भए भारतीय दलालको आरोपमा जो-केहीलाई अपमानित हुन मन लाग्दैन। तथापि यहाँ एउटा विचारणीय कुरा के छ भने जहाँ सडक, व्यापार, व्यवसाय र कल-कारखाना छैनन्, त्यस भेगका बासिन्दाहरूले के बन्द गरेर आसमक्ष पुऱ्याउलान्– चिन्ताको विषय बनेको छ। किनभने यो सरकार बन्द र हिंसालाई मात्र सम्बोधन गर्न तत्परता देखाउँछ।

उग्र वामपन्थी र अतिवीक लगाउन सक्ने भनी दाबी गर्दै हिँड्ने अनि सरकारमा सधैं चिनीमा कमिलाझैं टाँसिरहने तर सधैं सरकार छाड्न सकिने आशय सुनाएरकाम एमालेले धेरै अघिदेखि गरेको हो। एउटा गुट इतर र अर्को भितर त्यो दलको विशेषता बनेको छ। एउटा गुटले थर्काउने र अर्को गुटले फकाउने उक्त दलको गायत्री मन्त्र बनेको छ। मधेस आन्दोलनको थर्कमानमा फोरमका उपेन्द्र यादवले भनेअनुसार राई र तराई कहिले मिसिने हो- उनैलाई थाहा होला। तराईको ठेक्का लिएको अर्को दल तमलोपाले आन्दोलन गर्ने भनेर सरकारलाई दिएको समर्थन फिर्ता लिई सरकारलाई थर्काइरहेकै छ। यता नेपालमा लोकतन्त्रवादी आफूमात्र भएको दाबी गर्ने नेपाली कांग्रेसका नेताहरूले वामपन्थीका कारणले नेपालमा विदेशी सहयोग नआउने भन्दै जनतालाई थर्काउन छाडेका छैनन्। आफ्नो दल मजबुत नभए नेपालको लोकतन्त्र समाप्त हुन्छ भनी सोच्ने कांग्रेसले बुझ्नुपर्ने कुरा के छ भने लोकतन्त्र सधैं कांग्रेस बलियो भएकै अवस्थामा मासिएको थियो।

पार्टीभित्रको हार्डलाइनरहरूलाई बाहिर देखाउने दाँत बनाई अरू सबैलाई थर्काउने विषय अब पुरानो भैसक्यो। 'हतारमा बिहे गर्ने र फुर्सदमा पछुताउने' भनेझैं भटाभट नियम, ऐन-कानुनविपरीत नियुक्ति, सरुवा, बढुवा, घटुवा र खोसुवाका कारणले सरकार सधैं न्यायलयबाट निराश हुनुपरेको छ। नेताहरूको 'सानैदेखि लागेको बानी' ले गर्दा न्याय क्षेत्र पनि त्रसित छ। जाबो अपरिचित व्यक्तिबाट फोनमा आएको धम्कीले त तनाव बढाउँछ भने यहाँ सरकारका मन्त्रीहरू खुलेआम धम्कीको भाषामा थर्काउन लागिपरेका छन्। त्यसैले सबैले 'तैं चुप मै चुप' हुनुपरेको छ। यति हुँदाहुँदै पनि यो थर्काउने सिद्धान्तले शोषित र पीडितहरूलाई केही मात्रामा भए पनि आवाज र ऊर्जा प्रदान गरेको पक्कै हो तर जब आमनेपाली जनता यो थर्काउने शैलीबाट वाक्क भएर प्रतिकार गर्न उठ्न र जुट्न थाल्छ तब यिनीहरूसँग बाँच्नका लागि अपराधको बाटो समात्नुसिवाय कुनै विकल्प रहनेछैन, जुन हिंजोआज टड्कारो देखिन थालेको छ।


Worldwide Valid Certificate
होटल तालिम
SLC दिएकाहरुलाई हरेकमा २००/- छुट।
कुक १ १/२ महिना रू. २७००/-
कुक ३ महिना रू. ३७००/-
वेटर र बारमेन रू. १३००/-
१. 5 star होटलका सेफद्वारा सञ्चालित।
२. थप तालिमको लागि 5 star होटलमा पठाइने।
३. तालिमपछि दुबई, बहराइन, कतार पठाइने।
४. Abroad Study मा जानेलाई job को लागि चाँडै अवसर मिल्ने होटल तालिम लिनुहोस्।
माउण्टेन होटल ट्रेनिङ्ग सेन्टर
चावहिल, गोपीकृष्ण हलको पूर्व गेट संगै
Ph:016212336,9841812055

होटल तालिम
होटल खुम्जुङ्गमा
छिटो अनि राम्रोसँग Five Star लेबलका Chief हरुद्वारा सिकाइने कुक-वेटर, हाउस किपिङ्ग, फ्रन्ट-अफिस, बार म्यान, बेकरी, तथा नेपाली र अंग्रेजी भाषाका कक्षाहरु पनि सञ्चालन गरिदैछ
भर्ना धमाधम लिइदैछ।
होटल खुम्जुङ्ग ट्रेनिङ सेन्टर
महराजगंज, नारायणगोपाल चोकबाट ३ मिनेट पूर्व, भाटभटेनि सुपर स्टोर नजिकै चावहिल जाने रिङ्गरोड
४३७२१९४, ४३७३४११

३ महिनामा ४" उचाइ बढाउने
◆ केश झर्न तुरन्तै रोकी उमार्ने
◆ १ महिनामा चाहेजती ब्रेष्ट बढाउन र घटाउन
◆ जस्तो सुकै उमेर अनुसार चाउरीपन हटाउन
◆ तीलकोठी, डण्डीफोर, चायापोतोको लागि
◆ १ महिनामा ६ देखि १० किलो मोटोपन घटाउन
◆ प्रेशर, सुगर, ढाड दुखाईको लागि (आयुर्वेदिक उपचार)
◆ ग्याष्ट्रिक, दम, बाथको समस्याको लागि (आयुर्वेदिक उपचार)
नेचुरल हेल्थ केयर
ललितपुर, लगनखेल पाटन हस्पीटल अगाडी
Tel :01-5550195
Mo:9841556532
शाखा कार्यालय बनेपा 011- 660924

प्राईभेट
Test/SLC
■ भर्खरै 9 तथा Test फेलभएका
■ 8,9,Test पास भएका /जागिरे/उमेर नाघेका र अध्ययन निरन्तर गर्न चाहने सबै बिधार्थीहरुलाई समेटने गरी
दश कक्षामा भर्ना खुल्यो
● जि.शि.का. र EIA बाट सम्बर्धन प्राप्त
● पुस्तकालय र होस्टेलको ब्यवस्था
● अंग्रेजी र नेपाली दुवै माध्यममा पढाइने
100% Result Since 2004....
सिमित सिटमा फारम बितरण तथा भर्ना प्रकृया धमाधम भइरहेको छ
सम्पर्क
कोलम्बिया एकेडेमी
नयाँ बानेश्वर, संखमुलझर्ने ओरालोको मुखैमा (कोलम्बस कलेजको ठिक अगाडी)
फोन नं. 4781061,9841387697

के तपाई रोजगारीको खोजीमा हुनुहुन्छ ?
युवा स्वरोजगारमा आश्चर्यजनक सफलता
नेपालमा पहिलो उद्यमशीलता तालिम
परीक्षा दिएर बसेकाहरुलाई विशेष छुट
DIGITAL VIDEO-EDITING & ANIMATION
फोटोग्राफी भिडियोग्राफी
नेपालको नं. 1 Study Center (CTEVT द्वारा सम्बन्धनप्राप्त)
KANTIPUR PHOTOGRAPHY VIDEOGRAPHY INSTITUTE
पुतलीसडक चोक, काठमाडौं, फोन : ४४४३३१९, ९८४१-३२२७७७

ANCHORING, BANK TRAINING
विगत सात वर्षदेखि (RJ / VJ) No. 1 रहदै आएको यस मुनामदन फिल्म स्टारकल्चर प्रा.लि.ले RJ / VJ का नयाँ कक्षाहरू सञ्चालन गरिरहेको छ।
हाम्रा विशेषताहरू:- ★ मुभी क्यामरा र डिजिटल स्टुडियो भएको। ★ चर्चित सञ्चार कर्मिहरुद्वारा प्रशिक्षण गराईने। ★ उत्कृष्ट हुनेलाई मिडियामा अवसर प्रदान गरिने।
साथै अभिनय, नृत्य, बैंकिङ्ग ट्रेनिङ्ग कक्षाहरु र Japanese भाषा शिक्षणका कक्षाहरु पनि सञ्चालन भइरहेका छन्।
सम्पर्क:- मुनामदन फिल्म स्टार कल्चर प्रा. लि., भक्तपुर बसपार्कको अगाडि रेडक्रस विल्डिङ्गको दोस्रो तल्ला, बागबजार, फोन: ९८४१२७९६९८, ९८४१९६९७५३, ९८४१५८५०४९

होटल तालीम
छुटमा
★Cook ★Waiter ★Bakery
★Housekeeping ★Front Office
★Bartender ★Coffee making ★Hotel Mgmt
★F & B Mgmt ★Airlines Ticketing
★Tour & Travel Mgmt ★Care giver
International Air Fares & Ticketing with Abacus, Amadeus, Galileo
(International Certificate)
ओरिएण्टल हस्पिटालिटी (होटल) एण्ड टुरिजम ट्रेनिङ्ग सेन्टर प्रा. लि.
नयाँ बानेश्वर (एभरेष्ट होटलसंगै)
फोन नं: ४४९३८०१, २०८२७३१
(बिहान ७:०० देखि बेलुका ७:०० सम्म)

ग्लोवलको तालिम 5★ मा
★Hotel Mgmt. Basic/Adv.
★F&B Mgmt. Basic/Adv
★Bartender Mgmt. Basic/adv
★Culinary Arts Mgmt. (Cook) Basic/Adv
★F & B Service Mgmt (Waiter) Basic/Adv
★Bakery Pastery Mgmt. / Ice / veg carving
★Front Office/House Keeping Mgmt.
आउनुहोस्, हेर्नुहोस्, बुझ्नुहोस्
Learn & Earn Package
Contact
Global Institute of Hotel Mgmt & Tourism Technical Center P. Ltd
Min Bhawan, Santinagar Gate (Next to the Petrol Pump)
☎4484098,2134544


कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : कान्तिपुर कम्प्लेक्स, सुविधानगर, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ४४८०१००, फ्याक्स : ९७७-१-४४७०१७८, email:saptahik@kantipur.com.np
दर्ता नं. ९९/०५१/५२, सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित। अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **स्वस्तिका सिरोहिया** तथा **रामेश्वर थापा**, सम्पादक : **सुवास ढकाल**।